लेखापरीक्षण प्रतिवेदन

अर्जुनधारा नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

अर्जुनधारा नगरपालिका, झापा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/48

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
झापा।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३१ करोड १ लाख २ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५९ लाख ४५ हजार, पर्यटन पुर्वाधार विकास आयोजनाको रु.१२ लाख ८१ हजार समेत गरी रु.३१ करोड ७३ लाख २८ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.२ अर्व ३१ करोड ७३ लाख, २९ हजार लेखापरीक्षण गरिएकोमा रू.६ करोड ९० लाख ३४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.५३ लाख १५ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.१ करोड ५ लाख ६१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६९ लाख ४३ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ३८ लाख ५४ हजार र पेश्की बाँकी रु.२३ लाख ६२ हजार रहेको छ। गत वर्षसम्मको बेरुजू मध्ये फर्स्यौट भई रु.६५ करोड ८० लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.७२ करोड १७ लाख ९४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने अर्जुनधारा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी अर्जुनधारा नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
११९	२९७	६९०३४०६०	०	४३	५३१४९२१	०	११९	२५४	६३७१९१३९	१०५६०९१६	३३८५३५८१	१६९४२६४२	०	०	५०७९६२२३	२३६२०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	६५९१४६०००		१०७१३२१	६५८०७४६७९		६३७१९१३९	७२१७९३८१८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	५३	अग्रीम कर	४,३९६
२	२०७९/८०	७३	पूर्व निर्धारित क्षतिपूर्ति	८,५५,०८७
३	२०७९/८०	८२	पि.एस. आइटम	५०,०००
४	२०७९/८०	५०	नापी किताब	८१,०८८
५	२०७९/८०	५१	कार्यपालिका तथा नगरसभा बैठकः	८०,७५०
६	२०८०/८१	१२७	बढी भुक्तानी	१६,६६०

७	२०८०/८१	५८	प्राविधिक मूल्याङ्कन	२९,५८,८९८
८	२०८०/८१	११	पेश्की वाँकी	१६,११,५५८
९	२०८०/८१	१२६	नपाउने बैठक भत्ता	६३,७५०
१०	२०८०/८१	१३८	नपनउने खर्च	५,०००
११	२०८०/८१	८१	खरिद तथा दाखिला	६८,०००
१२	२०८०/८१	१७७	अग्रिम कर कट्टी	१५,०५०
१३	२०८०/८१	१२१	अग्रिम कर	५३,०५५
१४	२०८०/८१	१७५	अग्रिम आयकर	५,७००
१५	२०८०/८१	११७	वितरण भरपाई	२,८१,९३०
१६	२०८०/८१	१२७	विजुली महशुल	२७,५२६
१७	२०८०/८१	१६६	विगतको वक्यौता भाडा तथा राजस्व असुली	०
१८	२०८०/८१	१२४	रेविज भ्याक्सिन कार्यक्रम	९,३५०
१९	२०८०/८१	१३४	राजस्व सङ्कलन	७३,६९०
२०	२०८०/८१	१३६	हाजिरि प्रमाणित नपाईएको भुक्तानी	१,२४,७५४
जम्मा				६३,८६,२४२

(८०११२४०१३०० - अर्जुनधारा नगरपालिका, झापा)

परिचय

१

(क) कार्यालय परिचय :स्थानीयशासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणीर न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्वर समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शितासुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा वडा संख्या ११ वटा, सभा सदस्य संख्या ६० जना, क्षेत्रफल१०९.८६ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या ८४ हजार ०१८ जनारहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।१७ देखि २०८१।०९।२४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.२३१७३२९००४.६० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा प्रदेश संचित कोष दाखिला गर्नुपर्ने रकम रु. १६४७०८६४।०६ दाखिला प्रमाण पेश भएको छ ।

महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०८१ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी पालिकाको आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। स्रेस्ताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। स्रेस्ताको जोडजम्मा तर्फ कार्यालयले गरेको जोडजम्मालाई आधार लिइएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छन ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकालाई स्थानीय सरकारको कोषको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को प्रमाणित विवरण माग गरिएकोमा प्रमाणित वित्तिय प्रतिवेदन पेश नभएकाले सुत्र प्रणालीको प्रतिवेदन संलग्न गरिएको छ । यस सम्बन्धमा निम्नअनुसार देखिएको छः

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	१८,६४,२१,६५७.१९	०	१८,६४,२१,६५७.१९	१५,३४,५७,८६२.०५	०	१५,३४,५७,८६२.०
१३०००	अनुदान	५०,९३,४४,२०२.७२	०	५०,९३,४४,२०२.७२	५७,२३,६४,७८८.८३	०	५७,२३,६४,७८८.८
१४०००	अन्य राजस्व	७,२५,८५,४३९.६९	०	७,२५,८५,४३९.६९	८,९६,६३,६१६.८२	०	८,९६,६३,६१६.८२
१५०००	विविध प्राप्ति	७०,५५०.००	०	७०,५५०.००	०	०	०
क	**कुल जम्मा प्राप्ति**	७६,८४,२१,८४९.६०		७६,८४,२१,८४९.६०	८१,५४,८६,२६७.७०		८१,५४,८६,२६७.७
३	चालु	४८,०३,४९,८३३.९०	०	४८,०३,४९,८३३.९०	४७,६१,०४,७३८.३९	०	४७,६१,०४,७३८.३
२१०००	पारिश्रमिक / सुविधा	८,१८,९७,४८३.३८	०	८,१८,९७,४८३.३८	१०,५१,१७,९४७.५५	०	१०,५१,१७,९४७.५
२२०००	मालसामान तथा सेवाको उपयोग	१६,४९,६४,७०५.९१	०	१६,४९,६४,७०५.९१	१६,५४,३०,०९९.९१	०	१६,५४,३०,०९९.९
२५०००	सहायता (Subsidy)	२,१६,१८,९२७.९३	०	२,१६,१८,९२७.९३	१६,४२,३४५.००	०	१६,४२,३४५.००
२६०००	अनुदान	१९,७७,६७,३०७.६८	०	१९,७७,६७,३०७.६८	१८,२५,३१,८७९.९३	०	१८,२५,३१,८७९.९
२७०००	सामाजिक सुरक्षा	१,१७,१५,४५९.००	०	१,१७,१५,४५९.००	१,६६,७६,९९६.००	०	१,६६,७६,९९६.०
२८०००	अन्य खर्च	२३,८५,९५०.००	०	२३,८५,९५०.००	४७,०५,४७०.००	०	४७,०५,४७०.००
४	पूंजीगत	३२,२३,८६,०६७.११	०	३२,२३,८६,०६७.११	३८,६१,११,९२१.५०	०	३८,६१,११,९२१.५
३१११०	भवन तथा संरचना	२,८१,१५,१९०.४१	०	२,८१,१५,१९०.४१	३,८९,१७,०८९.३७	०	३,८९,१७,०८९.३७
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	९५,८३,२५३.९९	०	९५,८३,२५३.९९	१,३४,६९,९६४.००	०	१,३४,६९,९६४.०
३११३०	अन्य पूँजीगत खर्च	५,१०,३५३.००	०	५,१०,३५३.००	०	०	०
३११४०	सुरक्षा उपकरण	२,९९,२२४.००	०	२,९९,२२४.००	६,४१,०७४.००	०	६,४१,०७४.००
३११५०	सार्वजनिक निर्माण	१८,१४,८६,११८.५५	०	१८,१४,८६,११८.५५	२९,१३,३५,८३५.१३	०	२९,१३,३५,८३५.१

३११६०	निर्मितसरचनाको सुधार खर्च	३३,८१,६३२.००	०	३३,८१,६३२.००	१५,८४,०००.००	०	१५,८४,०००.००
३११७०	पूँजीगत सुधार खर्च	९,९०,१०,२९५.१६	०	९,९०,१०,२९५.१६	४,०१,६३,९५९.००	०	४,०१,६३,९५९.०
५	वित्तीय	७५,००,०००.००	०	७५,००,०००.००	३०,००,०००.००	०	३०,००,०००.००
३२१५१	संस्थानमा शेयर लगानी	२५,००,०००.००	०	२५,००,०००.००	०	०	०
३२१५२	अन्य संस्थामा शेयर लगानी	०	०	०	३०,००,०००.००	०	३०,००,०००.००
३२१५७	संस्थानमा शेयर लगानी बिक्री	५०,००,०००.००	०	५०,००,०००.००	०	०	०
ख)	**कुल जम्मा भुक्तानी**	८१,०२,३५,९०१.०१		८१,०२,३५,९०१.०१	८६,५२,१६,६५९.८९		८६,५२,१६,६५९.८
ग)	**बचत /कमी (ग = क-ख)**	(४,१८,१४,०५१.४१)		(४,१८,१४,०५१.४१)	(४,९७,३०,३९२.१९)		(४,९७,३०,३९२.१
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)**	(४,९५,२९,७५६.५७)		(४,९५,२९,७५६.५७)	१,९२,६१,५१७.४५		१,९२,६१,५१७.४५
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**						
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	(९,१३,४३,८०७.९८)		(९,१३,४३,८०७.९८)	(३,०४,६८,८७४.७४)		(३,०४,६८,८७४.७
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	१९,९३,८७,१८९.२४		१९,९३,८७,१८९.२४	२२,९८,५६,०६३.९८		२२,९८,५६,०६३.९
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**						
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	१०,८०,४३,३८१.२६		१०,८०,४३,३८१.२६	१९,९३,८७,१८९.२४		१९,९३,८७,१८९.२

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको एकिकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३१,०१,०२,१६४।०० र पर्यटन पुर्वाधार विकास आयोजनाको रु.१२,८०,८७७।०० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५९,४४,८०४।८० समेत गरी रु.३१,७३,२७,८४५।८० सुत्रको अनुसूचीमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको एकिकृत वित्तिय प्रतिवेदनले (म.ले.प.फा.नं २७०) आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु. १२,०४,१०,३२२.३० देखिएको छ। तथापी पालिकाले तयार गरेको वित्तिय प्रतिवेदनमा रु१०,८०,४३,३८१.२६ मात्र मौज्दात रकम देखिएको छ । यसवाट सोही प्रणालिमा वित्तिय प्रतिवेदन तथा वैङ्क मौज्दात विवरणमा रु १,८५,६६,९४०।७४ मौज्दात फरक देखिएको छ ।यस सम्वन्धमा पालिकाले कुनै खुलासा गरेको छैन । उक्त फरक मौज्दात सम्वन्धमा एकिन गर्नुपर्दछ ।

बैंकको नाम	खाता नं	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु.	बैंक अनुसार बाकी रु.
एन आई सि एशिया बैंक लि.	९२०५०५११२५८०१७	ग२.७, विविध खर्च खाता	९,५७,३९३.६५	९,५७,३९३.६५
एन आई सि एशिया बैंक लि.	९२०५०५११२५८०१८	ग३.१, स्थानीय तह धरौटी खाता	२,२९,५८,६८८.५३	२,२९,५८,६८८.५३
एन आई सि एशिया बैंक लि.	९२०५०५११२५८०१९	ग४.१, स्थानीय तह सञ्चित कोष खाता	४,६२,७३,८४२.७९	४,६२,७३,८४२.७९
एन आई सि एशिया बैंक लि.	९२०५०५११२५८०२०	ग५.१, स्थानीय तह विविध कोष खाता	९४,८९,१७२.००	९४,८९,१७२.००
एन आई सि एशिया बैंक लि.	९२०५०५११२५८०२१	ग६.१, स्थानीय तह विभाज्य कोष खाता	२,१७,६६,१८६.०४	२,१७,६६,१८६.०४
एन आई सि एशिया बैंक लि.	९२०५०५११२५८०२२	ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१,८९,६५,०३९.२९	१,८९,६५,०३९.२९
जम्मा			१२,०४,१०,३२२.३०	१२,०४,१०,३२२.३०

५ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची -२ मा फिर्ता गर्नुपर्ने संघिय अनुदान रु.२,६६,४३,५१९।०६ तथा प्रदेश अनुदान रु. २५,९५,२४४।४५ रहेको देखिएकोमा उक्त रकम मिति २०८१।३।३० मा फिर्ता गरेको निकासा घटाएको देखिन्छ ।

६ **जिम्मेवारी**

पालिकाले गत वर्षमा अन्तिम मौज्दात रहेको रकमलाई यस वर्ष जिम्मेवारी सार्नुपर्दछ ।यस पालिकाले सुत्र प्रणाली मार्फत तयार गरेको स्थानीय सरकारको एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) को परीक्षण गर्दा गत वर्षको मौज्दात र यो वर्षको जिम्मेवारीमा

समान रु.२०,३८,८७,१८९.२४ देखिएको छ। पालिकाले तयार गरेको वित्तिय प्रतिवेदन वमोजिम गत वर्षको मौज्दात तथा जिम्मेवारी रकम समान भएको देखिएता पनी विगत वर्षको वास्तविक अन्तिम मौज्दात रु.२०,६६,७२,१८९।२४ रहेको देखिन्छ । वित्तिय प्रतिवेदनमा समेत गत वर्षको मौज्दातमा फरक देखिनुको कारण वित्तिय प्रतिवेदनमा खुलासा गरेको छैन ।पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२०६६७२१८९।२४ मौज्दात रहेकोमा यो वर्ष रु.२०,३८,८७,१८९.२४ जिम्मेवारी सारेको छ। जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २७८५००० कमी जिम्मेवारी सारेको हुदाँ पालिकाले कमी जिम्मेवारी सारिएको रकम यकिन गर्नुपर्ने देखिन्छ ।

७ **लेखाप्रणालीको प्रयोग**

सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । पालिकाले हाल दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएकोमा प्रयोग भएका दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वियन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

८ **कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली,२०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरण समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नु पर्दछ । साथै भौतिक र वित्तीय प्रगति विवरण समिक्षा गर्नु पर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सवैभन्दा कम २.३० प्रतिशत र सामाजिक विकास तर्फ सवैभन्दा वढी ४१.२३ प्रतिशत खर्च भएको देखिन्छ। सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा विनियोजन भएको कुल वजेट रु.३ करोड ३२ लाख ९६ हजार मध्ये रु १ करोड ८६ लाख ४३ हजार मात्र खर्च भै ५६ प्रतिशत मात्र खर्च भएको देखिन्छ । क्षेत्रगत सन्तुलन कायम गरी बजेट व्यवस्थापन र खर्च गर्नुपर्दछ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	१०९२१६११०.	९११८९७०३.१४	८३.४९	११.२५
२	सामाजिक विकास	३७६७३१६२३.	३३४०६५७८५.६४	८८.६७	४१.२३
३	पूर्वाधार विकास	२६०८८६६६१.	२१६२८००७६.१६	८२.९	२६.६९
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	३३२९६०००.	१८६४३१५८.	५५.९९	२.३
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५८०४४५००.	१५००५७१७८.०७	९४.९५	१८.५२
कुल जम्मा		९३८१७४८९४.	८१०२३५९०१.०१	८६.३६	१००.

११ **पेश्की वाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छयौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छयौट गर्नुपर्ने उल्लेख छ। पालिकाको गतवर्ष तथा यस बर्ष भुक्तानी दिएको पेश्की रु.१,६७.७८००० फस्यौंट गर्न वाँकी रहेको देखिन्छ । नियमानुसार पेश्की रकम फस्यौंट गर्नुपर्ने देखिएको रु...

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	जम्मा	म्याद नाघेको
१	०२/२३/२०८१	१४०२	दाना र डेरी उधोगस्थापना गर्न अध्यन अवलोकन भ्रमण	पदम लाल राई	९००००	९००००
२	०२/२३/२०८१	१४०२	भ्यक्सिन खरिद तथापारिश्रमीक	पदम लाल राई	७३०००	७३०००
३	०३/२१/२०८१	१९०९	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च सुचना प्रबिधी समेत	राजु पोख्रेल	१३५०००	१३५०००
४	०३/२२/२०८१	१९३३	उत्कृष्ट विद्यालय विद्यार्थी पुरस्कार	तोयानाथ रेग्मी	५०००००	५०००००
५	०३/२३/२०८१	१९९२	पदाधिकारी बैठक भत्ता	सौजन कटुवाल	६५०००	६५०००
६	०३/२३/२०८१	१९९२	सभा सञ्चालन खर्च	सौजन कटुवाल	१३५०००	१३५०००
७	०४/०१/२०८०	१	हलुवागढ पर्यापयटन प्रर्वद्धन परियोजना	भगवती निर्माण सेवा	३४५००००	०
८	०४/०१/२०८०	१८	पगला खोलामा कल्भर्ट निर्माण ५० प्रतिशत सहभागीता	अर्जुनधारा कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	२२८०००	०
९	०४/०१/२०८०	१८	नगरस्तरीय समपूरक कोष	भगवति निर्माण सेवा	३००००	०
१०	०२/०३/२०८१	१४	पशु अस्पताल निर्माण	साइमन–नुमा–शेर्पा जे. भी.	१५३६०००	०
११	०२/१४/२०८१	३५१	समपुरक कोष	झापाली – प्रगतिशील जे. भी.	१२७७०००	०
१२	२०८१/०२/२९	४२६	विपन्नआवाश कार्यक्रम	कञ्चन – माईभगवती जे. भी.	१३४७५००	०
१३	०३/०४/२०८१	४४९	विपन्नआवाश कार्यक्रम	कञ्चन – माईभगवती जे. भी.	१३४७५००	०
१४	०३/२१/२०८१	१९११	सार्वजनिक सुनुवाई कार्यक्रम	भिन्न मिडिया एण्ड रिसर्च	५००००	५००००
१५	२०८१/०२/३०	३८	"कालिझोडा सेतीखोला ट्रस वडा नं १० दुधे खोला ट्रस	बुटाबारी देउनिया बांसधुरा खोला झोलुङ्गे पुल नि.उ.स.	८३००००	८३००००
१६	०३/०८/२०८१	४५	"कालिझोडा सेतीखोला ट्रस वडा नं १० दुधे खोला ट्रस	कालीझोडा सेती खोला झोलुङगे पुल उ.स.	२२४०००	२२४०००
१७	०३/१८/२०८१	१८३१	खेलकुद बिकास कार्यक्रम	शुरेष आलेमगर	६००००	६००००
१८	११/१८/२०८०	८०८	स्थानिय पाठ्यक्रम निर्माण	फ्रन्टियर तालिम तथा अनुसन्धान प्रा. लि.	२०००००	२०००००
१९			एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम	काली गण्डकी आदर्श जेभी	१५२०००००	०
			जम्मा		२६७७८०००	२३६२०००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३२७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१,१४१,५०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **१४३,०५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	२३,६२,०००

१२ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उप प्रमुख श्री खड्गमाया पराजुलीले मिति २०८०।३।१० मा रु. ७६ करोड २२ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनमा भएको व्यवस्था वमोजिम वजेट पारीत भएको ७ दिन भित्र अख्तियारी प्रदान गर्नुपर्ने देखिन्छ ।

१३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको जनाएतापनी उक्त समितिको वैठकको माइन्युट लेखापरीक्षणमा माग गरिएकोमा पेश नभएकोले निर्धारीत अवधिमा सिमा निर्धारण भए नभएको साथै कानुनले तोकिएको सिमामा विषयगत शाखा तथा वडालाई सिमा उपलब्ध गराए नगराएको सम्वन्धमा एकिन गर्न सकिएन ।पालिकाले कानुनमा भएको क्षेत्रगत सिमा निर्धारण, प्राथमिकिकरण तथा बजेट तर्जुमा दिग्दर्सन तयार गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिएन । पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **आयोजना बैंक**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वयनमा ल्याएको पाइएन। स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१६ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रमका यार्न्वयन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यो बर्ष पालिकाको रु.३२,२३,८६,०६७.११ पुँजिगत खर्च भएको चौथो त्रैमासिकमा कुल पुँजीगत खर्च मध्ये रु.२१,६६,७१,७३३.६१अर्थात कुल खर्चको ६७.२१ प्रतिशत तथा आषाढ महिनामा मात्र रु.११,५०,९०,८७४.६अर्थात कुल खर्चको ३५.७० प्रतिशत खर्च भएको देखिन्छ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

बजेट शीर्षक उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
कुल पुँजिगत खर्च	३२२३८६०६७.११	१७२०३०२५.७५	१८२८२२२१.९५	७०२२९०८५.८	२१६६७१७३३.६१	११५०९०८७४.६
खर्च प्रतिशत	**१००.**	**५.३४**	**५.६७**	**२१.७८**	**६७.२१**	**३५.७**

१७ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकमा विनियोजन भएको रु.२ करोड १८ लाख १० हजार वजेट घट गरी रु १८,९५,३४,८९४।०० थप रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु.७६,२२,८०,००० को तुलनामा २४.८६ प्रतिशत हुन आउँछ । हिउदे अधिवेशन लगायतवाट वजेट थप भएका कारणवाट घटाएको वजेट भन्दा थप गरेको वजेट वढि भएको पालिकाले जनाएतापनी । ठुलो रकम आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१८ **कोषहरूको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक पालिकाका खाताहरूमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेकको छैन। पालिकाले ऐनको व्यवस्था बमोजिम कोषहरूको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तीको अभिलेख पेश हुनुपर्दछ।

१९ **स्थानीय स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले वि.सं. २०७५ सालमा पालिकाको आवधिक योजना तयार गर्ने क्रममा वस्तुगत विवरण तयार गरेकोबाहेक स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२० **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची -३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।पालिकालाई योजना छनौट र वजेट समेतको विवरण माग गरिएकोमा सो विवरण उपलब्ध भएन । योजना संख्याको आधारमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्मका		**रु. १ लाख देखि ५ लाख सम्मका**		**रु. ५ लाख देखि १० लाख सम्मका**		**रु. १० लाख देखि २० लाख सम्मका**		**रु. २० लाख भन्दा बढीका**	
संख्या	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**
१६		१८७		६९		३९		४५	

उपर्युक्त विवरणअनुसार पालिकाले कुल ३५६ योजनामध्ये २०३ योजनाहरु ५ लाख भन्दा साना र योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये सम्पुर्ण योजनाहरु कार्यान्वियन गरेको विवरण प्राप्त भएको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२१ **खरिद अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२२ **वार्षिक खरिद योजना/ गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत पालिका तर्फ वार्षिक रु.३२,२३,८६,०६७.११ पूँजीगत प्रकृतिको खरिद तथा निर्माण कार्य गरेको छ।पालिकाको नीति तथा कार्यक्रम वमोजिम कतिपय कार्यक्रम बहुवर्षिय प्रकृति समेत रहेको देखिन्छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा सार्वजनिक खरिद ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना तयार नगरी खरिद कार्य गरेको देखियो। अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२३ **कन्टिजेन्सी खर्च**

निर्माण कार्यका लागि निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित लागत अनुमानको २ प्रतिशत वर्क चार्ज स्टाफमा र २ प्रतिशत सानातिना कार्यका लागि खर्च गर्न मिल्ने व्यवस्था छ। कन्टिन्जेन्सी रकम खर्च गर्दा कुन निर्माण कार्यसँग सम्बन्धित खर्च हो सो प्रष्ट हुने गरी योजनागत छुट्टै अभिलेख राखुपर्नेमा कार्यालयले राखे गरेको पाइएन। यसले गर्दा कन्टिन्जेन्सी रकमको सीमा नाघे ननाघेको र

सम्बन्धित खर्च रहे नरहेको यकिन गर्न सकिएन । पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्नेमा यो वर्ष कुल रु.२१,९८,१७५.०० कट्टी गरी कन्टिजेन्सी खर्च चालु प्रकृतिका सुचना प्रकासन, कार्यालय सामान तथा सवारी साधन मर्मत खर्च लगायतका चालु कार्यक्रममा खर्च गरेको छ। उक्त खर्चगर्दा पालिकाले कन्टीजेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरेको छैन। संघ र प्रदेशले जारी गरेका खर्चको मितव्ययिता सम्वन्धि निर्देशिका र कन्टिन्जेन्सी कार्यविधि अनुरुप पालिकाले कार्यविधि तयार गरी कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ।

२४ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) मा उपनियम १४ बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलब, महङ्गी भत्ता र स्थानीय भत्ता ,सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम जस्ता रकम मात्र भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी गर्न पाईने उल्लेख छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) कार्यालय प्रमुख र लेखा प्रमुख तथा पालिका प्रमुखवाट प्रमाणित गरी चालुतर्फ तथा पुँजिगत खर्चवाट गत आर्थिक बर्षमा संचालित देहाय वमोजिमका कार्यक्रममा रु.४०,९०६,२७१.०० वजेट विनियोजन गरी रु.३६,२१७,६८५.४३ भुक्तानी गरेको देखिन्छ। पालिकाले गाँउसभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजनामा एकमुष्ठ वजेट विनियोजन गरी भुक्तानी दिएको भएतापनी चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सोही बर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिदैन। चालु तथा सालवसाली प्रकृतिका खर्चहरु सम्वन्धित वर्षमानै भुक्तानी गर्ने गराउने तर्फ ध्यान जानुपर्दछ ।

सिन	कार्यक्रम खर्च	खर्च शिर्षक	बजेट	खर्च
१६	कर्मचारीको बैठक भत्ता (पदम लाल राइ)	२११३४	७३,५००.००	७३,५००.००
१७	पदाधिकारी बैठक भत्ता वडा समितिहरु	२११४१	६३७०००.	६३७०००.
१८	कार्यक्रम खर्च (माष्टर भिजन इन्फेटेक प्रा ली)	२२५२२	१०००००.	९९,४४०.००
१९	दुग्ध बिबिधी करण कार्यक्रम पशुपक्षि शाखा	२२५२२	७०,०००.००	७०,०००.००
२०	मिर्गोला क्यान्सर पीडीत राहत(बिबरण अनुसार)	२२५२२	३२६००००.	३२६००००.
२१	आइतबारे बजार डी पी आर निर्माण वडा न ३	२२५२२	१००००००.	९९४०००.
२२	वडास्तरीय स्वास्थ्य बिमा कार्यक्रम वडा न ९	२२५२२	२८००००.	०
२३	पशु कृत्रीम गर्भधान भत्ता(कर्मचारिहरु)	२२५२२	२५००००.	२५००००.
२४	खेलकुद (झापा गोल्ड कप)	२२५२२	६०,०००.००	६०,०००.००
२५	राजस्व फिर्ता (ससर्त अनुदान श्रोत बेरुजु खातामा जम्मा गर्न बाकी निकासा फिर्ता छुट रकम)	२८२११	१७५९०००.	१७५९०००.
२६	टिन छाना कार्यक्रम(कमला भुजेल र बाल कुमारी बस्नेत) वडा न ११	३११११	१४,०००.००	१४,०००.००
२७	शशत्र प्रहरी बल बेस क्याम भवन निर्माण वडा न ८	३१११३	५०००००.	४९५०००.
२८	पुष्पलाल बस पार्क कालोपत्रे सडक मर्मत सडक बोर्ड साझेदारी वडा न ६(प्रगती निर्माण सेवा)	३११५१	१६०००००.	१३५९२१४.३५
२९	वडा नं. ६ मा साझेदारी ६०/४० मा पेबर्स लगाउने	३११५१	५०००००.	४९५०००.
३०	मालबाहक सवारी साधनको लिग बैकल्पीक मार्ग स्तरउन्नती वडा न १	३११५१	६०००००.	५९४०००.
३१	सुखानि पुल निर्माण वडा न ३	३११५१	१००००००.	७२७९६२.४
३२	बिधुत बिस्तार वडा न ९	३११५३	२५००००.	०
३३	ट्रान्स्फ्रमर जडान मर्मत (दीपनिसा कन्स्ट्रक्सन कम्पनी)	३११५३	६०१७१६.	६०१७१६.
३४	हाती आतक नियन्त्रण बत्ती जडान वडा न ११	३११५३	१२८०००.	१२८०००.
३५	टाङटिङ सुखानी दोभान तटबन्धन वडा न ३	३११५४	८३८२४०.	८३७५९८.
३६	सुखानी दोभान टाइटीड खोला तटबन्धन वडा न ३	३११५४	१५०००००.	५९४०००.
३७	मसानघाट पश्चीम चेरासे टाइटीड खोलामा तटबन्धन निर्माण वडा न २	३११५४	२००००००.	९५०४००.
३८	तटबन्धन मर्मत (त्रिबेणी चोक सार्की खोला कल्भट नि उ स) वडा न ११	३११५४	४२५७००.	४२५७००.
३९	अधौगीक ग्राम क्षेत्र तटबन्धन निर्माण वडा न २	३११५४	४७५२०००.	४०३६७३८.
४०	तटबन्धन(टाडटीड काली खोला जल उ स) वडा न ४	३११५४	१०,०००.००	०
४१	खोलामा कफरडयाम निर्माण टाङटिङ खोला पुल उत्तर वडा न २	३११५४	२००००००.	१९८००००.
४२	पैनी मर्मत(रुद्र प्रसाद रिमाल) वडा न ४	३११५५	१०,१७०.००	१०,१७०.००
४३	सुब्बा राजपैनी मर्मत वडा न ४	३११५५	८०,०००.००	८०,०००.००

४४	खानेपानी मर्मत (खानेपानीका लागी कलहरु नि उ स वडा न ८)	३११५६	९९,०००.००	९९,०००.००
४५	खानेपानी मर्मत (खुदुनाबारी अर्जुनधारा खानेपानी उ स) वडा न १	३११५६	७९५०००.	७९४०५०.
४६	खानेपानी मर्मत वडा न १०	३११५६	४४५५००.	४४५५००.
४७	खानेपानी मर्मत वडा न १०	३११५६	६३४५००.	६२८११५.
४८	खुदुनावरी बजारमा सार्वजनिक ट्रवाइलेट निर्माण वडा न ३	३११५८	२६०००००.	१९६८०९५.६८
४९	बिहिबारेमा ट्रस लगाउने मर्मत(श्री नवदुर्गा पन्चायतन उ स) वडा न ५	३११५९	३९६०००.	३९६०००.
५०	होडीड बोर्ड ब्यबस्थापन समिति वडा न ५	३११५९	१०००००.	९९,०००.००
५१	प्रगती बाल बिकास केन्द्र मर्मत(खरेल हार्डवेयर) वडा न ९	३११५९	४१,९४५.००	४१,९४५.००
५२	माडहिम भवन मर्मत वडा न १	३११६१	१०००००.	०
५३	खन्याबासी देबीके मन्दीर निर्माण वडा न ११	३११६१	५०,०००.००	०
५४	कज्वे मर्मत(शहीद राजनगीरी मार्गमा कज्वे मर्मत उ स) वडा न ५	३११७१	४०००००.	४०००००.
५५	पेभर्स रोड गत बाकी सबै वडा	३११७१	७००००००.	७००००००.
५६	बाटो मर्मत खर्च वडा न ७	३११७१	४५,०००.००	४५,०००.००
५७	पेभर्स रोड निर्माण वडा न १०	३११७१	१५०००००.	१५०००००.
५८	पल्म निर्माण (लीला बन र लष्मी कुमालको घर छेउ पल्म निर्माण उ स) वडा न ५	३११७१	५०,०००.००	४९,५००.००
५९	योजना जनसहभागीता बापत गतमा जम्मा भएको रकम भूक्तानी दिन बाकी रकम दायित्व	३११७१	२१०००००.	१९७१५४१.
६०	मान ब नेपालको घर पश्चीम उत्तर र दक्षीणका बाटाहरु स्तोरन्नति वडा न ६	३११७१	१५००००.	१४८५००.
६१	पेभर्स रोड निर्माण वडा न ६	३११७१	१०००००.	९९,०००.००
	जम्मा		४०,९०६,२७१.००	३६,२१७,६८५.४३

२५ पेश्की बाँकीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेश्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्र्योट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौंट हुन बाँकी रहेको पेश्की रकम, पेश्की लिनेको नाम थर, स्थायी तथा अस्थायी ठेगाना, सम्पर्क फोन नम्बर मोबाइल नम्बर र इमेल ठेगाना सहित कुन काम वापत पेश्की दिएको हो सो समेत खुलाई अर्को आर्थिक वर्षमा जिम्मेवारी सारी प्रमाणित गर्नु पर्ने उल्लेख छ। पालिकाले आर्थिक बर्ष २०७९।८० को अन्त्यमा कुल रु१,१२,५४,९३६ रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा जिम्मेवारी सार्दा रु.८९,७४,५५८ मात्र अल्या गरेको देखिएकोले फस्यौंट नभएको पेश्की जिम्मेवारी कम सारेको सम्वन्धमा कार्यालयवाट एकिन गरी असुल फस्यौंट गर्नुपर्ने रु …

प्रमाण पेश नगरेको	२२,८०,३७८

२६ सेवाप्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वियन गर्नु पर्ने देखिन्छ ।

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	३६३३	३६३३
२	घरबाटो सिफारिस	२६१५	२६१५
३	नाता प्रमाणित	१५८७	१५८७
४	जन्म, मृत्यु दर्ता	१९९१	१९९१
५	अन्य	नखुलेको	नखुलेको
७	घरनक्सा पास	नखुलेको	१५०

२७ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ७१ को २ मा वजेट पेश तथा पारित गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण माथी छलफल गरी सभाबाट पारित हुने वजेट विनियोजन नगरी एकमुष्ट राख्न मिल्ने देखिदैन यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि योजनगत तथा क्रियाकलापगत वजेट व्यवस्था नगरी एकमुष्ट वजेट राख्न मिल्ने देखिदैन यसमा सुधार हुनु पर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

सि नं	शिर्षक	बजेट रकम	संचालित कार्यक्रम संख्या	खर्च रकम
१	खेलकुद विकास कार्यक्रम	४० लाख	२८	२८६५१८०
२	प्रस्तावनामा आधारीत कार्यक्रम	५२ लाख	३०	४८२०४२३।००
३	साझेदारी कोष भवन तर्फ	१ करोड	७	९७,७४,७२१.००
४	साझेदारीकोष सडक पुल	५० लाख	४	५००००००।००
५	जहा अभर त्यहा नगर पुर्वाधार विकास	५० लाख	१८	४३०८२५२।०५

२८ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

२९ **डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाता बाट गराई प्रतिवेदन प्राप्त गरको विवरण

पेश गरेको छ।

क्र सं	नाम कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम	अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत	कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट)
गत वर्षको						
१	१५ सैयाको अस्पताल विस्तृत परियोजना प्रतिवेदन	BRS Engineering	१५०००००	१५०००००	विवरण प्राप्त नभएको	भएको
२	वडा कार्यालयको विस्तृत परियोजना प्रतिवेदन	Satya Engineering Consultancy	५०००००	४९३८१०.००	विवरण प्राप्त नभएको	भएको
यो बर्षको						
१	फुटशल निर्माण विस्तृत परियोजना प्रतिवेदन	युनिक इन्जिनियरिङ	५०००००	४९७२००	विवरण प्राप्त नभएको	भएको
२	पशु अस्पताल विस्तृत परियोजना प्रतिवेदन	सुर्योदय इन्जिनियरिङ	५०००००	४९२११५	विवरण प्राप्त नभएको	भएको
३	आइतबारे वजार विस्तृत परियोजना प्रतिवेदन	सावित्रा इन्जिनियरिङ सर्भिसेज	१००००००	९९४०००	-	भएको

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।पालिकाले गत विगत वर्षमा तयार गरेका डिपिआरको समेत कार्यान्वयन नगरी डिपिआर थप गरेको मनासिव देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्नुपर्दछ।

३० संगठन तथा कर्मचारी व्यवस्थापन

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ६ मा स्थानीय तहमा स्थानीय सरकारी सेवाको संगठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो संगठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा संगठनको दरबन्दी सृजना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा तोकिएको आधार तथा कारण खुलाई सो समितिले कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्ने र कार्यपालिकाको सिफारिसमा गाउँ सभाले दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने र दफा ७ मा दफा ६ बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरुको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा त्यस्तो पद दर्ता गराउनुपर्ने उल्लेख छ । पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम सिफारिस समिति गठन गरी कार्य गरेको देखिएन । उक्त संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणमा हाल कायम रहेको दरबन्दी संख्या, दरबन्दी थप गर्नुपर्ने कारण, थप दरबन्दी संख्या र थप दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरेको देखिएन। पालिकाले उपलब्ध गराएको विवरण अनुसार ९१ जना कर्मचारीको दरबन्दी प्रस्ताव गरेकोमा उक्त प्रस्ताव नगरसभाबाट स्वीकृत गरेको भन्ने जानकारी प्राप्त भएतापनी सभाको निर्णय पेश हुन आएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको, साविकको स्थानीय तहवाट १६ जना गरी कुल ५८ स्थायी पदपुर्ती भएको देखिन्छ १४ पदपूर्ती करारमा पदपूर्ती गरेको र ७ पद रिक्त रहेको देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । सभाबाट स्वीकृत दरबन्दी ऐनको व्यवस्था बमोजिम प्रदेश किताबखानामा समयमै दर्ता गरी रिक्त पदहरु पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

३१ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामकोलागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न् ११ पदमा ८८ जना कर्मचारीहरु करारमा राखि रु.३,३७,८८,२६२.६७ खर्च लेखेको छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवालिन सकिने व्यवस्था गरेको छ।स्थानीय तहले माथि उल्लेखित पदवाहेकको सहायक पाँचौ 3 तथा सहायक चौथो १२ लगायतको विभिन्न ४ पदमा १५ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५३,९४,५५८ भुक्तानी गरेको देखिन्छ। स्थायी पदपुर्ती गर्नुपर्ने पदमा करारमा कर्मचारी राखि भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु...

अनियमित भएको	५३,९४,५५८

३२ प्रशासनिक खर्च

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र राजस्व बाँडफाँडबाट प्राप्त रकम किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ। पालिकाले आफ्नो आन्तरिक आय रु. ५,९७,८१,४६४।८९ प्राप्त गरेको देखिएकोमा प्रशासनिक खर्च वापत रु. १४,०८,१९,२९०.०७ भएको देखिन्छ। उक्त खर्च आन्तरीक आयको तुलनामा २३५.५५ प्रतिशत गरेको देखिएको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट पुर्ण रुपमा व्यवस्थापन गरेको देखिएन। राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमवाट मुलत सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत उचित व्यवस्थापन गरी मार्गदर्शन बमोजिम प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३३ समानीकरण अनुदान रकमको उपयोग

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन अनुकुल नहुने गरी पालिकाले समानिकरण अनुदानवाट चालु प्रकृतिका कार्यमा रु. ४,५४,८३,०००.०० वजेट विनियोजन गरी रु.३,७२,७७,७३३.८१ खर्च गरेको देखिन्छ । पालिकाले प्राप्त गर्ने समानिकरण अनुदानको रकम पुँजि निर्माण हुने तथा दिर्घकालिन प्रकृतिका खर्चमा विनियोजन गरी खर्च गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३४ अवकाश कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धि कानुन बमोजिम अबकाश हुदा प्राप्त गर्ने योगदानमा आधारीत उपदान वा निवृतभरण, औषधिउपचार लगायतका सुबिधा उपलब्ध गराउन लागी एक अवकाश कोष स्थापना गरीने र सो कोषमा स्थानिय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले एकमुष्ठ रु.१५ लाख वजेट विनियोजन गरेर चालु खर्च खातावाट खर्च लेखी कर्मचारी कल्याण कोषमा जम्मा गरेको देखिन्छ । स्थानिय

तहले आफ्नो दरबन्दीमा कार्यरत कर्मचारीको खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबर रकम थप गरी रकम पठाएको छैन । कोष सञ्चालन सम्बन्धी कानूनी व्यवस्था भएको नदेखिएकोले कानूनको व्यवस्था नगरी अवकास कोषमा जम्मा गरेको देखिन्छ । कानुनी व्यवस्था गरेर मात्र कर्मचारी कल्याण कोषको संचालन गर्नुपर्दछ ।

३५ **आर्थिक सहायता**

मस्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन। पालिकाले यस वर्ष अन्य सामाजिक सहायता तथा सामाजिक सहायता लगायतका पालिका स्तरीय तथा वडागत वजेट निर्माण गरी कुल २७८०००० लाख वजेट विनियोजन गरेकोमा आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी आर्थिक सहायता, हात्ति पिडीत , विपन्न तथा विरामी लगायत गरी विभिन्न न्युनतम रु५००० देखी ५०००० सम्म २३६ जनालाई भुक्तानी गरी रु.२७,१८,७२२. खर्च गरेको छ। पालिकाले यस्तो खर्च गर्दा आन्तरीक आयको हिस्सालाई मध्यनजर गरी कानुन निर्माण गरी एकद्वार प्रणालीमार्फत वितरण गर्ने तथा पालिकाको आन्तरीक आय न्युन रहेको अवस्थामा सहायता खर्चमा मितव्ययिता कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

सिन	कार्यक्रमको विवरण	वजेट	खर्च	सहायता प्राप्त गर्नेको संख्या
१	अन्य सामाजिक सहायता	९,५०,०००.००	९,२७,५००.००	६२
२	अन्य सामाजिक सहायता	५०,०००.००	४९,२१०.००	८
३	अन्य सामाजिक सहायता	८०,०००.००	७८,०००.००	१३
४	अन्य सामाजिक सहायता	१,००,०००.००	९४,८८०.००	१४
५	अन्य सामाजिक सहायता	१,००,०००.००	१,००,०००.००	१७
६	अन्य सामाजिक सहायता	१,५०,०००.००	१,४९,६९७.००	२०
७	अन्य सामाजिक सहायता	३,००,०००.००	२,९८,२२४.००	१८
८	माजिक सहायता चेतना मुलक कार्यक्रम	३,००,०००.००	२,९८,२२४.००	२०
९	अन्य सामाजिक सहायता	१,००,०००.००	१,००,०००.००	१३
१०	अन्य सामाजिक सहायता	२,००,०००.००	१,९९,९८७.००	२०
११	अन्य सामाजिक सहायता	५०,०००.००	५०,०००.००	७
१२	अन्य सामाजिक सहायता	१०००००	१०००००	५
१३	कन्काई आर्यघाटमा दाह संस्कारको लागि सहयोग	१०००००	७३०००	१
१४	सामाजिक तथा आर्थिक सहयोग अनुदान	२०००००	२०००००	१८

३६ **त्रुटि सच्याउने अवधिको अभिलेख**

सार्वजनिक खरिद नियमावलीको नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन

तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

३७ फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन नसकेको, पालिकाले फोहोरमैला व्यवस्थापनसम्बन्धी नीतिको तर्जुमा नभएको देखिन्छ। पालकाले अस्थायीरुपमा खोला किनारामा फोहोरमैला व्यवस्थापन कार्य गर्दै आएकोमा हाल कनकाई नगरपालिका वडा नं. २ स्थित डम्पिङ साइटमा फोहोरमैला व्यवस्थापन हुने गरेको देखिन्छ। पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

३८ शेयर लगानी

अर्जुनधारा, बिर्तामोड र कनकाई नगरपालिकाको साझेदारीमा सञ्चालन भएको कनकाई-विर्ता-अर्जुन नविकरणीय उर्जा साझेदारी कार्यक्रम सहभागी भएको छ। पालिकाहरुबीच भएको त्रिपक्षीय सम्झौताअनुसार यस वर्ष यस पालिकाले शेयर लगानी रु.७५ लाख भुक्तानी गरेको छ भने आर्थिक बर्ष २०७७/ ७८ देखी २०७९।८० सम्म रु.६० लाख भुक्तानी लगानी गरी उक्त कम्पनीमा हाल सम्म पालिकावाट कुल रु.१ करोड ३५ लाख शेयर लगानी भएको छ । पालिकले उक्त संस्थावाट सेयर प्रमाण पत्र प्राप्त गरेको भएतापनी सो कार्यक्रम संचालन भै कार्यान्वयनमा आएको देखिएन। लाभ लागत विश्लेषणको आधारमा शेयर लगानी गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

गोश्वरा भौचर नं मिति	भुक्तानी विवरण	भुक्तानी रकम	कैफियत
४ २०८०।९।२९	कनकाई-विर्ता-अर्जुन नविकरणीय उर्जा शेयर लगानी	२५,००,०००	थप वजेट विनियोजन गरी भुक्तानी
२ २०८०।७।१	कनकाई-विर्ता-अर्जुन नविकरणीय उर्जा शेयर लगानी	५०,००,०००	

३९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वयनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र

भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको पाइएन,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५ -३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

• भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागू नगरेको ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको, परिक्षण प्रतिवेदन पेश भएका कतिपय परीक्षण प्रतिवेदन आपुर्तक गर्ने कम्पनी आफैले गरी उपभोक्ताले संलग्न गरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन । त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन ।

• सडक निर्माण गर्दा कटिङ्गको परिमाण देखिने क्रससेक्सन ड्रोइङ राखि भुक्तानी दिनुपर्नेमा सो नगरेको कारण कटिङ्गको क्षेत्रफल नापीमा राखेको बराबर हो होइन भनी यकिन गर्न नसिकएको ।

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ

शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रूपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• कतिपय गोश्वरा भौचर लगायतका कागजातहरू कार्यालय प्रमुखबाट प्रमाणित भएको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका बिल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको पाईयो।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरूको कार्य विवरण वनाई लागू नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• उपभोक्ता समितिहरू प्यानमा दर्ता भएतापनि विजक जारी गरेको पाइएन,

• अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नु पर्दछ ।

४० आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ। पालिकाको आर्थिक वर्ष २०८०/८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक श्री इन्द्र प्रसाद पौडेलबाट गराएको छ ।तथापी आन्तरिक लेखापरीक्षक वाट चौमासिक लेखापरीक्षण प्रतिवेदन तयार नगरी प्रतिवेदन वार्षिक रुपमा तयार गरेको देखियो। तसर्थ, आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वियन गर्ने तथा कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४१ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण गरेको पाइएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

४२ सामुदायिक वनको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाक्षेत्र वन कार्यालयको अभिलेख वमोजिम ८ वटा सामुदायिक वन रहेकोमा भएतापनि २ वटा सामुदायिक वनको क्षेत्र न्युनमात्र पालिका अन्तरगत रहेको पालिकाले जनाएको छ। पालिका अन्तर्गत ६ सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत गरेको जनाएको छ । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख र सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

४३ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सवै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

४४ सहकारी नियमन र विवरण दाखिला

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र हालसम्म ४६ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् । पालिकाभित्रका दर्ता भएका सहकारी संस्थाहरुमध्ये ३४ वटा सहकारीहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारीहरुको विवरण अद्यावधिक गरेका छन् भने बाँकी विवरण अद्यावधिक गरेका छैनन् । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध भएतापनि सकृय अवस्थामा रहेका छैनन् । पालिकाबाट पेश भएको विवरणअनुसार पालिकामा दर्ता भएको सहकारीहरुमध्ये बचत तथा ऋण सहकारी संस्था १४, बहुउद्देश्यीय सहकारी संस्था ८ र अन्य संस्था २४ रहेका छन् । पालिकाले यस वर्ष केही सहकारीहरुको अनुगमन गरेको तर अनुगमनको प्रतिवेदन तयार गरेको देखिएन । पालिकाबाट दर्ता भएका सहकारीको नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । पालिकाभित्र रहेका सहकारीले समष्टिगत प्रतिवेदन नवुझाएको, मासिक प्रगति नवुझाएको, साधारण सभाको जानकारी नगराएको, र साधारण सभाको प्रतिवेदन समेत पठाएको अवस्था छैन। तसर्थ

पालिकाले विधमान कानुन र सुचना प्रणालि वमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी कारवाही गर्नुपर्ने देखिन्छ ।

४५ **कानुन र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, १८ वटा कार्यविधिलगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाले तर्जुमा गरेको कानुनहरुमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

४६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो बर्ष थप भएको ४९ गरी कूल १३२ विवाद दर्ता भएकोमा ६२ वटा फर्स्योट भई ७० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सि.नं.	उजुरीको प्रकार	गतवर्षसम्मको बाँकी	यस वर्ष थप	जम्मा	यस वर्ष फर्स्योट	फर्स्योट हुन बाँकी	समयमै फर्स्योट नहुनुको कारण
१	विभिन्न	१३	४९	१३२	६२	७०	नखुलेको

४७ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा उक्त प्रतिवेदन म.ले.प. फारम नं.४११ बमोजिम तयार गरेको देखिएन। जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था उल्लेख गरे वमोजिम जिन्सीको उचित मर्मत तथा लिलाम तथा संरक्षण गर्नुपर्दछ ।

• पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जगाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो

विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा रहेका कोष तथा पालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी समानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिलकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा अस्पतालमा हालसम्म Logisitic Management Information system (LMIS) अन्तर्गत जिन्सी दाखिला हुँदै आएकोमा मन्त्रालयद्वारा प्रतिपादित Electronic Logisitic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गर्नुपर्दछ ।

• पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको जनाएको छ । पालिकाको नाममा रहेका सबै घर जग्गाको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०८१/८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु गरेको र PAMS-V2 मा यस अघी PAMS मा दाखिला गरेका खर्च भएर नजाने जिन्सीको मौज्दात मात्र अल्या गर्ने र खर्च भएर जाने जिन्सीको मौज्दात अल्या नगर्ने भएकोले आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा रहेका खर्च भएर जाने जिन्सीको मौज्दात मेनुयल रूपमा जिम्मेवारी सार्नु पर्नेमा मौज्दात रहेका रु.४५,५२,९९७ मुल्यका ३५३४४ थान मालसामान पालिकाले सो गरेको छैन् । गत वर्षको बाँकी मौज्दात चालु वर्षमा जिम्मेवारी सारी प्रयोगको सुनिश्चितता गर्नुपर्दछ ।

४८ **सूचना प्रविधी प्रयोग तथा सुरक्षा**

पालिकाले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी नगरपालिकाको कर संङ्कलन प्रणाली लगायतका सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको देखिएन। प्रयोग हुने सफ्टवेयर संचालन गर्ने कर्मचारी,अनुमतीको प्रमाण तथा डाटा व्याकअपको अवस्था तथा सफ्टवेयरको सुरक्षाका विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनाधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी कोसँग हुने भन्ने किटान नहुने एवं ब्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएकोले तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ। अत: विद्युतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।

४९ **नानामेसी नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६५ बमोजिम फिर्ता पाउने धरौटी नियम ६६ (२) अनुसार १ वर्ष भित्र फिर्ताको लागि निवेदन नगरेमा जिम्मेवार व्यक्तिले नियम ६७ (१) अनुसार ३० दिन भित्र निर्णय गरी राजश्व दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाको धरौटी खातामा जम्मा रहेको रु.२२९५८६८८।५३ यो वर्षको अन्त्य सम्म नाम नामेसी नखुली कार्यालयको नाममा रु.२७२००८१ तथा अर्जुनधारा नपा चालु खर्च खाताको नाममा आम्दानी रहेको रु १५००० समेत रु २७,३५,०८१।०० धरौटी खातामा मौज्दात रहेको देखिन्छ । कार्यलयमा मौज्दातको रुपमा रहेको धरौटी रकम विगत लामो समय

अगावै जम्मा भएको देखिन्छ । नियममा उल्लेखित व्यवस्था अनुसार बाँकी रहनुको कुनै प्रयोजन नखुलेको तथा फिर्ताको लागि निवेदन नगरेको अवस्थामा कार्यालयले उक्त धरौटी सम्बन्धमा एकिन गरि राजश्व दाखिला तथा फिर्ताको कारवाही गर्नु पर्नेमा गरेको नदेखिएकोले यसमा नियमामा भएको व्यवस्था बमोजिम फरफारक गर्नुपर्ने देखिन्छ।

५० **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२)मा विल विजकको भुक्तानीमा कट्टी हुने धरौटी रकम फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ। साथै आन्तरिक राजश्व विभागको मिति २०७१।७।१४ को परिपत्र अनुसार धरौटि फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको पत्र पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष देहाय वमोजिमका निर्माण व्यवसायीको धरौटी रकम फिर्ता गरेकोमा मुल्य अभिवृद्धि कर समायोजन वेगर भुक्तानी गरेको देखियो । पालिकाले उल्लेखित धरौटी फिर्ता गर्दा जमानत रकम राखेर फिर्ता भएको भएतापनी उक्त जमानतको अवधि समेत समाप्त भैसकेको देखिएकाले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु...

गोश्वारा भौचर मिति	निर्माण व्यवसायिको विवरण	धरौटी फिर्ता रकम	कैफियत
१९ २०८०।८।२७	पि एण्ड पि निर्माण सेवा प्राली	२४६८४२	जमानको म्याद समाप्त भएको /मुअकर समायोजन पेश नगरेको
३२ २०८०।११।२४	मा पाथिभरा निर्माण सेवा	१८६८६४	जमानको म्याद समाप्त भएको /मुअकर समायोजन पेश नगरेको
३३ २०८०।११।२४	श्रीकृष्ण निर्माण सेवा	४८५१०४	कुल फिर्ता रु ७०७२४५ भएकोमा रु २२२१४१ को मात्र समायोजन पेश भएको
३४ २०८०।१२।९	दिविशा कन्सट्रक्सन एण्ड इन्जिनियरिङ्ग	५४८८८१	जमानको म्याद समाप्त भएको /मुअकर समायोजन पेश नगरेको
५९ २०८१।३।२४	वस विल्डर्स प्राली	३९०५३९	जमानको म्याद समाप्त भएको /मुअकर समायोजन पेश नगरेको
जम्मा		१८५८२३०	

प्रमाण पेश नगरेको	१५,५८,२३०

५१ **भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वयन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५२ **आयोजना कार्यान्वयन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष नमुना छनौटका आधारमा परीक्षण गर्दा देहायअनुसार उपभोक्ता समिति मार्फत आर्थिक वर्षको अन्त्यमा

सम्पन्न गर्नेगरी सम्झौता गरेको योजनाको कार्य सम्पन्न हुन सकेको देखिएन ।पालिकाले सालवसाली रुपमा सम्झौता गरी उपभोक्ता समिति मार्फत संचालन गरेका आयोजनाहरु सोही वर्षमा सम्पन्न गरी फरफारख गर्नुपर्नेमा सो नगरी चालु आर्थिक वर्षलाई दायित्वको रुपमा जिम्मेवारी सारेको देखिन्छ । यसरी सालवसाली प्रकृतिका निर्माण कार्यहरु सोही वर्षमा सम्पन्न गर्नेगरी सम्झौता गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ भने सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन नसकेको छैन । उपभोक्ता समितिले सम्झौता वमोजिमको समयावधिमा निर्माण कार्य नगर्दा समेत सोही योजनालाई वहुवर्षिय भुक्तानी हुने गरी जिम्मेवारी सार्ने परिपाटिलाई अन्त्य गरी पालिका तथा उपभोक्ता समिति दुवै पक्षले जिम्मेवारीपूर्वक सम्झौताका शर्त पालना गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

क्र.स.	योजनाको नाम	उपभोक्ता समितिको विवरण	सम्झौता रकम	यो वर्ष सम्मको मुल्याङ्कन	वितिय प्रगति %	कैफियत
१	ढल्के पिपल देखी त्रिपुरेश्वर मार्ग स्तरोन्नती	ढल्के पिपल देखी त्रिपुरेश्वर मार्ग स्तरोन्नती उपभोक्ता समिति	१८७०७०९	१३८८५९९	७४।२२	दायित्व सारेको
२	मसानघाट पश्चिम चेरासे टाङ्गटिङ्ग खोला तटवन्धन	मसानघाट पश्चिम चेरासे टाङ्गटिङ्ग खोला तटवन्धन उपभोक्ता समिति	३३०२७११	२३९२३९९	७२।४३	
३	जुपीटर स्कुल जाने वाटोमा प्लम निर्माण	जुपीटर स्कुल जाने वाटोमा प्लम निर्माण उपभोक्ता समिति	११००८६९	५९६३५०	५४।१७	
४	शान्ति मार्ग निर्माण	शान्ति मार्ग निर्माण उपभोक्ता समिति	४०००३१५	१४०४६३१	३५।११	

५३ गाँउविकास समितिको पेश्की वाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्छयौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्छयौट गर्नुपर्ने उल्लेख छ। पालिकाको आन्तरीक लेखापरीक्षण प्रतिवेदन वमोजिम साविकका शनिअर्जुन नगरपालिका तथा साविकको खुदुनावारी गाँउ विकास समिति तर्फ आर्थिक वर्ष २०७३।७४ भन्दा अगाडी विभिन्न व्यक्ति तथा संस्थाको कुल रु ११,७७,६०३ पेश्की हाल सम्म फर्स्यौट गरेको देखिएन । उक्त पेश्की व्याज समेत असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

५४ आयोजनाको खर्च अनुपात

३,२०८०।०६।१२ पालिकाले आयोजनसंग भएको सम्झौता बमोजिम भुक्तानी गर्दा श्रोतगत खर्च अनुपात मिलाई खर्च गर्नुपर्दछ। झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत घिमिरेटोल गाँजाबारी झोलुङ्गे पुल निर्माणको लागि घिमिरेटोल गाँजाबारी झोलुङ्गे पुल निर्माण समितिसंग भएको सम्झौता तथा कार्यपालिकाको मिति २०७८।११।१२ को निर्णय बमोजिम उक्त कार्यको लागि पालिकाले कुल लागतमा १३ प्रतिशत,उपभोक्ता समितिले २ प्रतिशत र संघीय सरकारले ८५ प्रतिशत व्यहोर्नुपर्ने देखिन्छ। उक्त आयोजनामा आ.व.२०७९/८० देखि हालसम्म विभिन्न मिति र गोश्वरा भौचरबाट संघीय सरकारबाट रु.१,१३,७१,१६५।००,पालिकाबाट रु.१०,९०,६११.०० र उपभोक्ताको रु.२,६४,६६५.३१ सहित कुल खर्च रु.१,२७,२६,४४१.०० भएको देखिन्छ। उक्त खर्चको ८५ प्रतिशतले हुने रु. रु.१,०८,१७,४७४।०० मात्र संघीय संञ्चित कोषबाट खर्च गर्नुपर्ने रु.१,१३,७१,१६५।०० खर्च गरेकोले बढी खर्च गरेको रु. ५,५३,६९०.०० संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,५३,६९०

५५ भुक्तानी वाँकीको कच्चावारी वेगर भुक्तानी

२६,२०८०।०६।३० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार

गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार स्थानीय तहमा कार्यरत आन्तरिक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण गरी भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नुपर्दछ। सुखानी पुल निर्माण वडा न.३ ठेक्का न.AM/NCB/WORKS/10-076/077 को निर्माण कार्य मिति २०७९।०३।२४(आ.व.२०७८/०७९) मा सम्पन्न भएकोमा उक्त कार्यको भुक्तानी बाँकी रु.७२७९६२.०० दुई वर्ष पछि आ.व २०८०/०८१ मा गरेको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । पालिकाले सभाद्वारा स्वीकृत बजेटबाट कार्यपालिका निर्णयका आधारमा गत विगतको भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७,२७,९६२

५६ **भेरियसन**

२०,२०८०।०६।१४ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। पालिकाले वडा न.६,१० र ११ को बाटो अन्तरगत बसपार्क जाने सडक पुल्चोक देखि पुष्पलाल र मिलन चोक देखि कालिस्थान सडक मर्मतको लागि गत वर्ष भुक्तानि दिन बाँकी रु.६,२५,५०१.०० र गत वर्ष भेरिएसन गरी यस वर्ष पालिकाको २०८०।०४।१९ को निर्णय बमोजिम रु.७,३३,७१३.३५ सहित रु.१३,५९,२१४.३५(मु अ कर सहित) भुक्तानी गरेको छ । भेरिएसन गर्दा पूर्वानुमान गर्न नसकिने परिस्थितिमा मात्र भेरिएसन गर्नुपर्नेमा सोहि कार्य बढी परिमाणमा गरेको जनाएको छ । यसबाट लागत अनुमानमा यथार्थ परक नदेखिएको तथा पूर्वानुमान गर्न सकिने परिस्थितिमा समेत भेरिएसन गरेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७,३३,७१३

५७ **नभएको कार्यको भुक्तानी**

३०,२०८०।०६।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यो वर्ष सबै वडामा पेभर्स रोड निर्माणमा नापि किताब बमोजिम वडा न.३ मा Subbase work ०+१५८ देखि ०+१६३ मा ५ मिटर लम्बाई मात्र मापन गर्नुपर्नेमा ३० मिटर लम्बाई,६.६ मिटर चौडाइ र ०.१५ मिटर उचाइ अनुसार मापन गर्दा वास्तविक भन्दा २५ मिटर लम्बाइमा Subbase work नभएको तर भुक्तानी भएको (२५*६.६*०.१५) २४.७५ घनमिटरको रु.२४७५०.०० र सोमा मुअ कर रु.३२१७.५० सहित जम्मा रु.२७९६७.५० सरोज निभिल जे.भि.(६१९९२८१५३) बाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२७,९६७

५८ **प्राविधिक मूल्याङ्कन**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२८** को निर्णयले रू **२,९५८,८९८.२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५९ **चुथाई सालवारी खानेपानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ । ११) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराउनुपर्ने, तथा उपनियम (१३) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित सार्वजनिक निकायले छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीवाट दामासाहीले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले चुथाई सालवारी खानेपानी तथा सरसफाई उपभोक्ता समिति सँग कुल २७८६३ मिटर पाइप खन्नेपुर्ने कार्यका लागि मिति २०८०।२।२८ मा सम्झौता गरी खानेपानी कार्यालयबाट संचालित खानेपानी आयोजनाको २७,८६३ मि. पाइप

लाइन खन्ने पुर्ने कार्यको लागि कुल ६,६१७.५६ घ.मि मूल्याङ्कन गरी प्रति घ.मि रु.९९.५८ का दरले हुने रु.१३,२३,२५६।१० को प्राविधिक मुल्यांकन गरेको देखिन्छ । पालिकाले उक्त कार्य गरे बापत उपभोक्ता समितिलाई यो वर्ष गोश्वरा भौचर नं ८ २०८०।५।२७ वाट गतको दायित्व रु ४४५५०० तथा गोश्वारा भौचर नं ५८१ मिति २०८१।३।२० वाट रु.६,२८,११५ तथा उपभोक्ता समितिको नगद सहभागिताको रु.१,२०,००० समेत रु.११,९३,६१५ भुक्तानी गरेको देखिन्छ । उक्त खानेपानी आयोजना खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मार्फत संचालन भएकोमा उक्त आयोजनाको कुल लागत अनुमानमा नगरपालिका बाट सम्झौता गरी भुक्तानी भएको रकम समेत समावेश हुनसक्ने भएकोले खानेपानी कार्यालयसँग समन्वय गरी लागत सहभागिताको आधारमा कार्य गर्न पर्नेमा खन्ने कार्यको मात्र भुक्तानी गरेको देखिन्छ । पाइप लाइन खन्ने कार्यमा खानेपानी कार्यालयबाट मुल्यांकन भए नभएको सम्बन्धमा समेत एकिन नगरेको देखिएकोले खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सँग समन्वय गरी कार्यालयबाट बजेट खर्च लेखिएको सम्बन्धमा एकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु...

प्रमाण पेश नगरेको	१०,७३,६१५

६० रितपूर्वक कर बिजक

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा मू.अ कर दर्ता भएका व्यक्तिले वस्तू तथा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेको बाहेक अनुसूची ५ र ५(क) मा तोकिएको ढाँचामा कर बिजक जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय वमोजिमका निर्माण व्यवसायि तथा आपुर्तकलाई मुअकर समेत भुक्तानी गरेकोमा विजक मा देहाय वमोजिम कैफियत रहेको विजक जारी गरी रु.१४५८१७ अभिवृद्धि कर भुक्तानी भएको छ । भुक्तानी दिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु...

गोश्वरा भौचर मिति	आपुर्तक /निर्माण व्यवसायी	विल रकम	मुअकर रकम	७० प्रतिशत मुअकर रकम	कैफियत
५६६ २०८१।३१९	के के कन्सट्रक्सन एण्ड सप्लायर्स प्राली	४८२६०६	६२७३८	४३९१७	विजक नं नभएको विजकमा कलमले नम्वर ५ लेखेको
६०१ २०८१।३।२२	कन्चन माई भगवती जेभी	१११९७८७	१४५५७२	१०१९००	विजक नं नभएको विजक जारी गरेको
जम्मा				१४५८१७	

प्रमाण पेश नगरेको	१,४५,८१७

६१ राजन गिरी मिलनचोक कालिकास्थान सडक कालोपत्रे

६१.१ पालिकाले यो वर्ष राजन गिरी मिलनचोक कालिकास्थान सडक कालोपत्रे गर्ने कार्यको लागि ठेक्का नं AM/ NCB/works/ २२-२०८०/८१ मार्फत निर्माण व्यवसायी प्रगतिसिल निर्माण सेवासँग रु.९४,२८,६७८।२८ (मूल्य अभिवृद्धी कर समेत) मा मिति २०८१।३।१५ मा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।१२।१८ मा सम्झौता भएको छ ।उक्त निर्माण कार्यमा भेरिएसन मार्फत रु.१,२३,०३,४७८।६२ नयाँ सम्झौता कायम भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

(विस्तृत विवरण बेरूजु दफा ६१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१.२ नर्म्स भन्दा वढीको भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ ।पालिकाले यो वर्ष राजन गिरी मिलनचोक कालिकास्थान सडक कालोपत्रे गर्ने कार्यको लागि रु.९७,१४,३१४।०० को लागत अनुमान तयारी गरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ । उक्त सडक निर्माणका लागि Close Graded Premix Surfacing को कार्यका लागि परिमाण अनुमान (quantity estimate) गर्दा सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (संशोधन समेत) तथा DOR NORMS FOR RATE ANALYSIS को सि.नं.-१३.१० (Close Graded Premix Surfacing/Mixed Seal Surfacing

Mechanical means using HMP of appropriate capacity, Providing and laying close-graded premix surfacing material of 20 mm thickness composed of 11.2 mm to 0.09 mm or 13.2 mm to 0.09 mm aggregates using bitumen as wearing course on a previously prepared base, including mixing in a suitable plant as per Drawing and Technical Specifications) अनुसार प्रिमिक्स कार्पेटिङ्गको मोटाई (Thickness) २० एम.एम राख्नु पर्नेमा ३० एम.एम. राखेको देखिन्छ। प्रचलित नर्म्स भन्दा फरक तवरले Close Graded Premix Surfacing को मोटाई ३० एम एम राख्दा यो वर्षको अन्तिम प्राविधिक मूल्याङ्कन वमोजिम कुल ४५९।९९ घनमिटरको प्रति घनमिटरको रु.२०,३४०(मुअकर समेत) का दरले रु.९३,५६,१९६।६० को मूल्याङ्कन भएको देखिन्छ। निर्माण कार्यको कुल सर्फेस एरिया १५३३३ वर्ग मिटरमा २० एम एम का दरले कुल ३०६।६६ घनमिटर मात्र Premix खपत हुने देखिन्छ ।यसरी प्रचलित नर्म्स भन्दा उक्त सडकमा १५३।३३ घनमिटर वढि Premix प्रयोग हुनेगरी लागत अनुमान तथा प्राविधिक मूल्याङ्कन भएको देखिन्छ । यसरी वढि मोटाई राखी भुक्तानी गर्नुको मनासिव लेखापरीक्षणको क्रममा पेश हुन आएन। यसरी प्रचलित नर्म्स भन्दा वढि व्ययभार गर्नेगरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु...

अनियमित भएको	३१,१८,७३२

६१.३ भेरिएशन: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौताको कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएशन आदेश गर्नु पर्दा निर्माण कार्यको ड्रईङ डिजाईन तथा स्पेशिफिकेशन वदल्नु पर्ने नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण लगायतका विषय खुलाई भेरिएशन स्वीकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उल्लिखित कारण नखुलाई सोही सडकको ४३० मिटर लम्वाई थप गरी कार्यपालिकाको मिति २०८१।२।२९ वाट शूरु सम्झौता भन्दा रु २८,७४,८००।३५ अर्थात ३०.८१ प्रतिशत थप हुनेगरी भेरिएसन स्विकृत गरी सम्झौता रकम रु.१,२३,०३,४७८ कायम गरेको देखिन्छ। पालिकाले सूरु लागत अनुमानमा ०.७० प्रतिशत मात्र घटि दरमा सम्झौता भएको निर्माण कार्य तथा पुर्वानुमान गर्न सकिने सडक निर्माण जस्तो कार्यमा लागत अनुमानकै हाराहारी दरमा भेरिएसन गरी भुक्तानी गरेको नियम सम्मत देखिएन। सम्झौता गर्दाको वखत पुर्वानुमान गर्न सकिने अवस्था भएको र लागत अनुमानकै हाराहारीमा सम्झौता भएको उक्त निर्माणमा सडकको लम्वाई वृद्धि गर्न गरी एको भेरिएसन नियम सम्मत नदेखिएको रु...

विवरण	शुरू परिमाण	लागत अनुमान दर	संशोधित परिमाण	फरक परिमाण	ठेक्का दर	भेरिएशनबाट घटबढ भएको रकम(मुअकर वाहेक)
वेस कोर्स	१५७	२२१६।४४	२८८।३१	१३१।३१	१७००	२२३२२७
ट्याकोट	१०७११।५०	१५१।५७	१२८१९	२१०७।५०	१४५	३०५५८७
प्रिमिक्स सर्फेसिङ्ग	३५७।०५	१७७४०।५०	४७१।४५	११४।४०	१७६१५।८२	२०१५२४९
जम्मा						**२५४४०६३**

अनियमित भएको	२५,४४,०६३

६२ प्रोभिजनल सम

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष ठेक्का नं १२/२०८०/८१ अन्तर्गत महानन्द चोक लक्ष्मीपुर रोडमा आरसिसि ड्रेन निर्माण गर्ने कार्यका लागि निर्माण व्यवसायि झापाली प्रगतिशिल जेभीलाई दोस्रो रनिङ्ग विल सम्मको रु.१,७९,६७,४२७।१६ भुक्तानी गरेकोमा प्रोभिजनल सम अन्तरगत रहेको रिलोकेसन अफ सर्भिसेजको आईटममा विओक्युमा समावेश भएको रु १५,००,००० मध्ये रु १३,२७,४३३।६२ भुक्तानी खर्च भएको

वास्तविक रकमको प्राविधिक मूल्याङ्कनका साथ सक्कल विजक वेगर भुक्तानी गरेको छ । उक्त भुक्तानीको प्राविधिक मूल्याङ्कन सहित सक्कल कर विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	१३,२७,४३३.६२

६३ **नगर प्रमुख आवास कार्यक्रम**

अर्जुनधारा नगरपालिकाले नगरको गौरवको योजनाको रुपमा नगर प्रमुख आवास कार्यक्रम निर्माणका लागि यो वर्ष रु २ करोड वजेट विनियोजन भएको देखिन्छ । पालिकाले यो वर्ष उक्त कार्यक्रमवाट विभिन्न ११ वडाका ५० घरधुरी अति विपन्न नागरीकहरुलाई ३ कोठा तथा सौचालय समेत रहेको घर निर्माण गरी हस्तानतरण गर्ने कार्यक्रम संचालन गरेको देखियो । पालिकाले ५० घर निर्माण गर्ने कार्यका लागि कुल रु.४,४५,२७,३३२।४५(मुअकर समेत)को लागत अनुमान गरी रु ३,०८,६०,१२६।१६ मा निर्माण व्यवसायी कन्चनमाई भगवती निर्माण सेवा जेभी सँग मिति २०८१।९।१५ मा निर्माण सम्पन्न गर्नेगरी मिति २०८१।१।१३ मा सम्झौता भएको देखिन्छ । उक्त निर्माणका लागि यो वर्षको अन्त्य सम्म निर्माण व्यवसायीलाई प्रथम रनिङ्गविल वापत रु.१२,६५,३५९।४२ भुक्तानी भएको देखिन्छ। लेखापरीक्षणको अवधि सम्म ४० वटा घर निर्माणाधिन रहेका र वाँकी १० वटा घरहरु निर्माण शूरु गरेको देखिदैन। लेखापरीक्षणको क्रममा लाभग्राही छनौट सम्बन्धी निर्णय र आधार माग गरी एकोमा पेश भएको छैन। यस्तो कार्यक्रम संचालन गर्दा राज्यको विभिन्न तहवाट संचालन हुने सहयता तथा कार्यक्रममा दोहोरो नपर्ने तथा लाभग्राही छनौट गर्दा वैज्ञानिक र वस्तुनिष्ठ आधारम छनौट गर्ने तथा यस्तो कार्यक्रमको दिगोपना र निरन्तरतामा लगायतका विषयको आधार तय गरी कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । साथै निर्माणाधिन कार्यको प्रगति न्यून भएकाले कार्य तालिका वमोजिम समयमै निर्माण सम्पन्न गर्ने गराउने तर्फ पालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ ।

६४ **प्रदेश समपुरक**

कोशी प्रदेश सरकारद्वारा जारी प्रदेश सरकार समपुरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ को बुँदा नं ४ मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुन सक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा ६५ प्रतिशतसम्म रकम प्रदेश समपुरक अनुदानका रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ। तर पालिकाले प्रदेश सरकारको समपुरक अनुदानमा निर्माण सम्पन्न भएका निम्नानुसारका दुईवटा आयोजनामा पालिकाले प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च गर्दा कार्यविधिले तोकेको सीमाभन्दा बढी खर्च गरेको पाइएकोले बढी खर्च गरेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने देखिएको रु..

क्रम संख्या	योजनाको नाम	अन्तिम मूल्यांकन	प्रदेश अनुदानको खर्च रकम रु.	खर्च लेख्न मिल्ने रकम रु.	बढी खर्च लेखेको रकम रु.
१	हजारे बाघ तिनपैनी नयाँ वसपार्क ड्रेन निर्माण	५०,३३,०५१.८२	४३,०३,०९६.००	३२,७१,४८४.००	१०,३१,६१२.००
२	विरिङ्ग पुल झेलेनी हुँदै(इलाका सडक) त्रिपुरेश्वर जाने सडक कालोपत्रे वडा नं १ र २	९४,००,०१९.००	६३,०१,५५०.००	६१,१०,०७७.००	१,९१,४७३.००
जम्मा			**१,०६,०४,६४६.००**	**९३,८१,५६१.००**	**१२,२३,०८५.००**

प्रमाण पेश नगरेको	१२,२३,०८५

६५ **१५ शैय्या अस्पताल निर्माण**

६५.१ नगरपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको अर्जुनधारा अस्पताल निर्माणका लागि ठेक्का नं AM/NCB/WORKS/14-2078/79 मार्फत निर्माण व्यवसायी कालिगण्डकी आदर्श जेभी सँग रु.१७३११६०८१।९९ (मूल्य अभिवृद्धी कर समेत) मा २४ महिना भित्रमा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।३।१९ मा सम्झौता भएको छ ।उक्त निर्माण कार्यमा यो गत वर्षको अन्त्य सम्म प्रथम रनिङ्ग विल सम्म रु.१,९८,३७,७४६।३८ (मूल्य समायोजन समेत) भुक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

६५.२

कार्य प्रगति : सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८१।३।२० मा सम्पन्न गर्नुपर्नेमा सो समयावधिमा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्न सकेको देखिएन । पालिकाले निर्माण व्यवसायिले गरेको मागको आधारमा कार्यपालिकाको मिति २०८१।५।४ को निर्णय अनुसार २०८१।१२।३० सम्म म्याद थप भएको देखिन्छ। निर्माण व्यवसायिले आर्थिक वर्ष २०७९।८० को अन्त्यमा प्रथम रनिङ्ग विलको १,९८,३७,७४६।३८ (मूल्य समायोजन समेत) मूल्याङ्कन भएको देखिन्छ । निर्माण व्यवसायिले सुरु सम्झौताको अवधिमा करिव ४० /१० प्रतिशत मात्र भौतिक तथा वित्तिय प्रगति भएको देखिन्छ। पालिकाले उक्त निर्माण व्यवसायिलाई तोकिएको समयावधिमा कार्य सम्पन्न पत्रचार समेत गरेको देखिन्छ तथापी निर्माण कार्यको प्रगति कमजोर रहेको देखिन्छ । हालको प्रगतिका आधारमा उक्त निर्माण कार्य म्याद थप भएको अवधिमा समेत सम्पन्न हुने अवस्था देखिदैन । पालिकाले निर्माण कार्यको म्याद थप गर्दा प्रचलित खरिद कानुन वमोजिमको प्रविधिक पुस्ट्याइ तथा आधार नखुलाई प्रशासनिक राय तथा टिप्पणी वेगर सोजै कार्यपालिकावाट म्याद समाप्त भएको ९ महिना पछि म्याद थपको निर्णय गरेको कानुन सम्मत देखिएन । उक्त निर्माण कार्य गरी यो वर्ष कुनैपनी भुक्तानी भएको छैन ।खरिद कानुन वमोजिम सम्झौताको अवधि भित्रै म्याद थप सम्बन्धी निर्णय गर्ने तथा निर्माण व्यवसायीलाई समेत थप जिम्मेवार वनाई म्याद थप भएको अवधि भित्र निर्माण कार्य सम्पन्न गरी अस्पतालवाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

६५.३ मोविलाईजेशन : गाँउपालिकाले एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम अन्तरगत १५ शैय्याको अर्जुनधारा अस्पताल निर्माणका लागि ठेक्का नं AM/NCB/WORKS/14-2078/79 मार्फत निर्माण व्यवसायी कालिगण्डकी आदर्श जेभी सँग भएको सम्झौताको वुँदा नं ५७.३ मा निर्माण व्यवसायीलाई प्रदान गरी एको मोविलाईजेशन पेश्की रकम सम्झौता रकमको ३० प्रतिशत भुक्तानी पश्चात् प्रत्येक विलवाट २० प्रतिशतका दरले कट्टा गर्नुपर्ने र सम्झौता वमोजिमको ८० प्रतिशत सम्झौताको अवधि समाप्त हुदासम्म सम्पुर्ण पेश्की रकम फर्स्यौट गरी सक्नुपर्ने व्यवस्था छ । सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीलाई भुक्तानी गरेको मोविलाईजेश पेश्की रु १७३००००० सम्झौता शुरु सम्झौता अवधि भित्र रु २१००००० कट्टी भै रु १५२००००० वाँकी रहेको देखिन्छ । सम्झौताको शर्त वमोजिम उक्त पेश्की रकम सम्झौता अवधिको ८० प्रतिशतका दरले लेखापरिक्षण अवधि सम्म कट्टी गरी सक्नुपर्नेमा कट्टि गरेको छैन। वजेट व्यवस्थापनको समस्याले समयमा भुक्तानी गर्न नसकिएकोले कट्टि गर्न कठिनाई भएको पालिकाले जनाएको छ। हाल उक्त सम्झौताको अवधि थप गरी २०८१।१२।३० सम्म थप भएको अवधिका आधारमा गणना गर्दा समेत हाल सम्म उक्त पेश्की फर्स्यौट गरी कसक्नुपर्नेमा पेश्की फर्स्यौट गर्न वाँकी नै देखिएकाले सम्बन्धित पक्षलाई जिम्मेवार वनाई असुल फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

६५.४ पेश्की खाता: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन। कार्यालयले विगत वर्षमा भुक्तानी गरेको कुल रु.१,७३,००,०००।०० पेश्की मध्ये रु.२१,००,००० फर्सयौट भै बाँकी पेश्की रू.१,५२,००,००० फर्स्यौट गर्न वाँकी रहेको देखिन्छ। उक्त पेश्कीको हकमा सो व्यवस्थाको पालना स्थिति अनुगमन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने तथा पेश्की रकमको उपयोगका सम्वन्धमा निर्माण व्यवसायिवाट विवरण लिई सो पेश्कीको प्रयोग अन्यत्र नहुने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

६५.५ संयुक्त उपक्रम : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (७क) बमोजिम निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ । कार्यालयले ठेक्कामा प्रतिष्पर्धी हुन तोकेको कार्य अनुभव, वित्तीय कारोबार, ठेक्का क्षमतामा योग्य भएका संयुक्त उपक्रमको वित्तीय प्रस्तावको मूल्याङ्कन गरी ने हुँदा ठेक्का सम्झौता पश्चात संयुक्त उपक्रमका कुनै

एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा संचालन र सम्पन्न नहुने अवस्था छ । यस पालिका सँग भएको १५ शैया अस्पताल निर्माणमा समेत सयुक्त उपक्रमका एक पक्षले मात्र विगतमा निर्माण कार्य जिम्मा लिई कार्य गर्दा ढिलाई भएको देखिन्छ । संयुक्त उपक्रमका निर्माण कार्यको जिम्मेवारी हस्तान्तरण गर्न नमिल्ने हुँदा संयुक्त उपक्रमका सबै पक्षको निर्माण कार्यमा अनिवार्य सहभागिता र निर्माण कार्यको नापी परिमाणमा सबै पक्षको हस्ताक्षर बेगर ठेक्का रकम भुक्तानी नदिने व्यवस्था गर्नुपर्दछ ।

६६ हलुवागढ इको टुरिज्म प्रवर्द्धन आयोजना

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघिय अनुदान अन्तरगत हलुवागढ इको टुरिज्म प्रवर्द्धन आयोजना अन्तर्गत विभिभन्न संरचनाहरु निर्माण गर्नको लागि वोलपत्रको माध्यमवाट निर्माण व्यवसायी भगवती निर्माण सेवा सँग रु ३९४११६२५ भुक्तानी गर्ने र उक्त कार्य मिति २०८०।११।३० मा सम्पन्न गर्नेगरी मिति २०८०।३।१० मा सम्झौता भएको देखिन्छ । उक्त सम्झौता अनुसार आयोजनामा भवन, पार्किङ्ग, सौचालय, हल तथा क्याफे लगायतका संरचनाहरु निर्माण गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायीले यो वर्षको अन्त्यसम्म उक्त निर्माण कर्य गरी चौथो रनिङ्ग विल सम्म रु१,६४,२८,१८४।८९ (मूल्य समायोजन रु.१२,४०,४७१ समेत) भुक्तानी गरेको देखिन्छ । जस अनुसार आयोजनाको वित्तिय प्रगति ३८ प्रतिशत तथा भौतिक भौतिक प्रगति ५० प्रतिशत रहेको पालिकाले जनाएको छ । निर्माण व्यवसायीले कार्ययोजना अनुसार निर्माण कार्यको प्रगति हासिल गरेको देखिएन ।सम्झौता वमोजिम सम्झौताको ५० प्रतिशत कार्य कम्तिमा दुई तिहाई समयमा सम्पन्न गर्नेगरी माईलस्टोन तोकेको देखिएतापनी सो प्रगति हाँसिल भएको छैन। तोकिएको अवधिमा निर्माण कार्य सम्पन्न नभएको तथा वजेट व्यवस्थापन नभएको जनाई कार्यपालिकाले उक्त निर्माण कार्यको म्याद २०८१।११।३० सम्म म्याद थप गरेको देखिन्छ । निर्माण व्यवसयिले भुक्तानी लिएको पेश्की रु ६९,५०,००० मध्ये आर्थिक वर्षको अन्त्य सम्म फर्स्यौट गरी रु ३४,५०,००० फर्स्यौट गर्न वाँकी रहेको देखिन्छ । पालिकाले उक्त निर्माण कार्यको लागि वजेटको प्रभावकारी व्यवस्थापन गरी म्याद थप भएको अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

६७ भेरिएसन वेगर भुक्तानी

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) ले खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने, नियमावलीको नियम ११८ ले यसरी आदेश जारी गर्दा आवश्यक पर्ने बिवरणमा भेरिएसन परिमाणको प्राबिधिक पुष्ट्याँई र कारण सार्वजनिक निकायको प्रमुखवाट प्रमाणित भएको हुनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष हलुवागढ इको टुरिज्म प्रवर्द्धन आयोजना अन्तर्गत विभिभन्न संरचनाहरु निर्माण गर्नको लागि वोलपत्रको माध्यमवाट निर्माण व्यवसायी भगवती निर्माण सेवालाई चौथो रनिङ्ग विल सम्म रु १,६४,२८,१८४।८९ को प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गरेकोमा उक्त भुक्तानी गर्दा कार्य स्विकार प्रतिवेदनमा विभिन्न आइटमहरु विओक्युमा उल्लेखित परिमाण भन्दा वढि नापी गरी भुक्तानी गरेकोमा खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था वमोजिम भेरिएसन आदेश जारी गरेको देखिएन ।यसरी कानुनको प्रकृया अवलम्वन गरी भेरिएसन आदेश जारी गरी सो वमोजिमको निर्माण कार्य गराई भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु...

आइटम नं	आइटमको विवरण	विओक्यु परिमाण	भुक्तानी परिमाण	दर	भेरिएसन वेगरको भुक्तानी
४	Earthwork filling	६८७	७४४	७००	३९९२१
८	Pcc 1:2:4	२३८	२४४	१२०००	७२२४०
२८	Tmt steel reinforcement	१५६३२	२४४८३	१०२	९०२८४५
३३	60 mm interlocking block	५१०	५८४	१२००	८९४३६
जम्मा					११०४४४२

अनियमित भएको	११,०४,४४२

६८ **विपद व्यवस्थापन केन्द्र निर्माण**

मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि को बुँदा नं ३(५) मा सेवा केन्द्र संरचना निर्माणको लागि सो संरचनाको डिजाईन र लागत प्रतिवेदनको आधारमा मन्त्रालय र स्थानीय तहहरुले लागत साझेदारी सम्झौता गर्नुपर्ने उल्लेख छ। सो व्यवस्था अनुसार मिति २०८०।२।२३ मा अर्जुनधारा नगरपालिका, कन्काई नगरपालिका, विर्तामोड नगरपालिका, बुद्धशान्ति गाँउपालिका तथा कोशी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय विच अत्यावश्यक सेवा केन्द्र निर्माण कार्यका लागि सम्झौता भएको देखिन्छ । उक्त सम्झौताको बुँदा नं ३ मा उक्त केन्द्र निर्माणका लागि रु ८३६८००००(मुअकर र कन्टिजेन्सी समेत) हुने र सोको ५० प्रतिशतले हुने रकम रु ४,१८,४०,००० शसर्त अनुदान मार्फत सेवा केन्द्र संचालन कोष स्थापनाका लागि प्रदान गरी ने उल्लेख छ। पालिकाले यो वर्ष उक्त केन्द्र निर्माणका लागि ठेक्का नं AM/NCB/WORKS/11-2079/80 मार्फत निर्माण व्यवसायी कालिका-इन्जिनियरिङ्ग जेभी सँग वोलपत्रको माध्यमवाट रु.५,२०,५७,४००।९२ भुक्तानी गर्ने र उक्त निर्माण कार्य मिति २०८२।३।१५ मा सम्पन्न गर्नेगरी मिति २०८०।८।२१ मा सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्यका लागि आर्थिक मामिला तथा कानून मन्त्रालयवाट यो वर्ष २ किस्तामा रु ३६७३६००० वजेट प्राप्त भएको देखिएकोमा सम्झौता अनुसार उक्त रकम सेवा केन्द्र संचालन कोषमा दाखिला गरेको देखिन्छ । निर्माण व्यवसायीले यो वर्षको अन्त्यसम्म दोस्रो रनिङ्ग विल सम्म कुल २००७०४०२ भुक्तानी भएको छ । पालिकाले सम्झौता वमोजिम सवै पालिकावाट प्राप्त गर्नुपर्ने स्रोत प्राप्त गरी सम्झौताका शर्त वमोजिम लागत साझेदारी गर्नुपर्ने तथा सम्झौताको अवधिमा केन्द्रको निर्माण सम्पन्न गर्नुपर्दछ।

६९ **संयुक्त उपक्रमबाट खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ उपनियम १ मा कुनै खरिद कारबाहीमा भाग लिने प्रयोजनक लागि बोलपत्रदाताहरुले एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्ने, उपनियम ६ मा कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रमलाई संयुक्त दायित्व र उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि करमा दर्ता गर्न लगाउनुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १०(ख) मा दुई वा सो भन्दा बढि व्यक्तिले कुनै निश्चित अवधिका लागि कर लाग्ने कारोबार गर्न संयुक्त उपक्रम खडा गरेमा अस्थायी रुपमा दर्ता हुने र दर्ता भएको संयुक्त उपक्रमले उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेजी हुने व्यवस्था छ । उल्लेखित व्यवस्थाले कुनै एक खरिद कार्यका लागि एक संयुक्त उपक्रम मु.अ.करमा दर्ता भई कारोबार गर्न पाउने देखिन्छ। उल्लेखित प्रावधान विपरीत पालिकाले ठेक्का नं AM/NCB/WORKS/11-2079/80 मार्फत निर्माण व्यवसायी कालिका- इन्जिनियरिङ्ग जेभी २०६६।६।२६ मा दर्ता भैसकेको देखिन्छ । फरक प्रयोजनका लागि विगतमा दर्ता भएको जेभीले हाल समेत कार्य गरी रहेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरित एक निर्माण कार्यका लागि खडा भएको संयुक्त उपक्रमवाट एक भन्दा वढि खरिद कार्य गरेको नियम सम्मत देखिएन ।यसरी कुनै एक कार्य गर्न खडा गरेको संयुक्त उपक्रम सोहि कार्य समाप्त भएपछि उपक्रमको साझेदारको दायित्व सकिने हुदाँ नियम बमोजिम प्रत्येक कार्य गर्न खरिद गर्दा नयाँ उपक्रम दर्ता गर्न लगाई खरिद कार्य गर्नुपर्दछ ।

७० **कार्यसम्पन्न वेगरको भुक्तानी**

४३०,२०८१।०२।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गमस्ता चोकबाट गणेश चोक पेभर्स निर्माण कार्यको लागि पालिकाले कुल २५३ मिटर लम्बाईमा सबवेस राख्ने, स्टोन सोलिङ गर्ने,पलम्ब वाल लगाउने र सोहि स्थानमा पेभर्स लगाउने गरी लागत अनुमान गरी सोहि बमोजिम गमस्ता चोकबाट गणेश चोक पेभर्स निर्माण कार्य उपभोक्ता समितिलाई ४० प्रतिशत लागत सहभागि उपभोक्ता समितिको र ६० प्रतिशत पालिकाको रहने गरी सम्झौता भएकोमा २५४.५० मिटरमा मात्र सबवेस राखेको,पेभर्स राखेको तर ३१५.२० मिटरमा एक्साभेसन,प्लम्ब वाल,सोलिङ्गको कार्य गरेको नापि किताबमा उल्लेख गरेको छ । यसबाट लागत अनुमानमा भएको भन्दा ६०.७

मिटरमा एक्साभेसन,प्लम्ब वाल र सोलिङ्गको कार्य मात्र कार्य गरेको तर सबवेश र पेभर्सको कार्य नगरेको नापी किताबबाट देखिन्छ। पेभर्सको कार्य गर्ने गरी लागत अनुमान भन्दा ६०.७ मिटर लम्बाईमा बढी एक्साभेसन र सोलिङ्ग मात्र भएको तर पेभर्सको कार्य नभएको सम्बन्धमा आवश्यक चेनज खुल्ने गरी (६०.७ मिटरमा एक्साभेसनको ६०.७०*०.३*०,५*६४.९४+,प्लम्ब वालको ६०.७०*०.२*०.६५*६२.७२७+ र सोलिङ्गको६०.७०*०.३*०.१५*२९८६.५) प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६५,३०३

७१ **शान्ति मार्ग कालोपत्रे थप**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ उपदफा १ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने प्रावधान रहेको छ । पालिकाले शान्ति मार्ग कालोपत्रे गर्ने कार्यको लागि निर्माण व्यवसायी कञ्चनजंघा हिमाल कन्सट्रक्सन प्राली सँग ठेक्का नं ०७।२०८०।८१ मार्फत सडक कालोपत्रे गर्न रु.२७,३५,६३१ भुक्तानी गर्ने र उक्त कार्य २०८१।३।१५ मा सम्पन्न गर्नेगरी सम्झौता भएको देखिन्छ । पालिकाले उक्त निर्माण कार्यमा भेरिएसन मार्फत निर्माण कार्य थप गरी रु.३२,६८,३९२।०० को अन्तिम प्राविधिक प्रतिवेदन तयार गरी भुक्तानी गरेको छ । पालिकाले पुन ठेक्का सम्झौता चलिरहेकै समयमा अर्थात २०८१।३।९ मा सोही निर्माण व्यवसायिलाई थप वजेट व्यवस्थापन गरी रु ९,८९,७५९।५४ को कालोपत्रे तथा प्लम कंक्रिटको कार्य गरेको देखिन्छ। ठेक्का अवधि समाप्त नहुदै एउटै निर्माण कार्यमा कोटेशन वाट निर्माण कार्य थप गर्दा पालिकालाई सववेस, वेस, प्राईमकोट, ट्याककोट र क्लोज गार्डेड प्रिमिक्स सर्फेसिङ्ग कार्यमा मात्र रु १३३८५० थप व्यय हुने गरी भुक्तानी भएको छ । यसरी एउटै निर्माण कार्यमा विओक्यु वमोजिमको थप निर्माण कार्यका लगि नियमावलीमा भएको व्यवस्था वमोजिम भेरिएसन आदेश जारी गरी निर्माण कार्य गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु..

अनियमित भएको	९,९९,७५९.५४

७२ **दधिराम रिमालचोकवाट तिनपैनी चोक कालोपत्रे**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट काम गराउन नहुने व्यवस्था छ।पालिकाले यो वर्ष ददिराम रिमालचोकबाट तिनपैनीचोक सडक कालोपत्रे गर्ने कार्यको लागि रु ४० लाख बजेट विनियोजन गरेको देखिन्छ । बजेट तथा कार्यक्रममा भएको व्यवस्था बमोजिम यो वर्ष पालिकाले ददिराम रिमालचोकबाट तीनपैनीचोक कालोपत्रे वडा नम्बर ६ ९ र ११ सडक कालोपत्र गर्ने कार्यको लागि ददिराम रिमाल ३ पहिनी सहित पार्क बाटो उपभोक्ता समिति सँग विगत वर्षमा भएको वेस कोर्स सम्मको कार्यको कार्य वाहेक रु.४४,१४,२०९।५२ को लागत अनुमान तयार गरी पालिकावाट रु ४० लाख तथा उपभोक्ता समितिवाट रु.४ लाख नगद लागत साझेदारी गरी निर्माण गर्न २०८१।२।३० मा निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको देखिन्छ ।उक्त सडकको चेनेज 0+000 देखी चेनेज 0+700 सम्को सडकमा प्राइमकोट, ट्याककोट तथा अस्फाल्ट कंक्रिटको कार्यको कुल रु ४४०९४२९।५२ को प्राविधिक मूल्याङ्कन गरेको देखिन्छ । पालिकाले उक्त सडकमा उपभोक्ता समिति सँग विगत वर्षमा गराएको वेस कोर्समा यो वर्षको अन्त्यमा प्राइमकोट र ट्याककोट तथा अस्फाल्ट कंक्रिटको कार्य गराएको देखिन्छ । वेसकोर्स गरेपछि त्यसको कम्पयाक्सन समयपश्चात तत्कालै कालोपत्रे गर्नुपर्नेमा १ वर्षको अवधि पश्चात् जटिल तथा प्राविधिक कार्य उपभोक्ता समिति मार्फत गराएको नियम सम्मत देखिएन । पालिकाले उक्त निर्माण कार्य गरी गोश्वारा भौचर नं ३३७ मिति २०८१।२।४ वाट उपभोक्ताको नगद लागत सहभागित रु ४,००,००० समेत कुल रु.४३,५५,७११ भुक्तानी गरेको देखिन्छ । पालिकाले उक्त कार्य पुन झापाली इन्टरनेशनल इन्जिनियरिङ्ग विल्डर्सको विजक नं ८ वाट रु.४१,२०,६४३ तथा विन ९ वाट रु १३३४११ समेत कुल रु.४२,५४,०५४ सव कन्ट्रयाक्ट वाट गराई भुक्तानी गरेको छ । उपभोक्ता समिति मार्फत भएको उक्त निर्माण कार्यको विटुमिन तथा अस्फाल्ट कंक्रिटको प्रयोगशाला परिक्षण समेत गरेको देखिएन। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १३ क वमोजिम कारवाही गर्नुपर्दछ। यसरी प्रचलित खरिद कानून विपरीत जटिल प्राविधिक कार्य उपभोक्ता समिति मार्फत गराई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु...

अनियमित भएको	४२,५५,७११

७३ **खरिदमा लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक नियकाले मालसमानको लागत अनुमान तयार गर्दा दफा ९ मा उल्लेख भएको व्यवस्थाका साथै सम्वन्धित सार्वजनिक निकाय वा जिल्लास्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको लागत, स्थानीय वजारको प्रचलित दरभाउ, अन्य वजारको दरभाउ र आपुर्ति गर्न लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट समेतलाई आधार लिई लागत अनुमान गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष देहाय वमोजिमका खरिद ठेक्का आव्हान गरेकोमा उल्लेखित सम्पुर्ण व्यवस्थाको पालना नगरी लागत अनुमान तयार गरेको देखिन्छ। लागत अनुमानको आधार नियमावलीमा भएको व्यवस्थाको पालना गरी तय गर्नुपर्नेमा सो नगरी लागत अनुमान तयार गरेको मनासिव देखिदैन। खरिद कार्यको लागत अनुमान तयार गर्दा प्रयोग हुने सामानको स्पेशिफिकेशन तयार गरी सोका आधारमा नियममा भएको व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्नुपर्नेमा औषत दरलाई मात्र आधार लिई लागत अनुमान तयार गरी खरिद गरेको मनासिव देखिएन। कानूनमा भएको सवै व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ।

सि नं	ठेक्का नं/ भौचर नं	खरिदको विवरण	लागत अनुमान	सम्झौता रकम	लागत अनुमानको आधार
१	Goods/01/2080/81	कार्यालय तथा मसलन्द खरिद		१३३३५७५	३ वटा आपुर्तकको औषत दर लिइएको

७४ **कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष गोश्वारा भौचर नं ५६७ मिति २०८०।३।१९ वाट आपुर्तक प्रियान्स ट्रेड एण्ड सप्लायर्सवाट १६ थान मोटर पम्म खरिद गरी रु.४,०८,६०८ को विल प्राप्त गरी आंशिक रुपमा रु.२,९७,००० भुक्तानी गरेको देखिन्छ । खरिद गरिएको उक्त पम्पहरु पालिका जिन्सी दाखिला गरेकोमा पुन वडा नं ९ को कार्यालयलाई हस्तानतरण गरी खर्च घटाएको देखियो । पालिकाले उक्त पम्म विभिन्न लाभग्राहीलाई जडान गर्ने जनाएतापनी उक्त पम्म जडान भएको प्राविधिक प्रतिवेदन तयार गरेको नदेखिएकोले लाभग्राही छनौटको आधार सहित जडानको प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने देखिएको रु...

प्रमाण पेश नगरेको	२,९७,०००

७५ **उपभोक्ता मार्फत निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समितिमार्फत् गराइ देहायअनुसार रु.६१४५४५।०० खर्च गरेको छ । उपभोक्ता समितिमार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा पालिकाले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समितिमार्फत् गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी उपभोक्ता समितिमार्फत् सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको रु.

गोश्वारा भौचर नं मिति	निर्माण कार्यको विवरण	भुक्तानी रकम
४२,२०८०/०७/०२	शनिश्चरे ससत्र प्रहरी बेश क्याम भवन निर्माण	४,८१,९२५.००
१०६० २०८१/०१/०३	वडा न ५ कार्यालय पार्किङ निर्माण	१,३२,६२०.००
जम्मा		**६१४५४५।००**

अनियमित भएको	६,१४,५४५

७६ **ननफाईलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चिस दिन भित्र कर विवरण पेश गर्नुपर्ने ब्यबस्था छ। कार्यालयले देहाय निर्माण आपुर्तकलाई सामान खरिद कार्यको भुक्तानी दिएकोमा पेश भएको कर बिजक परीक्षण गर्दा गर्दा करदाता ननफाइलर देखिएको छ। तोकिएको समयमा कर बिबरण नबुझाउने करदातालाई मूल्य अभिवृद्धि कर भुक्तानी दिँदा राजश्व खातामा दाखिला नहुने हुदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

भौ नं मिति	**निर्माण व्यवसायी**	**मुअकर नं**	**विजक रकम मुअकर वाहेक**	**विजक नं मिति**	**७० प्रतिशत मुअकर**	**नन्नफाईलर**
५६४ २०८१।३।१९	सम्वृद्धि निर्माण सेवा	६१५७४२३२०	७०६७४९	९९	६४३१४	२०८०/T/३
१० २०८१।२।३ विविध	कालिका ईन्जिनियरिङ्ग जेभी	-	९३२३२२१	०३	८४८४१२	२०८०/T/३
१२ २०८१।३। २०विविध	कालिका ईन्जिनियरिङ्ग जेभी	-	८४३८१९७	०५	७६७८७५	२०८०/T/३

७७ **मुअकर वढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष उपभोक्ता समिति तथा लाभग्राही मार्फत संचालन गरेका सम्पुर्ण योजनामा मूल्य अभिवृद्धि कर समेत समावेश गरी लागत अनुमान तथा सोही दरमा प्राविधिक मूल्याङ्कन गरेको देखिन्छ । पालिकाले संचालन गरेका पेभर्स लगाउने केही योजनामा नमुना छनौटको आधारमा परीक्षण गर्दा पेभर्समा भुक्ती गरेको मूल्य अभिवृद्धि कर र उपभोक्ता समितिले पेभर्स खरिद गर्दा भुक्तानी गरेको मूल्य अभिवृद्धिमा फरक देखियो । यसरी प्राविधिक मूल्याङ्कनमा समावेश गरी भुक्तानी गरेको मूल्यअभिवृद्धि कर भन्दा न्यूनमुअकर भुक्तानी गरेको देखिएकाले पालिकाले वढि भुक्तानी गरेको मूल्यअभिवृद्धि करको रकम सम्बन्धित उपभोक्ता समितिवाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु.

गोभौ नं मिति	योजना / उपभोक्ता समितकोको विवरण	कुल प्राविधिक मूल्याङ्कन	कुल भुक्तानी(नगद सहभागिता समेत)	पेभर्समा भुक्तानी मुअकर	पेभर्समा खर्च भएको मुअकर	भन्दा वढि मुअकर रकम	
५५६ २०८१।३।१८	निशामेचेको घर अगाडी वाटो व्लक निर्माण उस	२६१४६३३	२६२३७०८	१६६२८८	१३८४६१	२७८२७	
६२८ २०८१।३।२३	समावेशी मार्ग रोड नं १ व्लक विछ्याउने कार्य उस	१५५२६४६	१५५४९०७	१०३७३०	७५९३७	२७७९३	
६२३ २०८१।३।२३	चारपाने नारायण सडक पश्चिम वडा कार्यालय अगाडी जेशिस र वाणिज्य संघ जाने वाटो उस	१४४२२५८	१४२५१७२	८४१०५	७०१९०	१३९१५	
६१४ २०८१।३।२३	सुकुम्वासी टोलमा ड्रेन तथा पेभर्स लगाउने उस	२३१०९६२	२२८९०००	१४१६४२	१०७५३५	३४१०७	
६०० २०८१।३।२३	सृजनाचोक वाट रेवत वुढाथोकीको घरसम्म वाटो पेभर्स	६६२७०२४	६५३७२०५ भुक्तानी वाँकी रु२६००००० समेत	५०१८९६	३९५३१५	१०६५८१	
५९७ २०८१।३।२२	पाथिभरा मार्ग रोड नं १ उपभोक्ता समिति	१३४९४३३	१२४९२३५	९७६२७	९०५१६	७१११	
५९८ २०८१।३।२२	सिरिजङ्गा मार्ग रोड नं १ उपभोक्ता समिति	२९१४१३२	२८६२३२२	३२४५६४	१५७४९९	१६७०६५	
जम्मा						३८४३९९	

असुल गर्नुपर्ने	३,८४,३९९

७८ **प्राविधिक मूल्याङ्कन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष गोश्वारा भौचर नं ५५८ मिति २०८०।३।१४ वाट आपुर्तक अप्सन ट्रेड लिङ्कवाट ८ थान मोटर पम्म खरिद गरी रु.९८,३१० को विल प्राप्त गरी भुक्तानी गरेको देखिन्छ। उक्त जिन्सी सामानहरु वडा नं ८ कार्यालयले वुझिलिएकोमा पम्म जडान भएको प्राविधिक प्रतिवेदन तयार गरेको नदेखिएकोले लाभग्राही छनौटको आधार सहित जडानको प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने देखिएको रु...

प्रमाण पेश नगरेको	९८,३१०

७९ **उपभोक्ता मार्फत सडक कालोपत्रे**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। साथै उपभोक्तालाई हस्तानतरण हुने र रोजगारी सृजना हुने कार्यमात्र उपभोक्ता समिति मार्फत गराउनुपर्ने र जटिल प्राविधिक कार्य

उपभोक्ता समिति मार्फत गराउन नहुने उल्लेख छ । पालिकाले हरि खतिवडाको घर पूर्व दाहाल चोक जोड्ने सडक कालोपत्रे गर्ने कार्यको लागि आर्थिक वर्ष २०७९।८० मा रु १६५२९७१।५४ को लागत अनुमान गरी २०८०।३।१५ सम्पन्न गर्नेगरी सम्झौता गरेको देखिन्छ । उक्त कार्य उपभोक्ता समितिले तोकिएको समयमा सम्पन्न गर्न नसकि यो वर्षको अन्त्यमा दोस्रो तथा अन्तिम विल वापत गो भौ नं ६४२, २०८१।३।२४ वाट रु.९,६७,९४९।३७ भुक्तानी गरेको देखिन्छ । पालिकाले उक्त योजनाको लागि भुक्तानी दायित्व गर्न रु १,५०,००० मात्र प्रमाणित गरेको, उपभोक्ता समिति मार्फत वहुबर्षिय निर्माण कार्य गरी भुक्तानी दिएको तथा कालोपत्रे सडक निर्माण जस्तो जटिल प्राविधिक कार्य उपभोक्ता समिति मार्फत गराई विगत वर्ष सृजना भएको दायित्व यो वर्ष भुक्तानी गरेको देखिन्छ । यसरी उपभोक्ता समिति मार्फत १ वर्षको अवधि पश्चात प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु ...

अनियमित भएको	९,६७,०४९.३७

८० **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली , २०७७ मा खरिद गरेका जिन्सी सामान सम्बन्धित जिन्सी खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो बर्ष देहाय वमोजिमका जिन्सी सामानहरु खरिद गरी देहाय वमोजिम वजेट खर्च गरेकोमा जिन्सी खातामा आम्दानी वाँधि भुक्तानी गर्नुपर्नेमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोग गरी जिन्सी खातामा आम्दानी वाँधेको देखिएन। उल्लेखित जिन्सी सामानको वास्तविक एकिन गरी जिन्सी आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

गोश्वरा भौचर मिति	आपुर्तकको विवरण	जिन्सी तथा सम्पत्तिको विवरण	भुक्तानी रकम
५३२ २०८१।३।१५	खरेल काष्ठ फर्निचर उद्योग	अफिस टेवुल थान २, अफिस कुर्सी ३, ओपन र्याक ३ थान समेत	९९४२८।००
६१९ २०८१।२।२३	अंकुर डाईगोष्टिक एण्ड सर्जिकल सेन्टर	माईक्रोस्कोप समेत विभिन्न १६ सामाग्री	४५५८९८।००
जम्मा			५५५३२६

प्रमाण पेश नगरेको	५,५५,३२६

८१ **खरिद तथा दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **६८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

८२ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आबश्क बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले गोश्वारा भौचर नं ६०२,२०८१।३।२२ वाट दृष्टि विहिनहरुका लागि अपाङ्ग मैत्री सफ्टवेयरयुक्त ल्यापटप वितरण गर्नका लागि आइटेक सर्भिसेजवाट २ थान ल्यापटप खरिद गरी रु.१,८१,९९९।९९ भुक्तानी गरेको छ । उल्लेखित जिन्सी सामाहरु जिन्सी आम्दानी वाँधेको पुन हस्तानतरण गरी शिक्षा शाखामा पठाई मौज्दात घटाईएको देखिन्छ। जिन्सी मौज्दात वाट घटाईएका सामाग्रीहरु विद्यालयमा हस्तानतरण तथा विद्यालयले जिन्सी आम्दानी वाँधेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१,८१,९९९.९९

८३ **विपन्न वर्गलाई टिनको छानो कार्यक्रम**

३५९,२०८१।०२।१८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विपन्न वर्गलाई टिनको छानो कार्यक्रम वडा न.८ मा सञ्चालनको लागि पाउ

पाथिभरा ट्रेड एण्ड सप्लायर्स लाई ८२८ केजि २७ एम एम को टिनको पाता खरिद गरी रु.१८७७७५.०० भुक्तानी गरेको छ । पालिकाले कुन लाभग्राहीलाई उक्त सामाग्री हस्तान्तरण गरेको र वितरण गरेको टिनको पाता घरमा जडान गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन पेश नगरेकोले खरिद गरेका सामाग्री वितरण गरेको र वितरित सामाग्री जडान भएको सम्बन्धमा एकिन हुन नसकिएकोले सोको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,८७,७७५

८४ नभएको कार्यको भुक्तानी

४३०,२०८१।०२।३० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।सुर्य पाठकको घर अगाडी पेभर्स लगाउने कार्यको लागि सुर्य पाठकको घर अगाडी पेभर्स लगाउने निर्माण उपभोक्ता समितिसंग २०८१।०१।२० मा सम्झौता भएकोमा रु.४०००६२१.५३ को कार्य सम्पन्न भएको नापि किताबमा उल्लेख गरेको छ। नापि किताबमा दुई प्रकारका चेनेज उल्लेख गरेको छ। सबवेशको कार्य पहिलो चेनेजमा २१० मिटर लम्बाई,६ मिटर चौडाई र ०.१० मिटर उचाई कायम गरेको र अर्को चेनेजमा १३४ मिटर लम्बाई,४.८८ मिटर चौडाई र ०.०८ मिटर उचाई उल्लेख गरेको छ। सबवेश राखेको ठाउँमा पेभर्सको कार्य गर्दा पहिलो चेनेजमा २५० मिटर लम्बाई र ६ मिटर चौडाइ र अर्को चेनेजमा ९४ मिटर लम्बाई र ४.८८ मिटर चौडाइ उल्लेख गरेको छ। नापि किताबमा पुर्ण विवरण खुल्ने गरी नापि गर्नुपर्नेमा एकमुष्ट लम्बाई उल्लेख गर्दा कुन ठाउँमा कति मिटर लम्बाई र चौडाइमा सबवेसको कार्य गरेको र पेभर्स लगाएको सोको एकिन हुन गर्न सकिएन। सबवेश बमोजिमको लम्बाईलाई आधार लिदाँ २१० मिटर लम्बाइमा ६ मिटरको पेभर्स र १३४ मिटर लम्बाईमा ४.८८ मिटर चौडाइ हुने गरी पेभर्स लगाएकोमा १९१३.९२ घन मिटरमा मात्र पेभर्स लगाएको देखिन्छ तर नापि किताबमा १९५८.५ उल्लेख गरेकोले नगरेको कार्य ४४.६२ को प्रति घन मिटर रु.१८८७.७८ को दरले रु.८४२३३.०० को ६० प्रतिशत रकम रु.५०,५४०.०० सुर्य पाठकको घर अगाडी पेभर्स लगाउने निर्माण उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५०,५४०

८५ एउटै कार्यको दोहोरो भुक्तानी

१९१,२०८०।११।२७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। मान बहादुर बिशखे प्लम निर्माण कार्यको लागि एक्साभेसनको कार्य भएकोमा उक्त कार्यमा Back filling को समेत भुक्तानी गरेको नापि किताबबाट देखिन्छ। सडक विभागको नर्म्स बमोजिम एक्साभेसन कार्यमा नै Back filling समेतको कार्य हुने गरी नर्म्स बनाएको देखिन्छ । तसर्थ Dry Back filling ४३.०८ घनमिटर र Marshy Back filling ४३.८१ घनमिटर को नापि गरी भुक्तानी गरेको रु.५८३४.०० सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,८३४

८६ स्टिल पाट्र्स खरिद

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम अन्तर्गत वुट्टावारी देउनिया वासुधारा खोलामा ट्रस पुल निर्माण कार्यका लागि आवश्यक विभिन्न स्टिल पाट्र्सहरु खरिद गरी आपुर्तक लुम्विनि ईन्जिनियरिङ्ग वर्क्स प्रालीलाई रु १८२३४७३।३७ भुक्तानी गरेको देखिन्छ ।उल्लेखित पाट्र्सहरु आपुर्तीभै उपभोक्ता समितिलाई हस्तानतरण भएतापनी लेखापरीक्षण अवधि सम्म सम्बन्धित पुलमा जडान गरेको देखिएन । प्राप्त भएको स्टील पाट्र्सहरु जडान भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु...

प्रमाण पेश नगरेको	१९,२३,४७३.३७

८७ सृजनाचोक देखी रेवत वुढाथोकीको घरसम्म पेभेज निर्माण

पालिकाले यो वर्ष सृजनाचोक देखी रेवत वुढाथोकीको घरसम्म पेभेज निर्माण कार्यको लागि रु.२०,००,००० तथा अन्य सडक निर्माणको रु.१३,३७,२०५समेत रु.३३,३७,२०५ वजेट विनियोजन गरेकोमा नगर कार्यपालिकाको मिति २०८१।१।१२ को निर्णय नं १० वाट चालु आर्थिक वर्ष २०८०।८१ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत रहेको कार्यमा विनियोजित वजेटवाट निर्माण हुने सडक भन्दा थप २०० मिटर पेभेज लगाउने र सो रकम आगामि आर्थिक वर्षमा विनियोजन गरी भुक्तानी गर्नेगरी निर्णय गरेको देखिन्छ। कार्यपालिकाले उक्त निर्णय गर्दा लाग्ने वजेट तथा सो वजेट व्यहोर्ने स्रोत एकिन गरेको छैन। सोही निर्णयका आधारमा पालिकाले यो वर्ष उक्त सडकमा पेभेज लगाउने कार्यका लागि रु.६६,००,८५५ को लागत अनुमान गरी उपभोक्ता समिति सँग सम्झौता गरेको देखिन्छ। उपभोक्ता समितिले उक्त निर्माण कार्य सम्पन्न गरी रु.६६,२७,०२४ को प्राविधिक प्रतिवेदन तयार गरको देखिन्छ। पालिकाले उक्त निर्माण कार्यको लागि यो वर्ष उपभोक्ता समितिले नगद जम्मा गरेको रु.६,००,००० समेत कुल रु.३९,३७,२०५।०० मात्र भुक्तानी गरेको छ। वजेट विनियोजन नभएको आयोजनामा दायित्व सृजना गरी सम्झौता गरेको नियम सम्मत देखिएन ।नगर सभाले वहुबर्षिय योजनाको रुपमा तय नगरेका तथा सालवसाली रुपमा संचालन हुने योजनाको लागि आगामि वर्षको लागि दायित्व सृजना हुनेगरी कार्यक्रम तथा आयोजना कार्यान्चियन नगर्ने नगराउने तर्फ ध्यान दिनुपर्दछ ।

८८ नभएको कार्यको भुक्तानी

४३५,२०८१।०२।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। सामुदायिक भवन बागेडागीको लागि सामुदायि भवन निर्माण उपभोक्ता समितिसंग भएको सम्झौता बमोजिमको कार्यको नापि किताब बमोजिम Modular Plate ५० पिस भएको उल्लेख गरेकोमा बिल बमोजिम जम्मा ३० वटा मात्र खरिद गरेको बिलबाट देखिन्छ जसबाट नभएको सामानको नापी गरी भुक्तानी गरेको देखिदाँ २० पिलेटको प्रति पिलेट रु.१६७.४० ले हुने रु.३३४८ उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,३४८

८९ प्रधानमन्त्री रोजगार कार्यक्रम

८९.१ २४०,२०८१।०३।२० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्मस भए त्यिस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ ।फर्सिबारी देखि असूरे जोड्ने बाटो निर्माणको लागि लागत अनुमान तयार गर्दा Clearing and grubbing road and land including uprooting rank vegetation, grass, bushes, removal of stumps of trees cut को प्रति घन मिटर रु.२६.७२ र Roadway Excavation को प्रति घन मिटर रु.४६७.६० को लागत अनुमान तयार गरी सोहि बमोजिम कार्य सम्पन्न गरेको प्रतिवेदन पेश गरेको छ । यस सम्बन्धमा कार्य सम्पन्न गर्नुपुर्व र कार्य सम्पन्न पश्चातको फोटो हेर्दा पुरानो गोरेटो बाटोलाई चौडा गरेको र उक्त बाटोमा कुनै रुख तथा साइट सफा गरेको देखिदैन ।जसबाट उक्त बाटोमा Roadway Excavation को मात्र कार्य गरेको देखिन्छ तर Clearing and grubbing road and land including uprooting rank vegetation, grass, bushes, removal of stumps of trees cut को समेत १०४० घनमिटर कार्य गरेको जनाइ रु.२७७८९.०० रोजगार उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गरेकोले उक्त नगरेको कार्यको भुक्तानी गरेको रकमको सम्बन्धबाट एकिन गरी असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२७,७८९

८९.२ २४८,२०८१।३।२१ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७ मा (ग) मा यो कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनाका प्रमुख क्षेत्रहरुमा सडक,खानेपानी,ढल व्यवस्थापन,सिंचाई,उर्जा, सहरी विकास, शिक्षा, स्वास्थ्य, पुन निर्माण, वातावरण संरक्षण तथा जलवायु अनुकुलन वा रोजगार सिर्जना हुन सक्ने तोकिएको छ ।पालिकाले यस कार्यक्रम अन्तर्गत वडा न.९ मा मिलनचोक देखि कालिकास्थान जाने,सुरेन राईको घर पछाडिको नाला लगायतका स्थानमा सरसफाई गरेको उल्लेख गरी

रु.२०५७४४.०० विभिन्न व्यक्तिलाई भुक्तानी गरेको जनाएको छ । उक्त सम्पादित कार्यको फोटो हेर्दा विभिन्न स्थानमा घासँ काटेर कृषकले सोको उपयोग गरेको देखिन्छ । पालिकाले घाँस काटेको कार्यलाई समेत यस कार्यक्रमको कार्य क्षेत्र जनाई रकम खर्च गरेकोमा यस्तो कार्य नियमसम्मत नदेखिएको रु.



अनियमित भएको	२,०५,७४४

९० **नर्म्स फरक पारी बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि लगायतका कुराहरु उल्लेख गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ भने नियम ९७(४) मा निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले कृषकहरुलाई इनार वोरिङ्ग तथा स्यालो वोरिङ्ग कार्यक्रम अन्तर्गत इनार वोरिङ्ग जडान कार्यको लागि लागत अनुमान तयार गर्दा इनारको होल खन्ने कार्य तथा व्याक फिलिङ्ग दुवैको दर राखी लागत अनुमान तयार गरेको पाइयो। इनार वोरिङ्ग निर्माण कार्यमा इनारको लागि खाडल खने पश्चात उक्त खाडलमा रिङ्ग राखी इनार तयार हुने र उक्त कार्यमा व्याक फिलिङ्गको परिमाण दिन नमिल्नेमा प्रति घन मिटर रु.६२७.८० को दरले व्याक फिलिङ्ग समेत राखी दर विश्लेषण गर्दा लागत अनुमान वढीको स्वीकृत गर्दा उमभोक्ता समितिलाई बढी रकम भुक्तानी भएको पाइयो। यसरी दिन नमिल्ने आइटम समेत समावेश गरी लागत अनुमान स्वीकृत गरी इनार वोरिङ्ग निर्माण कार्य सम्पन्न भएका निर्माण कार्यमा उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम निम्नानुसारका उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

क्रम संख्या	गो भौ नं मिति	उपभोक्ता समितिको नाम	परिमाण	दर	रकम	उपभोक्ताको अंश/ योगदान कट्टा पछिको बढी भुक्तानी रकम
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमतर्फ						
१	३२।२०८१।३।२	सितला कृषक समूह	४५.६६	६२७.८	२८६६५.३५	२१४९९.
२	३४।२०८१।३।४	हात्ती किल्ला कृषक समूह	४५.६६	६२७.८	२८६६५.३५	२१४९९.
३	३५।२०८१।३।४	राघव कृषि फर्म	७०.६५	६२७.८	४४३५४.	३३२६५.
४	३७।२०८१।३।६	शान्ति कृषि तथा पशुपालन कृषक समूह	७०.६५	६२७.८	४४३५४.	३३२६५.
५	३९।२०८१।३।७	इन्दु महिन कृषि फर्म	४५.६६	६२७.८	२८६६५.३५	२१४९९.
६	४३।२०८१।३।७	संकल्प कृषक समूह	७०.६५	६२७.८	४४३५४.	३३२६५.
७	६३।२०८१।३।२२	साना किसान कृषि सहकारी संस्था	३२९.७	६२७.८	२०६९८५.६६	१५५२३९.
जम्मा						३१९५३१.
नगरपालिका चालु तथा पूँजीगततर्फ						
८	५८६।२०८१।३।२०	जुकेखाडी सामुदायिक वन उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
९	३१९।२०८१।२।१	मगर गाउँ इनार निर्माण उपभोक्ता समिति	२९.५२	६२७.८	१८५३२.६५	१६६७९.
१०	३२१।२०८१।२।१	हलो ब्लक मिल पदम श्रेष्ठको घर छेउ इनार निर्माण उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
११	३२५।२०८१।२।२०	साठीमुरे इनार निर्माण उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
१२	३३४।२०८१।२।३	रिजाल कान्छोको घर छेउ इनार निर्माण उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
१३	३३९।२०८१।२।४	इनार निर्माण उपभोक्ता समिति	४०.५	६२७.८	२५४२५.९	२२८८३.
१४	३६८।२०८१।२।२०	गुटमुटे खानेपानी इनार निर्माण उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
१५	३६९।२०८१।२।२०	गाँजावारी आंपटारी इनार निर्माण उपभोक्ता समिति	२९.५२	६२७.८	१८५३२.६५	१६६७९.
१६	३७३।२०८१।२।२२	कुम्विटार दाहाल गाउँ इनार निर्माणउपभोक्ता समिति	५०.३४	६२७.८	३१६०३.४५	२८४४३.
१७	३७४।२०८१।२।२३	डम्बर कुमारी हाङसुरुम्बाको घर छेउमा इनार निर्माणउपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
१८	३७५।२०८१।२।२२	दाहालटार इनार निर्माण उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
१९	३९२।२०८१।२।२४	भोर्लेनी टोल इनार निर्माण उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
२०	३९६।२०८१।२।२४	हल्लार कुमाल गाउँमा इनार निर्माण उपभोक्ता समिति	२०.२५	६२७.८	१२७१२.९५	११४४२.
					जम्मा	१,८७,६६२.००
					कुल जम्मा	५,०७,१९३.००

असुल गर्नुपर्ने	५,०७,१९३

९१ **नर्म्स फरक पारी बढी भुक्तानी**

अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा संचालन गरी ने तालिम, सेमिनार, गोष्ठी¸कार्यशाला लगायतका कार्यक्रममा गरी ने खर्चको नर्म्स सम्वन्धी व्यवस्था गरी एको छ । सार्वजनिक निकायले यस किसिमका तालिम गोष्ठी सेमिनार तथा अभिमुखीकरण तालिम लगायतका कार्यक्रम गर्दा निर्देशिकाले तोके अनुसारको दरमा सम्पूर्ण खर्च रकमको लागत अनुमान तयार गरी कार्यालय प्रमुखवाट स्वीकृत गराई सोही अनुसार कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले विविध कारणले कार्यक्रम संचालन गर्न नसक्ने अवस्थामा समेत लागत अनुमान तयार गरी सोही लागत अनुमानको परिधिभित्र रही सुचिकृत फर्मसँग प्रस्ताव माग गरी पेश भएका प्रस्ताव मध्येवाट उपयुक्त प्रस्ताव छनौट गर्नुपर्नेमा पालिकाले सुचिकृत फर्मबाट संचालन गरेका अधिकांश तालिम¸गोष्ठी तथा सेमिनारमा कार्य सञ्चालन निर्देशिकाका तोकिएको नर्म्सको परिपालना भएको पाइएन। पालिकाले लागत अनुमान तयार गर्दा प्रशिक्षक भत्ता वढी दरमा राख्ने, दैनिक १ घण्टाको तालिममा समेत खाजा खर्च समावेश गर्ने, थोरै संख्यामा प्रशिक्षार्थी समावेश तालिममा समेत वढी संख्यामा कक्षा सञ्चालनको लागत तयार गरी प्रस्ताव माग गर्ने र सोही अनुसार भुक्तानी दिने गरेको पाइयो। नमुना छनौटको आधारमा लेखापरीक्षण गरी एका केही तालिम कार्यक्रममा गलत लागत अनुमान तयार गरी भुक्तानी गर्दा बढी भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धित फर्मसँग असूल हुनुपर्ने रु.

क्रम संख्या	**गो भौ नं मिति**	**फर्मको नाम**	**सञ्चालित तालिम**	**वढी भुक्तानी रकम**	**कैफियत**
१	१९८७।२०८१।३।२३	नोभा फाउण्डेशन	सहयोगी कर्मचारीलाई १ महिने कम्प्युटर तालिम	१५३०००.००	सेसन संख्या बढी देखाएको रु.६९,०००, अनावश्यक खाजा खर्च भुक्तानी रु.८४,०००
२	१८१५।२०८१।३।१७	नोभा फाउण्डेशन	लक्षित समूह कम्प्युटर सिप विकास प्रशिक्षण कार्यक्रम	८००००.००	सेसन संख्या वढी देखाएको रु.३५,०००, अनावश्यक यातायात खर्च रु.४५,०००
	१४९१।२०८१।३	नोभा फाउण्डेशन	लोकसेवा तयारी कक्षा	११७५००.००	अनावश्यक खाजा खर्च
जम्मा				**३५०५००**	

असुल गर्नुपर्ने	३,५०,५००

९२ **बढी भुक्तानी**

अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा संचालन गरी ने तालिम, सेमिनार, गोष्ठी¸कार्यशाला लगायतका कार्यक्रममा गरी ने खर्चको नर्म्स सम्वन्धी व्यवस्था गरी एको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई¸ कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले मञ्चैबाजा तालिम र भगत सर्वजित विश्वकर्मा सचेतनामूलक तालिम सञ्चालन वापत गो.भौ.नं. १८१९।२०८१।३।१७ वाट दलित नगर उपभोक्ता समितिलाई रु.२,९७,०००।०० भुक्तानी दिएकोमा निर्देशिका तथा नियमावलीमा भएको व्यवस्था विपरितको अनुगमन वापत भरपाई नभएको रु.२०,०००।०० तथा प्रशिक्षक पारिश्रमिक वापत सेसन संख्या बढी देखाएको रु.२०,०००।०० को कर कट्टी पछिको रु.१७,०००।०० गरी रु.३७,०००।०० बढी भुक्तानी भएको पाइएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३७,०००

९३ **नर्म्सभन्दा बढी भुक्तानी**

अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा सञ्चालन गरी ने तालिम, सेमिनार, गोष्ठी¸ कार्यशाला लगायतका कार्यक्रममा गरी ने खर्चको नर्म्स सम्वन्धी व्यवस्था गरी एको छ जस अन्तर्गत तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रममा स्टेशनरी वापत प्रति सहभागी रु.१०० को दरले खर्च लेख्न मिल्ने व्यवस्था छ। पालिकाले विभिन्न ५ विद्यालयमा १० पटक सञ्चालन भएको विद्यार्थी सचेतना कार्यक्रम वापत गो.भौ.नं ९४१।२०८०।१२।२९ बाट पुष्पा पौडेललाई रु.३,००,०००।०० भुक्तानी दिएको पाइयो। स्टेशनरी खर्च वापत प्रति सहभागी रु.१०० को दरले ५९० जनाको रु.५९,०००।०० खर्च लेख्नुपर्नेमा रु.१६० को दरले खर्च लेखेको पाइएकोले बढी खर्च लेखेको ५९० जनाको प्रतिव्यक्ति रु.६० को दरले रु.३५,४०० तथा अनुगमन वापत प्रतिव्यक्ति रु.१,००० को दरले पाउनेमा प्रतिव्यक्ति रु.२,००० को दरले खर्च लेख्दा बढी खर्च लेखेको रु.१०,०००।०० को कर कट्टी पछीको हुने रु.८,५००।०० गरी जम्मा रु.४३,९००।०० सम्बन्धितबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	४३,९००

९४ **सचेतना कार्यक्रम**

अर्थ मन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा सञ्चालन गरी ने तालिम, सेमिनार, गोष्ठी¸कार्यशाला लगायतका कार्यक्रममा गरी ने खर्चको नर्म्स सम्वन्धी व्यवस्था गरी एको छ जसमा एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्ने, कार्यपत्र कम्तिमा ७५० शब्दको हुनुपर्ने लगायतका कुराहरु उल्लेख गरिएको छ। पालिकाले गो भौ नं १५५४।२०८१।३।५ बाट स्वास्थ्य शिविर तथा सचेतना कार्यक्रम संचालन समितिलाई रु.१,७३,२५०।०० भुक्तानी दिएको पाइयो। मिति २०८१।२।२८ र २९ मा २ दिन संचालन भएको लागुपदार्थ दुर्व्यशनी विरुद्व तथा डिजिटल सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम वापत खर्च लेख्दा २ दिनको कार्यक्रममा प्रशिक्षक भत्ता वापत प्रतिदिन ४ सेसनको दरले ८ सेसनको रु.१६,०००।०० खर्च लेख्न मिल्नेमा १७ सेसनको प्रतिसेसन रु.२,०००।०० को दरले रु.३४,०००।०० खर्च लेखेको पाइयो। यसरी कार्य सञ्चालन निर्देशिकाले तोकेकोभन्दा छोटो अवधिको सेसन चलाई सेसन संख्या बढी देखाई प्रशिक्षक भत्ता वापत भुक्तानी भएको रकम रु.१८,०००।०० सम्बन्धित कार्यक्रम सञ्चालन समितिबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१८,०००

९५ **विपन्न परिवारलाई खानेपानीको लागि धारा जडान**

वितरणमुखी कार्यक्रम सञ्चालन गर्दा लाभग्राही छनौटको निश्चित कार्यविधि तथा मापदण्ड वनाई सोही आधारमा लाभग्राही छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। पालिकाले वडा नं ७ को कार्यक्रम अन्तर्गत अति विपन्न परिवारलाई स्वच्छ खानेपानीका लागि धारा जडान वापतको रु.४,९५,०००।०० गो भौ नं १८१३।२०८१।३।१८ बाट श्री खुदुनावारी अर्जुनधारा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो। लागत अनुमान कुल रु.५,५०,०००।०० रहेको यस कार्यक्रम अन्तर्गत ७९ परिवारलाई प्रति धारा रु.७,०००।०० को दरले धारा वितरण भएको पाइयो। अति विपन्न परिवारलाई खानेपानीको धारा जडान गर्ने यस कार्यक्रम सञ्चालन गर्दा पालिकाले विपन्न परिवार छनौटको निश्चित आधार र मापदण्ड तयार नगरी तथा लाभग्राहीको निवेदन समेत माग नगरी वडा समितिले गरेको एकमुष्ठ निर्णयको आधारमा खानेपानीका धारा वितरण गरेको पाइयो। अतः लाभग्राही छनौटका आधार अवलम्बन गरी अनुदान पाउन योग्य लाभग्राही छनौट गरी अनुदानको समुचित उपयोग हुने परिस्थिति सिर्जना गर्नुपर्नेमा सो वेगर लाभग्राही छनौट गरी खर्च गरेको नियमसम्मत देखिएन।

९६ **नर्म्स फरक पारी बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि लगायतका कुराहरु उल्लेख गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ भने नियम ९७(४) मा निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्घि कर ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले कृषकहरुलाई इनार वोरिङ्ग तथा स्यालो वोरिङ्ग कार्यक्रम अन्तर्गत स्यालो वोरिङ्ग जडान कार्यको लागि लागि लागत अनुमान तयार गर्दा स्यालो वोरिङ्गको वोर होल खन्ने कार्यको स्वीकृत जिल्ला दररेट अनुसार प्रति रनिङ्ग मिटर रु.३९७।०० कायम गर्नुपर्नेमा प्रति रनिङ्ग मिटर रु.२,२६८।०० राखी दर विश्लेषण गरेको पाइयो। यसरी फरक दर राखी लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा

उपभोक्ता समितिलाई बढी भुक्तानी हुन गएको पाइएकोले बढी भुक्तानी भएको रकम निम्नानुसारका उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

क्रम संख्या	गो भौ नं मिति	उपभोक्ता समितिको नाम	भुक्तानी दर	भुक्तानी हुनुपर्ने दर	फरक दर	परिमाण	उपभोक्ताको अंश/ योगदान कट्टा पछिको बढी भुक्तानी रकम
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमतर्फ							
१	१५।२०८१।२।१३	जमना कृषि फर्म	२२६८	३९७	१८७१	१५	२१०४८.
२	१६।२०८१।२।२०	शिरोमणी कृषक समूह	२२६८	३९७	१८७१	१५	२१०४८.
३	१७।२०८१।२।२१	चाँदनी बहुउद्देश्यीय सहकारी संस्था लि	२२६८	३९७	१८७१	४५	६३१४४.
४	२०।२०८१।२।२१	शिवशक्ति कृषि समूह	२२६८	३९७	१८७१	३०	४२०९६.
५	२२।२०८१।२।२३	कट्टुवाल एकीकृत पशुपंक्षी तथा कृषि फर्म	२२६८	३९७	१८७१	१५	२१०४८.
६	२३।२०८१।२।२५	प्रगति महिला कृषक समूह	२२६८	३९७	१८७१	१५	२१०४८.
७	२४।२०८१।२।२९	महिला चेतना बहुउद्देश्यीय सहकारी संस्था लि	२२६८	३९७	१८७१	४५	६३१४४.
८	२६।२०८१।२।३०	लालीगुराँस कृषि फर्म	२२६८	३९७	१८७१	१५	२१०४८.
९	२७।२०८१।२।३१	दुर्गा शक्ति सहारा कृषक समूह	२२६८	३९७	१८७१	४५	६३१४४.
१०	२९।२०८१।३।२	स्वागतम कृषक समूह	२२६८	३९७	१८७१	१५	२१०४८.
११	३०।२०८१।३।२	कुम्विटार मिश्रित कृषक समूह	२२६८	३९७	१८७१	३०	४२०९६.
१२	४०।२०८१।३।७	नविन कृषि फर्म	२२६८	३९७	१८७१	१५	२१०४८.
१३	४१।२०८१।३।७	हाम्रो स्वावलम्बी सामाजिक उद्यमी महिला सहकारी संस्था लि	२२६८	३९७	१८७१	७५	१०५२४०.
१४	४२।२०८१।३।७	लाफा कृषि फर्म	२२६८	३९७	१८७१	१५	२१०४८.
१५	४६।२०८१।३।११	रासा एकीकृत कृषि फर्म	२२६८	३९७	१८७१	१५	२१०४८.
१६	४८।२०८१।३।१५	जनकल्याण कृषक समूह	२२६८	३९७	१८७१	४५	६३१४४.
१७	५४।२०८१।३।१९	कटहरडाँडा प्रगति कृषक समूह	२२६८	३९७	१८७१	१५	२१०४८.
१८	५५।२०८१।३।२०	मदन जिवराज आश्रित प्रतिष्ठान	२२६८	३९७	१८७१	१५	२१०४८.
१९	५६।२०८१।३।२०	समाज उद्धार कल्याण संघ	२२६८	३९७	१८७१	१५	२१०४८.
२०	५७।२०८१।३।२२	विशाल कृषि सहकारी संस्था	२२६८	३९७	१८७१	१५	२१०४८.
२१	६३।२०८१।३।२२	साना किसान कृषि सहकारी संस्था लि	२२६८	३९७	१८७१	१५०	२१०४८०.
जम्मा							९२६११२.
नगरपालिका चालु तथा पूँजीगततर्फ							
२२	१६९९।२०८१।३।१३	साझेदारी सिचाईं निर्माण उ.स.	२२६८	३९७	१८७१	८२.५	१३८९२२.
२३	५७१।२०८१।३।१९	वोरिङ्ग २ थान निर्माण उ स	२५६२	३९७	२१६५	३३	६४३००.
२४	३७६।२०८१।२।२२	पौरखी मिश्रित कृषक समूह	२२६८	३९७	१८७१	१५	२५२५८.
२५	३७९।२०८१।२।२२	रमाइलो कृषि तरकारी फलफुल तथा पशुपंक्षी कृषक समूह	२२६८	३९७	१८७१	१५	२५२५८.
२६	३८।२०८१।२।२२	ताप्लेजुङ्ग टोल मिश्रित कृषक समूह	२२६८	३९७	१८७१	१५	२५२५८.
२७	३९०।२०८१।२।२३	उपहार मिश्रित कृषक समूह	२२६८	३९७	१८७१	१५	२५२५८.
२८	३९१।२०८१।२।२४	महिमा मिश्रित कृषक समूह	२२६८	३९७	१८७१	१५	२५२५८.

२९	३९७।२०८१।२।२४	ओम टोल सुपारी सहकारी संस्था लि	२२६८	३९७	१८७१	१५	२५२५८.
३०	४११।२०८१।२।२८	सुमार्ग कृषक समूह	२२६८	३९७	१८७१	३०	४२०९६.
३१	४६९।२०८१।३।७	कालीझोडा सिचाईं वोरिङ्ग उपभोक्ता समिति	२२६८	३९७	१८७१	९	१५१५५.
जम्मा							४१२०२१.
कुल जम्मा							१३३८१३३.
						असुल गर्नुपर्ने	१३,३८,१३३

९७ **नर्म्स फरक पारी बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि लगायतका कुराहरु उल्लेख गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ भने नियम ९७(४) मा निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसारका सडक तथा सडकसँग सम्बन्धित निर्माण कार्य गराउँदा सडक विभागको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्नेमा भवन विभागको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको पाइयो। यसरी फरक नर्म्स प्रयोग गरी उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएका योजनामा उपभोक्ता समितिलाई रु.१३,३७,४७४।८२ भुक्तानी हुदाँ पालिकालाई थप व्ययभार परेको रु.

क्रम संख्या	गो भौ नं मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	परिमाण (घ.मी.)	फरक दर	जम्मा	उपभोक्ताको अंश कट्टा पछिको बढी भुक्तानी
१	१३।२०८०।५।२९	त्रिवेणी चोक सार्की खोला कल्भर्ट निर्माण उ स	PCC 1:1.5:3	१३	३६३८	४८३८५	४३५४७
२	१३१।२०८०।१०।२६	ज्योती वस्ती नाला निर्माण समिति	PCC 1:2:4	१९	1631	३०४६७	२७४२०
३	१५६।२०८०।११।०६	नौ नं पैनी मुहान मर्मत उ स	PCC 1:2:4	१२४	१६३१	२०२०१६	१८१८१४
४	१५८।२०८०।११।१	राते पैनी मुहान निर्माण उ स	PCC 1:1.5:3	३५	३४९५	१२१८०१	१०९६२१
			PCC 1:3:6	५	१२२२	६१३४	५५२१
५	१६३।२०८०।११।११	गाँजावारी पैनी मर्मत उपभोक्ता समिति	PCC 1:3:6	१३	१२२२	१५५९३	१४०३३
			PCC 1:2:4	७२	१६३१	११८१३३	१०६३२०
६	१७१।२०८०।११।१४	सडक स्तरोन्नती उ स	PCC 1:3:6	९	१२२२	१०९७४	९८७६
			PCC 1:2:4	११	१६३१	१८४९६	१६६४६
७	१७३।२०८०।११।१५	दधिराम रिमाल घरदेखि तिनपैनी उत्तर नाला निर्माण उ स	PCC 1:2:4	१०	१६३१	१६०३३	१४४२९
८	१७४।२०८०।११।१५	जलेश्वर पेट्रोल पम्प पुर्व प्लम निर्माण उ स	PCC 1:2:4	१३	१६३१	२१७२५	१९५५२
९	१७६।२०८०।११।१७	विहानी टोल रोड नं १० बाटो स्तरोन्नती उ स	PCC 1:3:6	१३	१२२२	१५३२४	१३७९१
१०	२१०।२०८०।१२।४	कल्भर्ट निर्माण उपभोक्ता समिति	PCC 1:2:4	३६	१६३१	५९०२६	५३१२३
११	२२१।२०८०।१२।९	साधुटार नेते सिस्ने जल उपभोक्ता समूह	PCC 1:2:4	११६	१६३१	१८९१३१	१७०२१८
			PCC 1:3:6	३२	१२२२	३८५४२	३४६८८
१२	२३३।२०८०।१२।१८	लाप्चेटार पैनी निर्माण उ स	PCC 1:3:6	१३	१२२२	१६००८	१४४०७
			PCC 1:2:4	५६	१६३१	९१४३४	८२२९०
१३	२३५।२०८०।१२।१८	धरधरे खोल्सी प्लम्व निर्माण उ स	PCC 1:2:4	१०	१६३१	१५७७२	१४१९५
१४	२४२।२०८०।१२।२१	विहानी टोल रोड नं ९ बाटो स्तरोन्नती उ स	PCC 1:2:4	१२	१६३१	२००९४	१८०८५
१५	२६४।२०८१।१।९	विहानी टोल रोड नं १३ नाला निर्माण उपभोक्ता समिति	PCC 1:3:6	२१	१२२२	२५८७०	२३२८३
१६	३०७।२०८१।१।	जरुवा सिचाईं पैनी जल उ स	PCC 1:2:4	८	१६३१	१२४१२	११९७१

	२८						
१७	३३८।२०८१।२।४	डुम्प्रिभोटे झलेनी पैनी मुहान निर्माण तथा मर्मत उ स	PCC 1:2:4	३१	१६३१	५१०६७	४५९६०
१८	३६४।२०८१।२।२०	७ स्थानमा कल्भर्ट मर्मत तथा निर्माण उ स	PCC 1:2:4	१३	१६३१	२०८२८	१८७४५
१९	४०१।२०८१।२।२५	नयाँ रेखा खोला वाँध निर्माण उ स	PCC 1:2:4	२२	१६३१	३५७६८	३२१९१
२०	४१०।२०८१।२।२८	सिद्ववावा प्लम निर्माण उ स	PCC 1:2:4	३९	१६३१	६३४७९	५७१३१
२१	५६२।२०८१।३।१८	वाटो मर्मत तथा सुधार उ स	PCC 1:2:4	१४	१६३१	२२७३६	२०४६३
२२	५५१।२०८१।३।१८	आइतवारे वजार व्यवस्थापन तथा स्तरोन्नती उ स	PCC 1:2:4	५४	१६३१	८८६४५	७९७८०
२३	१९१।२०८०।११।२७	मान वहादुर बिशंखे प्लम निर्माण उ स	PCC 1:3:6	११	१२२२	१३५८९	१२२३०
२४	४३२।२०८१।२।३०	वडा नं १ कल्भर्ट निर्माण	PCC 1:1.5:3	१३	३६३८	४८३८५	४३५४७
२५	४३६।२०८१।२।३१	बर्दुवाल चौक देखि सिरानको ९ नं जाने पैनी मर्मत उ स	PCC 1:3:6	४	१२२२	५१४५	४६३०
			PCC 1:2:4	२६	१६३१	४३०७५	३८७६७
जम्मा							१३३७४७५

अनियमित भएको	१३,३७,४७४.८४

९८ नर्म्स फरक पारी बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले सञ्चालन गरेका सडक निर्माणका योजनामा मेसिनद्वारा माटो खन्ने कार्यको दर विश्लेषण गर्दा फरक नर्म्स प्रयोग गरी दर विश्लेषण गरेको पाइयो। वास्तविक नर्म्स प्रयोग गरी दर विश्लेषण गर्दा माटो खन्ने कार्यको दर प्रति घन मिटर ६३.४७ कायम हुनेमा पालिकाले सम्पूर्ण योजनामा मेसिनद्वारा माटो खन्ने कार्यको दररेट ९९.५८ कायम गरी प्रति घन मिटर रु.३६.११ बढी कायम गरेको पाइयो। यसरी फरक दररेट कायम गरी निर्माण कार्य भएका निम्नानुसारका योजनामा बढी भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

क्रम संख्या	गो भौ नं मिति	उपभोक्ता समितिको नाम	माटो खन्ने कार्यको परिमाण	फरक दर	उपभोक्ताको योगदानको अंश कट्टी पछिको बढी भुक्तानी
१	१५८६।२०८१।३।७	विपद व्यवस्थापन उपभोक्ता समिति	५५५०	३६.११	१८०३६९.००
२	१४८।२०८०।११।२	बाटो ग्राभल तथा स्तरोन्नती उ स	९५१	३६.११	३०९०६.००
३	२०९।२०८०।१२।४	माल वाहक सवारीको लागि वैकल्पिक मार्ग उ स	१३२०	३६.११	४२८९८.००
४	३८३।२०८१।२।२२	हेमराज रानाको घर हुँदै डाँडा गाउँ जाने वाटो मर्मत निर्माण उ स	१८०	३६.११	५८५०.००
जम्मा					**२६००२३.००**

असुल गर्नुपर्ने	२,६०,०२३

९९ अनुपातिक कट्टी

सार्वजनिक खरिद नियामाली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले उपभोक्ता समितिसँग सम्झौता भई सम्झौताभन्दा घटी कार्य भएका निम्नानुसारका योजनामा घटी कार्यको अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा निम्नानुसारको रकम कट्टी गर्न छुट भएकोले उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

क्रम संख्या	**गो भौ नं मिति**	**उपभोक्ता समितिको नाम**	**लागत अनुमान**	**अन्तिम मूल्यांकन**	**भुक्तानी हुनुपर्ने रकम**	**भुक्तानी रकम**	**अनुपातिक कट्टी पछिको बढी भुक्तानी रकम**
१	१०३।२०८०।१०।०२	टाङटीङ सुखानी तटबन्ध उपभोक्ता समिति	३३०४३३३.००	३२७१००३.००	२९४००४२	२९५०१७८	९१७५.००.००
२	३६४।२०८१।२।२०	७ स्थानमा कल्भर्ट मर्मत तथा निर्माण उ स	६०५४८८.००	५७९०३८.००	४७२४२०	५२५७१३	५३२९३.००
जम्मा							**५३२९३.००**

असुल गर्नुपर्ने	६२,४६८

१०० घटी मू.अ.कर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२), (क), (ख), (ग) मा खरिद कार्यको वास्तविक लागत बमोजिम प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही नियमावलीको नियम ९७(६) मा बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात सहितको प्राविधिक मूल्यांकनको आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था छ। यस आ.व.मा पालिकामा उपभोक्ता समितिबाट भएका निर्माण कार्य मध्ये नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा केही योजनाहरुको भुक्तानीमा उपभोक्ता समिति तथा लाभग्राही समुदायले पेश गरेको विल भरपाईमा मू.अ.कर बिजक भन्दा बढी दरले दररेट निर्धारण गरी भुक्तानी भएको पाइयो। देहाय अनुसारको काममा उपभोक्ता समितिले पेश गरेको भन्दा रु.९८,८९३।०० बढी मु.अ.कर रकम भुक्तानी भएकोले बढी मु.अ.कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

भौ.न. र मिति	**योजना तथा उ.स.को नाम**	**निर्माण सामाग्री**	**भुक्तानी भएको मू.अ.कर रकम**	**उ.स.ले विजक पेश गरेको मू.अ.कर रकम**	**बढी मू.अ.कर रकम**
५२।२०८०।८।१७	डुगाडांगी ड्रेन तथा ब्लक निर्माण उ स	इन्टरलक कंक्रिट ब्लक	७८०५५.००	६५१७७.००	१२८७८.००
८४।२०८०।९।१३	सिमल चौक तारी डांडा अधुरा पेभेज लगाउने उ स	इन्टरलक कंक्रिट ब्लक	३११३०१.००	२४७४९१.००	६३८११.००
२११।२०८०।१२।६	जरुवा होली प्लम निर्माण उ स	सिमेन्ट	७८९३२.००	६६२४८.००	१२६८४.००
२२१।२०८०।१२।०९	साधुटार नेते सिस्ने जल उपभोक्ता समूह	सिमेन्ट	८५०३४.००	७५५१४.००	९५२०.००
जम्मा					**९८८९३.००**

असुल गर्नुपर्ने	९८,८९३

१०१ **खोलामा कफर ड्याम निर्माण**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने र त्यस्तो नर्म्स बमोजिम काम गर्दै जाँदा कुनै खास कामको लागि कुनै खास प्रकारको नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायले सम्बन्धित प्राविधिकबाट आवश्यक नर्म्स तयार गर्न लगाई त्यस्तो नर्म्स विभागीय प्रमुखबाट स्वीकृत गराउन सक्ने उल्लेख छ । पालिकाले टाङटिङ खोला पुल उत्तर वडा नं २ मा खोलामा कफर ड्याम निर्माण कार्य वापत गो.भौ.नं. ४२५।२०८१।२।२९ बाट चौरासे दोभान तटवन्धन उपभोक्ता समितिलाई रु.१९,८०,०००।०० भुक्तानी दिएको पाइयो। यस किसिमको कार्यको कुनै पनि विभागीय स्वीकृत नर्म्स नभएको साथै नदीमा खाल्डो खनी ढुंगा विछ्याउने कार्यको सम्बन्धमा पालिकाले खोला ठेक्का लगाई ढुंगा गिटी वालुवा निकालिएको र सो बाट खोलाको गहिराई बढ्न गएको कारण यस कार्यबाट नदीको वहाव कम गराई नदीजन्य पदार्थ खोलाको सतहमा वढ्न जाने विश्वासमा यस किसिमको कार्य गरेको जवाफ प्राप्त भएको छ। यसरी पालिकाले आय ठेक्का लगाई सो को प्रभावकारी अनुगमनको अभावमा अनियन्त्रित रुपमा नदीजन्य पदार्थ उत्खनन गराई विभिन्न जोखिम निम्त्याउने तथा सो बाट सिर्जित समस्या समाधानको लागि भनी यस किसिमको कुनै पनि स्वीकृत नर्म्स समेत नभएको खोलाको सतहमा खाल्डो खनी ढुंगा विछ्याएर नदीको सतह माथी उकास्ने कार्य भनी खर्च गरेको देखिन्छ। उक्त भौतिक संरचना तथा सो बाट ्प्राप्त उपलब्धिको सम्बन्धमा एकिन हुन सकिएन।

१०२ **अन्य निकायको खर्च**

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका संघ/संस्था र कार्यालयहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालयलाई विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ । बजेट विनियोजन भै संघिय तथा प्रदेश मातहत रहेका कार्यालयको लागि सामाग्री खरिद भुक्तानी गरेको थप व्ययभार परेको देखिएको रु...

गो.भौ नं.-मिति	कार्यलय/संस्थाको नाम	वापत	भुक्तानी रकम
९५९ २०८०।१०।१८	मालपोत कार्यालय	विभिन्न कम्प्युटर तथा प्रिन्टर लगायत	१४८६२६
१४१ २०८०/०६/३०	सशस्त्र प्रहरी वल	वेस क्याम्प निर्माण	२००००
५१७ २०८०/०९/२२	वडा न ८ प्रहरी चौकी	टिन छाना निर्माण खर्च बिष्णु लक्ष्मी हाडवयर	९९०००
१०८६ २०८१/०१/०९	प्रहरी चौकी सनिश्चरे	सवारी साधन मर्मत	१००१९७
जम्मा			३६७८२३

अनियमित भएको	३,६७,८२३

१०३ **गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम**

१०३.१ १५०,२०८१।०१।२६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई कार्यक्रमको लागि भूमिका सीपमूलक तालिम केन्द्र(६०८६३०७९७) संग सम्झौता गर्दा २५ जना लाई ४५ दिनको सिलाई सम्बन्धी तालिम दिने गरी रु.२९७०४८.७५ मा सम्झौता भएकोमा जम्मा २३ जनालाई ४५ दिनको तालिम प्रदान गरेको हाजिर भरपाई पेश गरेकोले सम्झौतामा तोकिएको भन्दा २ जना व्यक्तिलाई तालिम प्रदान नगरेकोले प्रति व्यक्ति रु.११८८१.९५ को दरले २ जनाको रु.२३७६४.०० भूमिका सीपमूलक तालिम केन्द्र(६०८६३०७९७)बाट असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२३,७६४

१०३.२६८,२०८०।१०।२५ गरिबी निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देहिका,२०७७ को दफा १९(१) बमोजिम कार्यलयले कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि प्रथम चौमासिक अवधिभित्र आवश्यक सेवा प्रदायक संस्था छनौट गरी सक्नुपर्ने र उपदफा २ प्रथम चौमासिक अवधिभित्र कुनै कारणवश सेवा प्रदायक संस्था छनौट हुन नसकेमा त्यसरी सेवा प्रदायक छनौट हुन नसक्नुको उचित आधार र कारण उल्लेख गरी उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले दुई महिना म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष विभिन्न कार्याक्रम सञ्चालन गरेकोमा तोकिएको अवधिभित्र संस्थाको छनौट गरी कार्यक्रम सञ्चालन गरेको नदेखिएकोले यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

१०४ **दोहोरो इन्टरनेट रकम**

२७,२०८०।०७।२७ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ बमोजिम सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयलहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क वापत प्रति विद्यालय वार्षिक रु.१२ हजार अनुदान उपलब्ध गराउने व्यवस्था छ। आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ। पालिकाले इन्टरनेट वापत विभिन्न २८ विद्यालयमा प्रति विद्यालय रु.१२००० को दरले उपलब्ध गराएको रकमको २७ विद्यालयले कुनै विल पेश गरेको देखिएन। पालिकाले पालिका भरिका सामुदायिक आधारभूत विद्यालयहरुमा इन्टरनेट जडान कार्यको लागि विभिन्न १९ विद्यालयमा इन्टरनेट जडान गरेको जनाई युनिफाइड कम्युनिकेशन प्रा.लि.(६०४२५०८२१) लाई रु.१५९३५३.२३ भुक्तानी गरेको छ। यसबाट विभिन्न १९ विद्यालयमा पालिकाले समेत इन्टरनेट जडान गरेको देखिन्छ। तसर्थ पालिकाले इन्टरनेट जडान गरेको १९ विद्यालयको एकिन गरी रु.१२०००.०० को दरले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,२८,०००

१०५ **वितरण भरपाई**

१३३९,२०८१।०२।२० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । कृषि तथा पशु कार्यक्रम अन्तर्गत वडा न ६ मा विभिन्न प्रकारका २४६० केजि धान खरिद गरेकोमा २३३६ केजि मात्र वितरण गरेको देखिएकोले बाँकी १२४ केजिको प्रति केजि रु.१२० को दरले रु.१४८८८.०० सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१४,८८८

१०६ **इन्धन खर्च**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ७ मा पदाधिकारीको सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकाबाट उपलब्ध हुने उल्लेख छ । पालिकाले यो वर्ष नगर कार्यपालिकाले विगत वर्षमा गरेको निर्णयका आधारमा प्राविधिक तथा वडा सचिव र शाखा प्रमुखलाई मासिक १५ लिटर तथा अन्य कर्मचारीलाई मासिक १० लिटरका दरले ईन्धन उपलव्ध गराएको देखिन्छ । पालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजनमा रु.७५ लाख वजेट विनियोजन गरी रु.७३,०३,१९८ खर्च भएको देखिन्छ। पालिकाले पदाधिकारीको इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने कर्मचारीहरुको इन्धन खर्चको मापदण्ड तयार गरेतापनि सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन पदाधिकारी इन्धनको कोटा निर्धारण गर्ने र उपयोगको विवरण खुल्ने अभिलेख राखी इन्धन खर्च नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१०७ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकामा चार पाङ्ग्रे सवारी साधन ३, व्याकहो लोडर १, ग्रेडर १ (२ वर्ष देखि विग्रिएको), ट्रिपर १ मिनिट्रक १ ट्याक्टर २, रोलर १ पानी ट्याङ्कर १ र दुई पाङ्ग्रे सवारी साधन ४६ भएकोमा यस वर्ष पालिकातर्फ सवारी साधन मर्मत कार्यालयमा रू.५५ लाख र मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन ४ लाख समेत ५९ लाख वजेट विनियोजन भएको छ । पालिकाले यो वर्ष सवारी साधन मर्मत खर्च कार्यालय शीर्षकबाट रू.५४,९६,०२२.००, मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चमा रु.३,७४,३१२.०० गरी जम्मा रू.५८,७०,३३४।०० सवारी साधन मर्मतमा खर्च गरेको छ । पालिकाले मर्मत आदेश तथा अभिलेख खाता तयार गरेको भएतापनी सालवसाली मर्मत अभिलेख खाता तयार गरेको कारण शूरुवाट हालसम्म मर्मत गरेको एकमुष्ठ अभिलेख तयार गरेको छैन ।मर्मत कार्य गर्दा मापदण्ड तयार गर्ने र प्रतिस्पर्धात्मि तवरवाट सेवा आपुर्तकको छनौट गर्ने र सवारी साधनको मर्मत अभिलेख मलेपफा नं को ढाँचामा तयार गरी मर्मत खर्च व्यवस्थित र मितव्ययी बनाउनु पर्दछ ।

१०८ **मसलन्द तथा कार्यालय सामग्री खरिद**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिदमा रु.६५,७८,००० वजेट विनियोजन गरी रू.६५,६९,३२०.०० खर्च गरेको छ। पालिकाले यो वर्ष सिलवन्दी दरभाउपत्रको माध्यमवाट सम्झौता गरी रु. १३,३३,५७५।०० मात्र गरीद गरेको देखियो । उक्त रकम भन्दा वाँकी रु. ५२,३५,७४५।०० सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मिक रुपले खरिद गर्नु पर्दछ।

१०९ **उपकरणको प्रयोग**

पालिकाले यस आर्थिक वर्षमा पालिकाको स्वामित्वमा रहेका पानी ट्याङ्कर १, रोलर १ तथा ग्रेडर १ तथा व्याकहो लोडर थान १ तथा टिपर १ रहेको देखिन्छ । उल्लिखित मेशिनरी उपकरणको प्रयोग गरी वर्ष भरिमा रु.५३७४५० आम्दानी गरेको छ । पालिकाबाट विवरणअनुसार नगरप्रमुखज्यूको आदेशबाट पानी ट्याङ्कर १०७।५० दिन, व्याक हो लोडर ६७२।५० घण्टा र ट्रिपर हाइवा ३४।५० दिन निःशुल्क प्रयोग भएको भाडा वापत रु १२८०४०० वरावरको भाडा निशुल्क प्रदान गरेको देखिन्छ । त्यसैगरी, ट्रिपर मिनी र ट्र्याक्टरहरु फोहोरमैला व्यवस्थापनका लागि प्रयोग भएको देखिन्छ । यसरी मेशिनको प्रयोगअनुसार आम्दानी प्राप्त नहुनु र निःशुल्करुपमा मेशिनको प्रयोग भएको योजना तथा स्थान र सोको प्राविधिक मुल्याङ्कन गरेको विवरण खुलेको छैन यसवाट विभिनन्न स्थानमा भएका निर्माण कार्य सोमा उपभोक्ता समितिको लागत सहभागितामा दोहोरो भुक्तानी हुने सम्भावना समेत देखिन्छ । अतः पालिकाले आगामी दिनमा तोकिएको दररेटअनुसार आम्दानी प्राप्त भएपछि मात्र मेशिनको प्रयोग गर्न दिने तथा निःशुल्क परिचालन गर्नेसम्बन्धमा स्पष्ट व्यवस्था गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

११० **बैठक भत्ता**

कार्य सञ्चालन निर्देशिका, २०७७ मा कानून बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको लागि कार्यालय समय बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराउनुपर्ने र एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारीमात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि भत्ता उपलब्ध गराउने छैन भनी उल्लेख छ । त्यसैगरी समितिको बैठकमा विषयविज्ञ बाहेकका आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता पाउने छैन भनी उल्लेख छ । पालिकाले यस वर्ष कर्मचारीको बैठकको लागि रु. १४,४१,५९५.०० खर्च गरेको देखिन्छ ।

- पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गर्ने गरेको पाइयो ।
- बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छैन।

• बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरुबाट समेत बैठक बसी खर्च गरेको पाइयो ।

• विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धी एकिकृत अभिलेख तयार गर्नु पर्दछ ।

तसर्थ, पालिकाले बैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालन तथा सार्वजनिक खर्च मितव्ययी बनाउँनु पर्दछ ।

१११ **प्रेस सल्लाहकार**

प्रदेश नम्बर १ को गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा नगरपालिकाको हकमा प्रमुख र उपप्रमुखले पालिकाको राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ भने सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन । पालिकाले यस वर्ष प्रेश सल्लाहकार श्री नन्दलाल खतिवडालाई नियुक्त गरी मासिक रु २५,००० का दरले चाडपर्व खर्च र पोशाक समेत रु. ३,३५,००० पारिश्रमिक भुक्तानी दिएको छ । यसरी कानूनमा नभएको थप कर्मचारी राखि भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु...

अनियमित भएको	३,३५,०००

११२ **अवलोकन भ्रमण खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं.१०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले यस वर्ष जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण गरी रु.१७,३३,५२६।०० खर्च लेखेको छ । कानुनमा जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अध्ययन अवलोकन भ्रमणको लागि छुट्टै व्यवस्था रहेको पाइएन। अध्ययन अवलोकनपछि पालिकाले सिकाईसम्बन्धी प्रतिवेदन तयार गरी पेश गरेको छैन। अतः यसरी हुने अध्ययन अवलोकन भ्रमणलाई उपलब्धिमूलक बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

कार्यक्रमको नाम	वजेट खर्च शिर्षक	खर्चको स्रोत	वजेट रकम	भुक्तानी रकम
भ्रमण खर्च (अध्ययन भ्रमण)	२२६१९	राजस्व बाँडफाँड - संघीय सरकार	१०,००,०००.००	९,०७,६६३.००
न्यायिक समिति अध्ययन अवलोकन भ्रमण	२२५२२	नेपाल सरकार - समानिकरण अनुदान	३,५०,०००.००	२,२५,८६३.००
जेष्ठ नागरिक भ्रमण	२२५२२	नेपाल सरकार - समानिकरण अनुदान	२,५०,०००.००	२,५०,०००.००
शैक्षिक अवलोकन भ्रमण (शैक्षिक पात्रो २०८० बमोजिम)	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार	३,००,०००.००	३,००,०००.००
ना र डेरी उधोग स्थापना गर्न अध्यन अवलोकन भ्रमण	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार	१,००,०००.००	९०,०००.००

११३ **आन्तरिक लेखापरीक्षणबाट देखिएका थप व्यहोराहरु**

११३.१ पुराना अभिलेखहरुको डिजिटाइजेशन (जन्म दर्ता मृत्यु दर्ता तथा बसाइसराइ सम्बन्ध विच्छेद विवाह) जस्ता घट्ना दर्ताको स्क्यान तथा अपलोड) :

यस कार्यको लागि भौ नं. १२९४ मिता २०८१/०२/०९ मा प्रयास आरम्भ प्रा लि बाट प्रति स्क्यान तथा अपलोडको लागि जम्मा १०८५५ स्क्यान तथा अपलोडको रु.२६५६८६ भुक्तानी भएको देखिन्छ ।कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्य सम्पन्न हुने सम्मका कार्य मौजुदा रहेका कम्प्युटर अपरेटर, एम आइ एस अपरेटर जस्ता पदबाट सम्पन्न गराउँदा मितब्ययी हुनेमा सो नगरी बाहिरी फर्म सस्थासँग सेवा लिइ कार्य गराउँदा कार्यलागत बढेको देखिन्छ । कम लागतमा बढी कार्य गराउने दक्षता नगरपालिकाले हासिल गर्नुपर्दछ।

११३.२ पुँजीगत तर्फ देखिएका व्यहोराहरु: तारजाली, हेम्पपाइप लगायतका सामग्री नगर तथा निर्माण समिति बाट खरिद भएको देखिन्छ । यस्ता सामग्री पटक पटक उपभोक्ता समिति मार्फत खरिद गरी एको पाइयो । नगरबाट यस्ता सामग्री कति मात्रामा आवश्यक पर्ने हो सो को ब्यवस्थित योजना वनाएर खरिद ऐन तथा नियमावलीमा भएको ब्यवस्थाको पालना गर्दै ठेक्का प्रक्रिया बाट खरिद गर्नुपर्ने देखिन्छ ।

• नगरपालिका आफुले लगाएका ठेक्काहरु लागत अनुमानको तुलनामा कमी अङ्कमा सम्झौता भएकोमा लागत अनुमानको बाँकी रकम बराबरको नीतिगत निर्णयका आधारमा भेरिएसन आदेश जारी गराएर सोही निर्माण व्यवसायिबाट काम गराएको समेत देखिएको छ । यस्ता बचत भएका रकम एकमुष्ठ गरेर खरिद ऐन नियमावलीको प्रक्रिया पुरा गर्दै कुनै नयाँ कार्य गर्न सकिनेमा सो तर्फ नगरपालिकाको ध्यान गएको देखिएन । सो तर्फ नगरपालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

• विभिन्न वडा बाट सन्चालन भएको कालोपत्रे सडक निर्माण जस्ता कार्यहरु सार्वजनिक खरिद कानुन बमोजिम ठेक्का प्रक्रिया बाट नभइ उपभोक्ता समितिबाट गरी एकाले कानुन पालना गरी निर्माण कार्य भएको नदेखिएकोले कानुन पालनामा नगरपालिकाले ध्यान दिनुपर्दछ ।

• अधिकांश कार्यको लागत अनुमान तयार गर्दा आवश्यक ड्रईङ्ग डिजाईन तयार गरी तयार भएको नदेखिएकोले लागत अनुमान तयार गर्दा त्यस्ता ड्रईङ्ग डिजाईन तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ । प्राविधिक कागजातहरु लागत अनुमान, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन नम्बरीङ्ग नभएको र मिति समेत उल्लेख नभएको देखियो ।

११३.३ कार्य सम्पन्न प्रतिवेदन- १५५, २०८१/०१/३० सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। मा मकै बालि प्रवर्धन कार्यक्रम मा रु.३००००० ज्योति कृषक समुहलाइ भुक्तानी भएको छ । यसमा निर्माण कार्यको लागत अनुमान भनी रु.१७८२९८ को तयार भएको छ। कार्यालय प्रमुख को स्विकृति लागत अनुमानमा भएको नदेखिएको।उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,७८,२९८

११३.४ कागजात पेश गर्नुपर्ने: ०५,२०८१/०१/१४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। मा स्थानीय तहको साझेदारीमा बाल कल्याण गृहमा आश्रित बालबालिकाका लागि संस्थागत अनुदान को लागि अपाङ्ग बाल शिक्षा सरोकार केन्द्र लाइ रु.२५००००भुक्तानी भएको छ । यसका लागि उक्त रकम के कसरी खर्च भएको बिल भरपाइ लगायतका कागजात भौचर साथ सम्लग्न नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,५०,०००

११३.५ जरिवाना भुक्तानी : कोशी प्रदेश सरकारबाट जारी सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को बुँदा नं. २१ मा बिजुली, पानी, टेलिफोनको महशुल मिटर रिडिङ पछि तोकिएको समयमानै भुक्तानी गरी रिवेट (छुट) सुविधा पाउने हकमा नियमअनुसार छुट सुविधा लिने तथा जरिवाना नतिर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले समयमा विद्युत महशुल भुक्तानी नगर्दा देहायअनुसारको पेनाल्टी(जरिवाना) व्यहोर्नु परेको छ। बजेट विनियोजन भइ सुनिश्चित भएको समयमा समेत ढिलाई गरी महशुल भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

भौ न / मिति	विवरण	रकम	कैफियत
९७०,२०८०/१२/२९	विद्युत महसुल भुक्तानी	३६४२७.०७	नेपाल विद्युत प्राधिकरण अनारमनी शाखालाइ सडक बत्ती को महशुल रु.१८२१३५ भुक्तानी हुँदा रु.३६४२७.०७ जरिवाना भुक्तानी भएकोले सो सम्बन्धित पदाधिकारी बाट असुल गर्नुपर्दछ ।
१३४९,२०८१/०२/२१	पानी तथा बिजुली थप	३००३३.९०	नेपाल बिद्युत प्राधिकरण लाइ भुक्तानी भएको रकम रु.१७५००० मध्ये रु.१७१५७७ को मात्र बिल सम्लग्न रहेकोले बाँकी बिल भए रु.३४२३ को पेश हुनु पर्दछ । सम्लग्न बिल मा पालिका सँग सम्बन्धित रहे नरहेको एकिन नभएको तराइ मधेष सम्बृद्धि भवन को रु ८४७।५० बिजुलिको बिल रकम भुक्तानी भएको र रु. ३००३३.९० रकम जरिवाना समेत भुक्तान भएको ।
जम्मा		**६६४६०.९७**	

अनियमित भएको	६६,४६०

११३.६ खरिद आदेश, दाखिला प्रतिवेदन: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। तपसिल बमोजिमको भौचरमा सम्लग्न भएको दाखिला प्रतिवेदन, खरिद आदेश, खर्च/ निकासा फाराम मध्ये कुनै एक वा सबैमा कार्यालय प्रमुखको हस्ताक्षर नभएको ले कार्यालय प्रमुखले स्विकृत भएको प्रमाण पेश हुनुपर्ने रु.

भौ न / मिति	विवरण	रकम	कैफियत
१२९०,२०८१/०२/०९	कार्यालय सामाग्री खरिद वडा न. 1	९८५३८	Creative Signage Nepal P. Ltd बाट रु 98538 को कन्टेन्ट म्यानेजमेन्ट सफ्टवेयर थिम Android Mobile Tv Application लगायत खरिद गरेको मा सो को खरिद आदेश दाखिला प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	९८,५३८

११४ अन्य कार्यालयको ईन्धन खर्च

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालय तथा कार्यालय मातहतका निकायहरुलाई मासिक रुपमा निम्नानुसारको ईन्धन खर्चको भुक्तानी दिएको छ। अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरी एको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालयहरुलाई ईन्धन वापत मासिक १०० देखी १५० लिटर सम्म ईन्धनको कुपन प्रदान गर्ने गरेको देखिन्छ । सो ईन्धनको विल कार्यकलयको विल सगै प्राप्त गरी भुक्तानी गरेको देखिन्छ । यसरी छूट्टै वजेट व्यवस्थापन भै स्थापना भएका कार्यालयहरुमा पालिकावाट मासिक कोटा निर्धारण गरी ईन्धन खर्च गरेको नियम सम्मत नदेखिएको रु…

सि न	कार्यलय/संस्थाको नाम	ईन्धन वापत वार्पिक परिमाण	औषत मूल्यका आधारमा खर्च रकम १६० तथा १७५ का दरले
१	प्रहरी चौकी सनिश्चरे	१३७० लिटर	२१९२००
२	सशस्त्र प्रहरी वल वेस क्याम्प सनिश्चरे	१३२५ लिटर	२१२०००
३	प्रहरी चौकी सालवारी	२४० लिटर	४२०००
४	अस्थायी प्रहरी चौकी वुट्टावारी	१६५ लिटर	२८८७५
५	सशस्त्र प्रहरी वल खुदुनावारी	३२५ लिटर	५६८७५
६	प्रहरी चौकी खुदुनावारी	२४० लिटर	४२०००
जम्मा			**५५८९५०**

अनियमित भएको	५,५८,९५०

११५ पुँजीगत बजेटबाट चालु खर्च

पालिकाले वजेट खर्च भुक्तानी गर्दा महालेखा नियन्त्रकको कार्यालयवाट जारी भएको एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या २०७५ मा भएको व्यवस्था वमोजिम सम्बन्धित खर्च शिर्षकवाट मात्र भुक्तानी गर्नुपर्दछ। नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले यो वर्ष देहाय वमोजिमका खर्चहरु पुँजीगत बजेटमा विनियोजन गरी रु १२९०५१० भुक्तानी गरेको देखियो। पँजीगत बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गोश्वारा भौचर मिनि	भुक्तानी कार्यक्रम	भुक्तानी खर्च शिर्षक	भुक्तानीको विवरण	भुक्तानी रकम
५८९ २०८१।३।२१	माछाको स्वास्थ्य परीक्षण तथा उपचारको लागि डिजिटल उपकरण	३११२३	माछापालन सम्बन्धी अन्तरकृया गोष्ठीमा	९२१९०
५४१ २०८१।३।१६	प्रस्तावमा आधारीत कार्यक्रम	३११५९	डाँग्रेवावा सेतीदेवी पाथिभरा माता धाममा धार्मिक महोत्सव खर्च	२०००००
५०८ २०८१।३।१२	विपद व्यवस्थापन	३११५९	झापा जिल्ला खेलकुद विकास समितिलाई खेलकुद कार्यक्रम	३०००००
६४३, २०८१।३।२४	श्रम अभियान निर्माण	३११३५	सनिश्चरे वजार सटर मर्मत	४०००००
६३६ २०८१।३।२३	सेवाग्राही मैत्री कार्यालय संरचना निर्माण	३११५९	हलेसी फर्निसिङ्ग फर्निचर खरिद	२९८३२०
जम्मा				**१२९०५१०**

११६ फरक खर्च शिर्षक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा संवन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका खर्च गर्दा तोकिएको शिर्षकवाट वजेट खर्च नगरी फरक खर्च शिर्षकवाट वजेट खर्च गरेको पाइएकोले पालिकाले नियमावलीले गरेको व्यवस्थाको कार्यान्वियन गरी फरक खर्च शिर्षकवाट खर्च गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

सि नं	ब उ शि नं	गो भौ नं मिति	खर्च लेख्नुपर्ने शिर्षक	खर्च लेखेको शिर्षक	खर्च रकमरु.
१	नगरपालिका चालु	१७२९।०८१।३।१४	पारिश्रमिक कर्मचारी	करार कर्मचारी सेवा शुल्क तलव	११,०३,९८५.००
२	नगरपालिका चालु	१९४९।२०८१।३।२३	कर्मचारी बैठक भत्ता	पदाधिकारी बैठक भत्ता	२,०८,७००.००
३	नगरपालिका चालु	१९९१।२०८१।३।२३	कर्मचारी बैठक भत्ता	पदाधिकारी बैठक भत्ता	४९,०००.००
जम्मा					**१३,६१,५९५.००**

११७ **वितरण भरपाई**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२८१,९३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११८ **बढी भुक्तानी**

२१, २०८०/६/९, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ।लम्पी रोग नियन्त्रणका लागि सञ्चालन गरिएको खोप कार्यक्रममा भ्याक्सिनेटरलाइ ९४३० भ्याक्सिन प्रति भ्याक्सिन रु. २० का दरले हुने आउने रु. १८८६००।०० भुक्तानी दिनुपर्नेमा रु. २०४८५०।०० भुक्तानी भएकोछ। बढी भएको भुक्तानी प्राप्त गर्ने पदमलाल राई बाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१६,२५०

११९ **सडक विद्युत महशुल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। गोश्वार भौचर न. ९७०, २०८०/१२/१९, नेपाल विद्युत प्राधिकरण अनारमणी शाखाको कुमारी बैंक खाता नं. २१३०२४५६५५७०००११ मा पालिकाको पानी तथा विजुली थप शिर्षकबाट रु. १८२१३५।०० रकम भुक्तानी गरेको देखिन्छ। सो भुक्तानीलाइ प्रमाणीत गर्ने प्रमाण कागजातमा बाँकी बक्यौदा वा कुनै विद्युत महशुल तथा बिल प्राप्त भएको छैन। यस्तो किसिमको रकम भुक्तानी गर्दा पालिकाले एकिन गरी स्पष्ट प्रमाण कागजात संलग्न नगरी भुक्तानी गर्नुपर्नेमा गरेको देखिएन। प्रमाण कागजात वेगर विद्युत प्राधिकारण अनारमणी शाखालाई भुक्तानी गरिएकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,८२,१३५

१२० **विजुली महशुल**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२६** को निर्णयले रू **२७,५२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१२१ **अग्रिम कर**

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकावाट खटिएका तथा कार्यपालिकाको निर्णय वमोजिम खटाईएका स्यमसेवकहरुलाई देहाय वमोजिमको भत्ता व्यक्तिलाई उपलव्ध गराई रु.३,९९,००० भुक्तानी गरेको छ। नगद भत्ता सम्बन्धित व्याक्तिलाई वुझाएको अवस्थामा देवान रानामगरलाई रु ६००० भुक्तानी गर्दा रु ९०० कर कट्टा गर्नुपर्नेमा रु९० मात्र कट्टी भएकाले नपुग रु ८१० सम्बन्धितवाट असुल गर्नुपर्ने देखिएको रु...

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **३,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१,७०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **२,५९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **२,५९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **२,५११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **३,४०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,४०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१,७८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,४८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,४०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **२,९१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,४०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१,८६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,४०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,४०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१,८६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **८१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८१०

१२२ **आधारभूत तह परीक्षा सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने तथा ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ।पालिकाले कक्षा ८ को आधारभूत तह परीक्षा सञ्चालन वापत संघीय सशर्त तथा नगरपालिका चालु खर्च शिर्षकबाट गरी रु.५,५५,१७४।०० खर्च गरेको पाइयो। सामुदायिक विद्यालयका ६२२ तथा संस्थागत विद्यालयका ५११ गरी कुल ११३३ जना विद्यार्थी सामेल उक्त परीक्षामा परीक्षा समितिले संस्थागत तर्फका विद्यालयबाट प्रति विद्यार्थी रु.५०० को दरले परीक्षा शुल्क उठाउने निर्णय गरेको पाइयो। परीक्षा समितिको निर्णया बमोजिम संस्थागत विद्यालयका ५१५ विद्यार्थीबाट प्रति विद्यार्थी रु.५०० को दरले हुने रु.२,५७,५००।०० उठाएको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,५७,५००

१२३ **पशु प्राविधिक भत्ता**

अर्जुनधारा नगरपालिकाको पशुपंक्षी, मत्स्य तथा कछुवा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा सर्भिलेन्स कार्यक्रम तथा थुनेलोरोग नियन्त्रणका लागि दुध परीक्षण कार्यक्रममा खटिने प्राविधिकलाई थप भत्ता रकम उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था रहेको पाइएन। कार्यविधिमा नै थप भत्ता भुक्तानी दिन मिल्ने कुनै व्यवस्था नभएको पशु प्राविधिकको दैनिक कामकाजसँग सम्बन्धित यस प्रकारका कार्यक्रममा भत्ता दिन मिल्ने देखिंदैन।तर पालिकाले निम्नानुसारका गो भौ नं र मितिबाट सर्भिलेन्स तथा थुनेलोरोग परीक्षण

कार्यमा खटिएका निम्नानुसारका प्राविधिकलाई भत्ता रकम उपलब्ध गराएको पाइएकोले नपाउने भत्ता वापत भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

क्रम संख्या	गो भौ नं मिति	कर्मचारीको नाम	भुक्तानी रकम		जम्मा	कर कट्टी पछिको रु.
			सर्भिलेन्स	थुनिलो परीक्षण		
१	१५१६।२०८१।२।३१ १५२०।२०८१।२।३१	पदम लाल राई	३३०००	३००००	६३०००	५३५५०.००
२		देवी कुमारी लिम्बु	३३०००	४५०००	७८०००	६६३००.००
३		वेनु कुमार वस्नेत	३३०००	५९०००	९२०००	७८२००.००
४		जगत खड्का	०	५०००	५०००	४२५०.००
५		झरना कुमारी लिम्बु	०	२५०००	२५०००	२१२५०.००
जम्मा						**२,२३,५५०.००**

असुल गर्नुपर्ने	२,२३,५५०

१२४ **रेविज भ्याक्सिन कार्यक्रम**

अर्जुनधारा नगरपालिकाको पशुपंक्षी, मत्स्य तथा कछुवा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ परिच्छेद ३ को बुँदा नं ३ रेबिज भ्याक्सिन कार्यमा खटिएको प्राविधिकलाई प्रतिदिन रु.१००० पारिश्रमिक उपलब्ध गराउने उल्लेख छ भने प्राविधिक वाहेक अन्यलाई भत्ता उपलब्ध गराउने सम्बन्धमा कुनै कुरा उल्लेख छैन। पालिकाले गो भौ नं ८१३।२०८०।११।२० बाट रेविज भ्याक्सिन लगाउने प्राविधिकलाई प्रतिदिन रु.१,००० को दरले रु.१,३२,०००।०० भत्ता भुक्तानी गरेको पाइयो। संलग्न फाँटवारीमा पशु प्राविधिक वाहेकका निम्नानुसारका पदाधिकारी तथा कर्मचारी समेतलाई भत्ता भुक्तानी भएको पाइएकोले नपाउने भत्ता वापत भुक्तानी भएको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

क्रम संख्या	पदाधिकारी।कर्मचारीको नाम	भुक्तानी रकम	कर कट्टी पछिको रु
१	का स शिवलाल चौधरी	११०००.००	९३५०.००
२	का स झर्ना कुमारी लिम्बु	११०००.००	९३५०.००
जम्मा			**१८७००.००**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रु **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१८,७००

१२५ **दरबन्दी भन्दा बढी कर्मचारी**

१४८,२०८१।०१।२६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्तावगर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पारित गरेको स्वास्थ्यतर्फ तराईको नगरपालिकामा स्वास्थ्य चौकिमा ६,(पालिकाम दुईवटामा १२) प्राथमिक स्वास्थ्य चौकिमा १० र नगरपालिकामा ३ जना गरी विभिन्न पदमा गरी कुल २५ दरबन्दी रहेकोमा स्थायी तर्फ ३० र करारमा ११ कर्मचारीको वार्षिक तलब तथा भत्ता भुक्तानी गरेको देखिन्छ ।उक्त रकम पालिकाले संघीय सशर्त चालु शिर्षकबाट तलबभत्ता खर्च गरेको छ । यसरी दरबन्दी भन्दा बढी स्थायी अधिकृत स्तर छैटौ ३ जना र सहायक स्तर पाँचौ १ जनाको बार्षिक तलब भत्ता रु.२९४२७३१।०० र करार तर्फ विभिन्न

११ जनाको बार्षिक रु.४३२०८००.०० सहित जम्मा रु.७२,६३,५३१।०० स्वास्थ्य तर्फ दरबन्दी भन्दा बढी संख्यामा कर्मचारी पदपुर्ति गरी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७२,६३,५३१

१२६ नपाउने बैठक भत्ता

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१२७ बढी भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **१६,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१२८ कर छुट

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ८ को दक्ष जनशक्ति उत्पादन तथा स्वरोजगार कार्यक्रम अन्तर्गत मोटर ड्राइभिङ्ग तालिम कार्यक्रम वापत गो भौ नं ८२६।२०८०।११।२२ बाट जानकी मोटर ड्राइभिङ्ग सेन्टरलाई रु.१,७६,९९२।०० भुक्तानी दिएको पाइयो। मू अ कर सहितको लागत अनुमान रहेकोमा सम्बन्धित फर्मको विभिन्न पान विल बाट भुक्तानी गरेकोमा १५ प्रतिशतको दरले हुने रु.२६,५४८।०० कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा रु.२,६५४ मात्र कट्टा गरेको पाइएकोले नपुग कर रकम रु.२३,८९४।०० सम्बन्धित फर्मबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२३,८९४

१२९ कर कट्टी

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ३ को दलित वर्ग उत्थान कार्यक्रम अन्तर्गत मोटर ड्राइभिङ्ग तालिम कार्यक्रम वापत गो भौ नं १६१४।२०८१।३।९ बाट श्री कन्काई ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर एण्ड स्कुल लाई रु.३,०९,७३५।०० भुक्तानी दिएको पाइयो। मू अ कर सहितको लागत अनुमान रहेकोमा सम्बन्धित फर्मको विभिन्न पान विल बाट भुक्तानी गरेकोमा १५ प्रतिशतको

दरले हुने रु.५२५००।०० कर कट्टा गरी रु.२,९७,५००।०० भुक्तानी गर्नुपर्नेमा कर वाहेकको रु.३,०९,७३५ मात्र बजेट खर्च लेखी पुनः सो बाट रु.४,६४६ कर कट्टा गरी भुक्तानी गर्दा समेत उक्त फर्मलाई रु.७,५८९ बढी भुक्तानी भएको पाइएकोले बढी भुक्कानी भएको रकम सम्बन्धित फर्मबाट असूल हुनुपर्ने रु..

असुल गर्नुपर्ने	७,५८९

१३० **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले किसान सुचीकरण कार्यक्रम अन्तर्गत खटिएका निम्नानुसारका व्यक्तिलाई सेवाशुल्क भुक्तानी गरेकोमा आयकर ऐनमा भएको व्यवस्था बमोजिम १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरी भुक्तानी दिएको पाइएकोले नपुग कर वापतको रकम रु सम्बन्धितबाट असूल गरी दाखिला हुनुपर्ने रु.

क्रम संख्या	गो भौ नं मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	नपुग कर रकम
१	१५७३।२०८१।३।६ १७२२।२०८१।३।१० १७७२।२०८१।३।१६	प्रतिक्षा खनाल	३५६४६.००	५१५०.००
२		अस्मिता ओस्ती	३०९६३.००	४३३४.००
३		पवित्रा सेलवाल	१२११७.००	१६३५.००
४		युगेश खनाल	२४९००.००	३५६१.००
जम्मा				**१४,६८०.००**

असुल गर्नुपर्ने	१४,६८०

१३१ **कर छुट**

आयकर ऐन, २०५८ को दफा ८८ (१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत,भाडा,रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्रि बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ७ को एडभान्स व्युटीसियन प्रशिक्षण तालिम र सिलाई कटाई प्रशिक्षण कार्यक्रम वापत गो भौ नं १५३३।२०८१।३।२ बाट न्यु याङ्सी ट्रेड सेन्टरलाई रु.२,५०,०००।०० भुक्तानी दिएको पाइयो। मू अ कर सहितको सम्झौता भएको यस तालिम कार्यक्रम वापतको भुक्तानीमा उक्त फर्मले कर विजक पेश नगरी विभिन्न खरिद कार्यका विल पेश गरेको पाइयो । अतः आयकर ऐन अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतले हुने रु.३७,५००।०० कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा अग्रिम आयकर वापत रु.२,७५०।०० मात्र कट्टा गरेको पाइएकोले नपुग कर वापतको रकम रु.३३,७५०।०० सम्बन्धित फर्मबाट असूल हुनुपर्न रु..

असुल गर्नुपर्ने	३३,७५०

१३२ **आन्तरिक लेखापरीक्षणबाट देखिएका थप व्यहोराहरु**

१३२.१ चालु तर्फ: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। चालु खर्च परीक्षण गर्दा आन्तरिक लेखापरीक्षणबाट देहाय बमोजिमका व्यहोराहरु औल्याइएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म पनि सोको फर्छौट नगरेकोले आन्तरिक लेखापरीणबाट देखिएका निम्न व्यहोराको सम्बन्धमा सोको उल्लेख भएको व्यहोरा बमोजिमको आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने रु.

गो भौ न / मिति	खर्च शिर्षक	विवरण	रकम रु.
१९२५/२०८१/०३/२१	महिलाहरुका लागि सिप विकास तालिम	महिलाहरुका लागि सिप विकास तालिम सन्चालन गरी रु.१८६१७२ कर्मचारी शान्ती गड्तौला लाइ भुक्तानी भएको छ । यसमा रु.१७७६८५ मात्र को बिल भरपाइ सम्लग्न भएकोले बाँकी रु.८४८७ भरपाइ भए भरपाइ अन्यथा कर्मचारी शान्ती गड्तौला बाट असुल गर्नुपर्ने रु.	८४८७
८८५,२०८०/१२/०२	तेलहन बाली उत्पादन कार्यक्रम	संकल्प कृषक समूहले रु.४२००० बुझी भरपाइ पेश गर्दा विना कार्कीले रकम रु.६०० बुझेको भरपाइ तयार भए पनि बूझेको हस्ताक्षर नदेखिएकोले असुल गर्नुपर्ने रु.	६००
१००७,२०८०/१२/२२	कृषि उत्पादन तथा प्रवर्धन कार्याक्रम वडा न ७	वडा न ७ को कृषि उत्पादन तथा प्रवर्धन कार्यक्रका लागि एशिएन एग्रो सिड्स प्रा लि बाट रु १५१८०० को प्रत्येक ११ पिस का दरले करेला काक्रो भिण्डी घीरौला फर्सी वोडी खरिद भएको (विल केरमेट तथा परिमाण स्पष्ट नभएको) खरिद भइ भुक्तानी भएको छ । सो को वितरण गरेको भरपाइहरु सबैमा बुझ्ने ब्यक्तिको हस्ताक्षर देखिदैन । वितरण गरेको भरपाइमा परिमाण समेत नखुलेकोले परिमाण खुलेको वितरण भरपाइ पेश हुनुपर्ने रु.	१५१८००
११८०/२०८१/०१/२४	वडा न ६ योजना फलोअप तथा डेलिगेशन	यसका लागि जम्मा ५ पाना भएको माइन्युट र ३ वटा खाजा खानाको बिल सम्लग्न भएको छ । माइन्युटको पाना १ मा उपस्थिति जम्मा १४ जनाको भएको र उक्त माइन्युटमा उपस्थिति बाहेक अन्य कुरा नभएको आधा भन्दा बढी भाग खालि रहेको । पाना ३ मा १६ जनाको उपस्थिति मात्र भएको मिति र माइन्युटका अन्य ब्यहोरा नदेखिएको । पाना ४ मा गत आ व २०७९/०९/१० को यस आ व सँग असम्बन्धित माइन्युट भएको । पाना ५ मा मिति उल्लेख नभएको ५ जनाको उपस्थिति हस्ताक्षर भएको माइन्युट पेश भएको । यी आधारमा स्यामुन्ने होटलको मिति १०८०/१२/०१ १२/१५ र २०८१/०१/०५ को १६० खाना रु २०० का दरले रु ३२००० र खाजा १६० रु १०० का दरले रु १६००० गरी जम्मा रु ४८००० भुक्तानी कर्मचारी रोशन कुमार सिलवाललाइ भएको छ । कर्मचारीले होटल लाइ रकम बुझाएको भरपाइ समेत नदेखिएको । बिल रकमलाइ पुष्टी गर्ने उपयुक्त कागजात पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.	४८०००
१८१९/२०८१/०३/१७	लक्षित समुहलाइ विधुतिय अपराध सम्बन्धी विविध जानकारीमुलक सचेतनामुलक कार्यक्रम	यस मा रु.२९७००० दलित नगर उपभोक्ता समितिलाइ भुक्तानी भएको देखिन्छ । फरफारकमा पेश भएको विल को जोड जम्मा हेर्दा रु.२७५४४० मात्र देखिन्छ । फरफारकमा रु.२१५६० बराबरको बिल भरपाइ नपुग देखिएकोले सो पेश हुनुपर्ने अन्यथा दलित नगर उपभोक्ता समिति बाट असुल गर्नुपर्ने रु.	२१५६०
१८०९/२०८१/०३/१७	बालमैत्री अर्जुनधारा नगर अभियान	यसका लागि कर्मचारी सुर्यमाला पन्धाक ले रु.२९४४०० रकम भुक्तानि लिनुभएको छ । फरफारकमा रु.२८६५०० को मात्र बिल भरपाइ पेश भएकोले नपुग रु.७९०० को बिल भरपाइ भए पेश गर्नु पर्दछ अन्यथा असुल गर्नुपर्ने रु.	७९००
१९५४,२०८१/०३/२३	कार्यालय सामाग्री सन्चालन अतिथि सत्कार	भौ न १०६५ र १९५४ गरेर जम्मा रु.९९००० मनिष खतिवडा लाइ भुक्तानी भएकोमा रु.८४६२० को मात्र कागजात पेश भएकोले रु.१४३८० बराबरको कागजात भए पेश हुनु पर्ने अन्यथा मनिष खतिवडा बाट असुल हुनुपर्ने रु.	१४३८०
		जम्मा रु.	**२५२७२७.००**

प्रमाण पेश नगरेको	२,५२,७२७

१३२.२ **लम्पी स्कीन डिजिज खोप खरिद:** सार्वजनिक खरिद नियमावलीको नियम ८४ मा सार्वजनिक निकायले रु.२० लाख सम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य, वा जुनसुकै सेवा खरिद गर्दा खरिद ऐनको दफा ४० को प्रक्रिया पुरा गर्दै खरिद गर्नुपर्नेमा २ वटा खरिद सूचना वमोजिम र एकपटकको खरिद सोझै खरिद गरी जम्मा रु.११२४७५० तथा दोस्रो पटक रु.४०२००० समेत रु.१५२६७५०.०० भुक्तानी भएको देखिन्छ। पालिकाले प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने तर्फ ध्यान जानुपर्दछ।

गोश्वरा भौचर र मिति	विवरण	परिमाण	दर	रकम
२२/२०८०/०६/०९	LSD Vaccine Neethling 25 Dose	१२०	३१५०	३७८०००
५८/२०८०/१६/१६	LSD Vaccine Neethling 25 Dose	१९०	२५७५	४८९२५०
५७/२०८०/१६/१६	LSD Vaccine Neethling 25 Dose	१००	२५७५	२५७५००
२२/२०८०/०६/०९	LSD Vaccine Neethling 25 Dose	१२०	३१५०	३७८०००
२२/२०८०/०६/०९	5 ML Disposable Syringe	१५००	५	७५००
२२/२०८०/०६/०९	Needle 18G 1 MM	३०००	४	१२०००
५८/२०८०/१६/१६	5 ML Disposable Syringe	५००	५	२५००
५८/२०८०/१६/१६	Needle 18G 1 MM	५००	४	२०००
	जम्मा			१५२६७५०

१३२.३ कर कट्टी: १६८४/२०८१/०३/१२ आयकर ऐन २०८५ को दफा ८८ बमोजिम विभिन्न भुक्तानीमा तोकिए बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले कालिस्था बौद्ध गुम्बामा पुजामा सन्त बहादुर तामाङ्गलाइ रु.१००००० भुक्तानी गरेको छ ।साथै सुलभ टेन्ट हासउ का बिना मितिमा १९५०० को ४ वटा विलबाट पण्डाल र अर्को बिल बाट रु.२००० को कुर्सी गरी रु.८०००० को बिल पेश भएकोमा सोको बहाल कर रु.८००० कट्टी नभएको । बाँकी रु.२०००० को पारिश्रमिक कर रु.३००० कट्टी भएको नदेखिएकोले जम्मा रु.११००० सन्त बहादुर तामाङ्ग मार्फत असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	११,०००

१३२.४ आ इ इ सम्बन्धमा: पालिकाले विस्तृत आयोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय मूल्याङ्कन को लागि मिति २०८०/०८/१७ को भौ न ३४२ र ३४३ बाट क्रमश रु.३९२६७५ र ३९४३७० गरी जम्मा रु.७८७०४५ को भुक्तानी कर कट्टी गरी भोलानाथ इन्जिनियरिङ्ग डिजाइनर्स कन्सल्लटेन्सी प्रा लि लाइ भुक्तानी गरेको छ। खरिद कानुन बमोजिम परामर्श सेवा खरिदको प्रकिया पुरा भएको देखिने कागजातहरु भौचर साथ समाबेश भएको देखिएन। खरिद नियमावलीको पालना गरेको नदेखिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७,८७,०४५

१३२.५ उपभोक्ता समितिलाई मुअ कर: : सार्वजनिक खरिद नियामाली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। लागत अनुमानमा मु अ कर समाबेश भएको तर फरफारकमा पेश भएको बिल मु अ कर बिजक नभएकोले असुल गर्नुपर्ने रु.

भौ न / मिति	विवरण	असुल रकम	कैफियत
१६०८,२०८१/०३/०९	कार्यालय सन्चालन तथा विविध	३३७४.२८	अर्जुनधारा उद्योग बाणिज्य संघको भवन निर्माण गर्दा तयार भएको लागत अनुमान मु अ कर सहित रु ३३८४८ भएको छ । जसमा उपभोक्ता समितिको अंश रु ३८४८ रहेको छ । अर्जुनधारा उद्योग बाणिज्य संघ उपभोक्ता समितिले फरफारकमा पेश गरेको पान बिल रु २५९५६ को १३ प्रतिशतले हुन आउने मु अ कर रु ३३७४.२८ सम्बन्धित बाट असुल गरी दाखिला गर्नु पर्ने ।

असुल गर्नुपर्ने	३,३७४

१३३ आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

१३३.१ इन्धन खर्च : सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी कार्यालयले कुपन काटी कतिपय कुपनमा गाडी नं. समेत उल्लेख नगरी यस वर्ष इन्धनमा खर्च गरेको छ। कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी उदेश्य पुरा गर्न सक्ने लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

१३३.२ लेखा ढाँचाको फारम: अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, को दफा ३२ ले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आय र व्ययको आवधिक विबरण महालेखा परिक्षक कार्यालय बाट स्वीकृत ढाँचामा तयार गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७६ मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महानियन्त्रक कार्यालयको सिफारीसमा महालेखापरिक्षकबाट स्विकृत भएको ढाँचामा राखु पर्ने उल्लेख छ । स्विकृत भएको मध्ये आवश्यक पर्ने ढाँचाहरु सबै प्रयोग भएको देखिएन । प्रयोग भएका ढाँचाहरुसमेत उक्त ढाँचाले राखेको उदेश्य हरु पुरा हुन सक्ने गरी तयार गरेको देखिएन।

१३३.३ मर्मत आदेशः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अ तभिलेखयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. २ तयार नगरी सवारी साधन मर्मत मेशिनरी तथा औजार मर्मत संभार समेत खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१३३.४ पदाधिकारीहरुको अनुगमन बापतको रकम : गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ मा पदाधिकारीहरुले नगरपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने ब्यवस्था रहेको छ । नगरका पदाधिकारीले पारिश्रमिक पदाधिकारी शिर्षक बाट मासिक रुपमा यस्ता सुविधा लिँदा अनुगमन प्रतिवेदन भौचरका साथमा रहेको देखिएन । नियमको पालना गरेर मात्र यस्ता भत्ता हरु भुक्तानी गरी नु पर्दछ ।

१३३.५ विविध खर्च: (बिबिध सभा समारोह संचालन खर्च समेत) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी प्रत्येक बिललाइ माइन्युट तथा उपस्थिति समेत पुगेको कागजात नराखी नगरपालिकाले जारी गरेको कुपनका आधारमा मात्र भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

१३३.६ सुझाव कार्यान्वयन: नगरपालिकाको आ व २०७९/८० को जिन्सी निरीक्षण प्रतिवेदन मार्फत दिएको सुझावहरुको आंशिक कार्यानव्यन भएको देखिएको छ। गत आ व को जिन्सी निरीक्षण प्रतिवेदनमा लिलामी गर्नुपर्ने भन्ने उल्लेख भएका Item हरुको आ व ८०/८१ मा लिलामीको कार्य भएको देखिएन। पालिकाले गरेको जिन्सी निरीक्षण समितिको प्रतिवेदनमा स्वास्थ्य शाखामा आएका सामग्रीहरु औषधीहरुको दाखिला पालिकाको मुख्य जिन्सी इकाइमा हुने गरेको नदेखिएको। त्यस्ता मुख्य जिन्सी इकाइमा दाखिला नभएका सामग्रीको हकमा जिन्सी निरिक्षण प्रतिवेदनले समेट्न नसकेको अवस्था देखियो । ती सामग्रीको हकमा छुट्ट जिन्सी निरीक्षण समेत नभएकोले सो सम्बन्धमा आन्तरिक लेखा परिक्षणको क्रममा एकिन गर्न सकिएन। पेश भएको आ व ८०/८१ को जिन्सी निरिक्षण प्रतिवेदनमा तपसिल बमोजिमका सुझावहरु उल्लेख भएको देखिन्छ । प्रतिवेदनमा भएका सुझावहरुको पुर्ण कार्यान्वियन गर्ने तर्फ पालिकाको ध्यान केन्द्रित हुनु पर्दछ ।

स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरी ने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाइ विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुशारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गरी नुपर्ने उल्लेख छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी कार्यान्वियन गरेको देखिएन।यस सम्बन्धमा भएका अन्य व्यहोराहरु निम्न छन:

• स्थानीय सरकार सन्चालन ऐनको दफा ११ अनुशार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । तोकिएबमोजिमको ढाँचामा गरेको पाइएन ।

• पालिकाले सेवा समेतको बार्षिक कार्यक्रम अनुशारको भौतिक प्रगति तयार गरेको पाइएन । लेखाको योजनागत भौतिक प्रगति सुत्रबाट तयार गरेको पाइएन ।

राजश्व संकलनको विषयमा सूचना प्रविधिको प्रयोग गरी सबैकारोबार बैंकिंङ्ग प्रणाली मार्फत गरेतापनि भरपदों र विश्वसनिय अभिलेख, श्रेस्ता र कानुनले तोकेकै समयमा बैंकमा राजश्व दाखिला गरेको पाइएन।

• अन्तरसरकारी बित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा सालबसाली योजना तयार गरी खर्च गरेको पाइयो ।

• बार्षिक बजेट आवधिक योजनालाइ पुरा गर्न सक्ने गरी तयार गर्नुपर्नेमा पालिकाले बार्षिक बजेट निर्माण गर्दा त्यसतर्फ प्रयाप्त ध्यान पुगेको देखिएन ।

पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैंक खडा गरेको देखिएन ।

दिगो बिकास योजना २०१५-३० लाइ कार्यान्वयन गर्ने सन्दर्भमा संक्षलाइ आन्तरिकिकरण गर्ने र मध्यकालिन लक्ष तोकि मुल्याइन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सहितको अभिलेख देखिने गरी मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिदको गुरुयोजना र वार्षिक योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ बमोजम आर्थिक वर्ष शुरु हनुभदा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेष भित्रका निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको न्यूनतम दररेट तोक्नुर्नेमा तोकेको पाईएन।

. पालिकाले कट्टी गरेको सबै टिडिएसको इटिडिएस गरेको देखिएन । आंशिक मात्र भएको छ ।

. कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिम पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।

• कुनै रकमको भुक्तानि दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउँने छाप समेत लगाइ दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुशार गरेको पाइएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टीजेन्सी खाता राखेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुशार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको पाइएन ।

• संस्थादर्ता ऐन २०३४ को दफा ३ बमोजिम पालिकाबाट सन्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्थाअनुशार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।

• वाताबरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।

. सुशासन व्यवस्थापन तथा सन्चालन नियमावली २०६५ अनुशार नागरी क वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको देखिएन ।

• लेखापरिक्षणको समयमा सबै शाखाबाट योगदान रहनुपर्नेमा सक्रियतापुर्वक सहयोग प्राप्त नगरेकाले असहजताका बाबजुत आन्तरिक लेखापरिक्षण कार्य सम्पन्न भएको छ । लेखापरिक्षणमा माग गरी एका कागजात र जवाफ लेखापरिक्षणका बखत उपलब्ध गराउन कार्यालयले ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

• आन्तरिक लेखापरिक्षण आफैमा एउटा आन्तरिक नियन्त्रण प्रणालिको एउटा पाटो भएको तर यस शाखामा कार्य गर्ने कर्मचारी लोकसेवा आयोग बाट सिफारिस पश्चात सोझै कार्यस्थलमा आइ कार्य गरी रहेको र स्थानीय तहको आन्तरिक लेखापरिक्षण सम्बन्धी प्रयाप्त तालिमको अभाव ले गर्दा सबै खर्च परिक्षण गर्न सक्ने दक्षता अझै हासिल नभएको अवस्था छ । यसबाट समग्र परिक्षण त्यसमा पनी पूँजीगत भौचर परिक्षणमा त यसको प्रभावकारीता बढ्न सकेको देखिएन । नगरपालिकाले आफ्नो आन्तरिक लेखापरिक्षण कार्यलाइ प्रभावकारी बनाउन Advanced तालिम को व्यवस्था मिलाउनु पर्ने देखिन्छ । यसबाट आन्तरिक लेखापरिक्षण र महालेखा परिक्षक कार्यालय बाट हुने लेखापरिक्षण कार्य बिचको ग्यापलाइ कम गरी प्रभावकारीता हासिल गर्न सकिन्छ ।

• पालिकाले बजेट तयार गरी कार्यान्वयनमा ल्याएता पनि बजेट कार्यान्वयन पुस्तिका तयार गरी स्विकृत गरी सोही बमोजिम बजेट कार्यान्वयन हुन पर्नेमा सो भएको नदेखिएको ।

. पालिकाले आ व 80/81 मा नियम बमोजिम तलबी प्रतिवेदन पारित गरी भुक्तान गर्नुपर्नेमा त्यसरी तलबि प्रतिवेदन पारित नगरी भुक्तानी गरेको देखिन्छ । कानुनी ब्यवस्थाको पुर्ण पालना गर्दै तलब भत्ता भुक्तानीको ब्यवस्था मिलाउनु पर्दछ ।

पालिकाले राखेको श्रेस्ता जाँच गर्न सहज हुने किसिमले तयार गरी राखेको छैन । श्रेष्तामा कति कागजात छन् तिनका प्रमाण कागज कति रहेका छन् Summary बनाइ सोही Summary का आधारमा सिलसिलेवार राख्नुपर्नेमा सो किसिमले तयार गरेको देखिदैन । कतिपय श्रेष्तामा बिल रहेपनि सो बिललाइ पुष्टी गर्न सक्ने वस्तुनिष्ठ प्रमाण नराखि भुक्तानी भएको देखिन्छ । यसलाइ थप पारदर्शी तथा सरल बनाइ लेखापरिक्षण गर्न सहज हुने गरी श्रेष्ता तयार गर्नु पर्दछ। प्रक्रियाको पालना सँगै परिक्षण समेतमा सहजता हुनुपर्दछ। लेखालाइ अझ ब्यवस्थित बनाउन Accural Accounting system मा लेखा राख्न कानूनी अनिवार्यता गरी नुपर्दछ अनिमात्र परिक्षणको गुणस्तरमा समेत बृद्धि हुने देखिन्छ ।

१३३.७ राजश्व तथा सम्पत्ती ब्यवस्थापन: अर्जुनधारा नगरपालिकाले बनाएको अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ११ मा नगरपालिकाले निर्माण, संचालन वा ब्यवस्थापन गरेको अनुसुची १० मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा पूर्वाधार प्रयोग शुल्क र अन्य सेवा शुल्क र दस्तुर लगाइने उल्लेख छ । मासिक भाडादर अनुसुची घ मा तोकिएको छ । अर्जुनधारा वडा नं. ३ को कार्यालय परिसरमा रहेका सटरहरुको भाडादर मासिक प्रति सटर रु ३०००/- अर्जुनधारा ८ मा रहेको नयाँ कृषिबजार क्षेत्रको सटर प्रति महिना रु १५००/- तोकिएको । शनिश्चरे बजार र नगरपालिकाका स्वामित्वका वडा नं. ३ र ८ सबै सटरहरुको आ व २०७९/८० मा लिएको दरमा नै बहाल संकलन गरीने । निजहरुले तोकिएको महिनामा नै रकम बुझाएमा ५ प्रतिशत छुट गरीनेछ भने अर्को महिनामा तोकिएको दरमा नै र सो पछीको महिनामा आए सो महिना १० प्रतिशत जरिवाना, अर्को महिनामा आए २५ प्रतिशत जरिवाना हुनेछ । यो छुट र जरिवाना बहालमा लागेका सबै ब्यवसायीमा लागु हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् :

१ शनिश्चरे बजारको नयाँ भवनको सटरहरु जम्मा २८ वटा रहेका छन् । (आर्थिक ऐनमा समाबेश भएको छ) नगरकार्यपालिकाको मिति २०७६/०८/११ को बैठक बाट २८ सटरको रु ५०००० को दरले धरौटी कायम गर्ने निर्णय भएको । हाल प्रत्येक सटरको रु ५०००० को दरले हुन आउने धरौटी रकम पालिकामा रहेको अभिलेख देखिन्छ ।

२ शनिश्चरे बजारको सामुदायिक भवनमा रहेका जम्मा सटर १४ वटा रहेका छन् । (आर्थिक ऐनमा समाबेश भएको छ) यो सामुदायिक भवन पालिकाको लगत किताबमा अभिलेख देखिएको । भवन २ तल्लाको रहेको छ । भुइ तलामा सटर हरु रहेको छ । सटर बहालको सम्झौता आ ले प को क्रममा पेश भएन । यी १४ वटा सटर बहालमा दिदाँ धरौटी वापत को रकम लिए नलिएको एकिन गर्न सकिएन । बहाल सम्झौता र धरौटीका सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।यही भवनको दोस्रो तलामा एउटा हल, डान्स कक्षा सिकाउने स्थल

सन्चालनमा रहेको देखिन्छ ।उक्त स्थल बाट कुनै आय समेत प्राप्त नभएको र ती हल वा माथिल्लो तलाको प्रयोग सम्बन्धी ब्यवस्था के हो भनि प्रश्न गर्दा कुनै स्पष्ट जानकारी सहितको उत्तर आन्तरीक लेखापरीक्षणको क्रममा पेश नभएकोले सो एकिन पालिका बाट नै गरी आम्दानी प्राप्त हुने भए सो एकिन गरी प्राप्त गर्नु पर्दछ ।

३ शनिश्चरे बजारको नयाँ कृषि मण्डीमा पालिकाले ठुलो धनराशी खर्च गरी तारघेराबारा भित्र २० वटा सटर र तारघेरा बाहिर जम्मा ६ वटा ब्लकमा ७७ वटा सटर गरी जम्मा ९७ वटा सटर निर्माण भएको देखिन्छ । यी सटरहरु प्रति सटर रु १५०० प्रति महिना का दरले भाडामा लगाउने पालिकाको आर्थिक ऐनमा उल्लेख छ । हालसम्म उक्त सटर बाट बहाल आय प्राप्त भएको देखिएन । निर्मित सटर हरु के कस्ता प्रयोजनमा प्रयोग गर्न कसरी सकिने हो सो विषय सम्बन्धी कुनै कार्यविधि बनेको देखिदैन । यी सटर हरु नगर सहकारीले प्रयोग गर्ने गरेको देखिए पनि उक्त सहकारीले कुन निर्णयका आधारमा उक्त सटर प्रयोग गरेको हो सो स्पष्ट भएन ।ठूलो धनराशी खर्च गरी निर्माण गरीएको यस्ता सटरहरु बाट आय आर्जन गर्न पालिकाले विशेष पहल गर्नुपर्दछ ।

४ वडा न ३ अन्तर्गत जम्मा १२ वटा सटर हरु रहेकोमा सटर नं. ६ सम्झौता भए पनि उक्त सटर ८० श्रावण देखि २०८१ असार सम्म प्रयोगमा नआएको र अन्य सटर हरुको बहाल रकम २०८१ असार मसान्त सम्म चुक्ता भएको र बाँकी नरहेको लिखित जवाफ प्राप्त भएको छ ।

५ नगरपालिकाले बनाएका संरचना हरु कति रहेका छन् । हाल तिनिहरुको के अवस्था रहेको छ । ती संरचना भाडा मा लगाउने वा निशुल्क दिने कार्यविधि वा निर्णय राख्नु पर्दछ ।कार्यविधि वा निर्णय बमोजिम ती संरचना प्रयोग भए नभएको सम्बन्धमा कार्यलयले अनुगमन गरी आर्थिक ऐन, कार्यविधि, निर्णय बमोजिम पालिकाले निम्न बमोजिमका कार्यहरु गर्नु पर्दछ ।

* सटर बहालमा लगाउँदा प्रत्येक सटरबाट, निर्णय, आर्थिक ऐन वा सम्झौता बमोजिम धरौटी रकम लिए नलिएको । लिएको भए कार्यालयको धरौटी खातामा धरौटी रकम जम्मा भए नभएको ।

* नगरको सम्पत्तीको अभिलेख स्पष्ट विवरण सहित बुझिने गरी लगत राखेको नदेखिएकोले सो को स्पष्ट लगत राखिनु पर्दछ ।

* भाडामा रहेका सम्पत्तीको मर्मत सम्भार सम्बन्धी आवश्यक ब्यवस्था पालिकाले मिलाउनु पर्दछ ।

* मासिक भाडा मासिक रुपमा उठाइने ब्यवस्था कडाइका साथ मिलाइनु पर्दछ ।

* असुल गर्न बाँकी भाडा हरु असुली को ब्यवस्था मिलाइनु पर्दछ

६ अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन २०८० को दफा ५ ब्यवसाय करमा विभिन्न शिर्षकमा राजश्व उठाउने ब्यवस्था उल्लेख छ । ऐनले तोकेका सबै शिर्षकमा पालिकाले राजश्व उठाउन सकेको देखिदैन । उदाहरणको लागि निजी शिक्षालयहरुको आवद्धतार अभिलेखीकरण तथा नविकरण एबं बार्षिक कर को लागि विभिन्न ५ वटा शिर्षकमा राजश्व उठाएको देखिएन । ऐनमा उल्लेख भए बमोजिमको राजश्व उठाउने तर्फ पालिकाले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

७ आर्थिक ऐनको दफा ६ मा सवारी साधन कर : नगरपालिका क्षेत्रभित्र दर्ता भएको इ रिक्साको दर्ता नविकरण शुल्क तथा कर अनुसुची ५ बमोजिम सवारी साधन कर लाग्नेछ । अनुसुची ५ मा जम्मा ३ प्रकारका शुल्क देखिएकोमा सो शुल्क उठाउन पालिकाले कुनै प्रयास गरेको देखिएन ।

८ आर्थिक ऐनको दफा ८ मा मनोरन्जन कर अनुसुची ७ बमोजिम लाग्ने उल्लेख भएको देखिन्छ । अनुसुची ७ क मा सुखानी शहिद स्मृति प्रतिष्ठान पार्क अर्जुनधारा 9 र ख मा हलुवागढ पर्या पर्यटन अर्जुनधारा १ बाट मनोरन्जन कर उठाउने ब्यवस्था भएकोमा यो आ व मा हलुवागढ पर्या पर्यटन अर्जुनधारा १ बाट मनोरन्जन कर उठाएको नपाइएकोले सो बाट कति कर प्राप्त हुनु पर्ने हो एकिन गरी पालिकाले उठाउनु पर्ने देखिन्छ ।

९ आर्थिक ऐनको दफा १० मा पार्किङ्ग शुल्क अनुसुची ९ बमोजिम लिइनेछ उल्लेख भएको छ । अनुसुची ९ मा विभिन्न ४ प्रकारमा कर शुल्क लाग्ने देखिएकोमा पार्किङ्ग स्थल तोकि पार्किङ्ग शुल्क उठाएको पाइएन । सो तर्फ पालिकाले ध्यान पुर्याउनु पर्छ ।

१० पालिकाले तयार गरी लागु गरेको आर्थिक ऐन बमोजिमको राजश्व तथा शुल्क दस्तुर सोही आ व मा उठाउनु पर्दछ । उठाउन सक्ने क्षेत्र पहिचान गरी क्षमता बमोजिम कर तथा गैर कर सेवा शुल्क दस्तुर तोक्नु पर्दछ । लेखापरिक्षण अवधिभर लाइ हेर्दा, आर्थिक ऐनमा उल्लेख भएका ब्यहोराहरु अक्षरस पालना गर्ने गरी कार्यन्वययन योजना समेत तयार गरी कार्यान्वययनमा लैजानु पर्नेमा कार्यालयले त्यस तर्फ ध्यान पुर्याएको पाइएन ।

११ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐनको दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाइ प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछी सोही दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए

बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाको आन्तरिक तथा अन्तिम लेखापरिक्षणको क्रममा हरेक बर्ष यस्तो विषयमा बेरुजु लेख्ने गरेको देखिएको छ । यस पालिकाभित्र विभिन्न ठाउँमा बैंक तथा वित्तिय संस्थाका शाखा कार्यालयहरुले सेवा दिइ रहेको अवस्था छ । जम्मा गर्न प्रयास गर्दा आजको राजश्व आज नै पालिकाको प्रधान कार्यालय र प्रत्येक वडाले बैक दाखिला गर्न सक्ने अवस्था विद्यमान हुँदा हुँदै त्यस्तो हुन नसकेकोले ऐनको ब्यवस्थाको पालना गर्ने तर्फ पालिकाले विशेष ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

१३४ राजस्व सङ्कलन

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **७३,६८९.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१३५ कर विजक

३४३, २०८०/०८/१७, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५ बमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहितको प्रिन्टेड बिजक जारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विस्तृत आयोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरणिय मूल्याङ्कन कार्यको लागि अल्टिमेट डिजाईन स्टुडियो एण्ड विल्डर प्रा.लि. लाई रु. ३,९४,३७०।०० भुक्तानी गरेको पाइयो। तर ऐनमा भएको उक्त व्यवस्था विपरित सो फर्मले बिजक नं. हातले लेखेको, बिजक मिति सच्याइएको अवस्थामा समेत भुक्तानी भएको पाइएकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकम रु.४५,३७०।०० को मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४५,३७०

१३६ हाजिरि प्रमाणित नपाईएको भुक्तानी

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **१२४,७५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१३७ भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनगुमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्वेश्य, कारण र भ्रमणबाट प्राप्त हुनेसम्भावित प्रतिफल उल्लेख नगरी भ्रमण गर्ने गरेको देखिन्छ।

• गाउँतथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नुपनेगरी भ्रमण गर्नुपरेमा पालिका प्रमुखले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्विकृती गर्नुपर्नेमा सो अनसुार गर्ने नगरेको ।

• भ्रमण अभिलेख खाता अद्यावधिक नगरेको ।

• भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको अधिकांश कर्मचारी तथा पदाधिकारीले भ्रमण पश्चात भ्रमण प्रतिवेद पेश गरेको देखिदैन।

१३८ नपनउने खर्च

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१३९ **सामाजिक सुरक्षातर्फ**

१३९.१ सामाजिक सुरक्षा तथा संरक्षण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु. ३३,७३,४५,०६६।९१ खर्च भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

१३९.२ लाभग्राहीको अभिलेख : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ ।

१३९.३ एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण : कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यू भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले उक्त विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

१३९.४ निस्कृय खाता : कार्यविधिको बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा विवरण माग गर्दा थप विश्लेषण गर्न सकिएन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

१३९.५ लगत कट्टाको अभिलेख : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले

भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरी एको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८०।८१ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरी कहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ । पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

१३९.६ सार्वजनिक सुनुवाई : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

१३९.७ सामाजिक सुरक्षा भत्ता वितरण : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी पालिकामा रहेकोमा ११ वडाहरुको सामाजिक सुरक्षा भत्ता विभिन्न ६ बैङ्कबाट वितरण गराउदै आएको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरी क, जेष्ठ नागरी क दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

लाभग्राहीको प्रकार	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक		जम्मा खर्च रकम
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
जेष्ठ नागरी क	४७९१	५६९७२४४०	४८७९	५८०२८४६६	४९४४	५८७१०२४३	५०८७	६०४१२६३५	**२३४१२३७८४**
जेष्ठ दलित	३६७	२८५२२९२	३६७	२९०७३८०	३७३	२९५२६१०	३७१	२८९१७६३	**११६०४०४५**
जेष्ठ एकल महिला	५५०	४३७८३६०	५५२	४३६८८७३	५४८	४३५९७४०	५२४	४१५७४९४	**१७२६४४६७**
विधवा	१०००	७९१०८४०	१०२८	८१३१६२०	१०७४	८४५८८९२	११०२	८७१७२३६	**३३२१८५८८**
क वर्ग	२२५	२६८१२८०	२२५	२६८१८१२	२३७	२७८०६१८	२४७	२९१७४३६	**११०६११४६**
ख वर्ग	३५३	२२४१४०२	३६३	२२९२८८३	३६१	२२८५२३२	३६०	२२८७६००	**९१०७११७**
दलित बालबालिका	३६९	५५८१४६	३९२	६००५७७	४१५	६३३८१६	४२९	६५८७०६	**२४५१२४५**
लोपन्मुख जाती	३९२	४६८०२७०	३९५	४७१६१८०	३९७	४७४८१००	३९८	४७५६०८०	**१८९००६३०**
जम्मा		**८२२७५०३०**		**८३७२७७९१**		**८४९२९२५१**		**८६७९८९५०**	**३३७७३१०२२**

१३९.८ पारदर्शिता र जवाफदेहिता: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य

रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन।कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१३९.९ सामाजिक सुरक्षा मौज्दात: सामाजिकि सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा नं १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाबै वितरण कार्य सम्पन्न गरी वितरण पश्चात बाँकी रहेको रकम फिर्ता गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सानिमा वैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा यो वर्षको रिभर्स फिड नगरी रु.१,१६,१२७ बाँकी रहेको देखिन्छ । उक्त रकम पालिकाले मिति २०८१।५।२७ वाट असुल फिर्ता गरी राजस्व दाखिला गरेको देखिन्छ ।

१४० **खाद्यान्न बाली प्रवर्द्धन(मकै/धान) कार्यक्रम**

प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्याविधि,२०८० को दफा २३(७) बमोजिम कार्यक्रम सञ्चालन विधि/क्रियाकलाप/न्यूनतम मापदण्ड/प्रासाङ्गिक विषय निम्म बमोजिम हुने उल्लेख गरेको छ:(क) धानबाली प्रवर्द्धन/मकैबाली प्रवर्द्धन कार्यक्रमका लागि सशर्त बजेट हस्तान्तरण भएका तोकिएका स्थानीय तहहरुले तोकिएका कार्यक्रमहरु उत्पादन ब्लकमा सञ्चालन गर्नुपर्नेछ । यसरी उत्पादन ब्लक छनौट गर्दा भवन,बाटो,वा कूलोले ओगटेको क्षेत्र बाहेक यथासम्भव भएसम्म एक आपसमा जोडिएका जग्गाका प्लटहरुबाट बनेको हुनुपर्नेछ । प्रत्येक ब्लकको साइज धानबालीको लागि तराईमा २० हेक्टर हुनुपर्ने र मकै बालीको लागि १० हेक्टर हुनुपर्ने, (ख)उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरुको सार्वजनिक सूचना आव्हान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राहीसंग सम्झौता गरेर सञ्चालन गर्नुपर्नेछ भने त्यस्तो क्रियाकलापको लागि आवश्यक सहयोगी क्रियाकलापहरु कृषि शाखाले नियमानुसार आफैले सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ। पालिकामा यस वर्ष संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत मकैबाली प्रवर्द्धन र धानबाली प्रवर्द्धन सञ्चालन गरेका निम्न कार्यक्रमको परीक्षण गर्दा लाभग्राहीको छनौट विधि, मापदण्ड, आधार, मूल्याङ्कन, उक्त कार्यक्रमको लागि तोकिए बमोजिमको लागत अनुमान र उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरुको सार्वजनिक सूचना आव्हान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राही छनौट नगरी विगत वर्षहरुमा प्रदान गरेको लाभग्रिलाई समेत यस वर्ष पनि उक्त कार्यक्रममा अनुदान प्रदान गरेको देखिएकोले यसरी तोकीए बमोजिमको मापदण्ड विपरित धान तथा मकै बालीको लागि आवश्यक पर्ने जमिनको एकिन नगरी अनुदान दिएको रकम नियमसम्मत नदेखिएको रु.

सि.न.	लाभग्राहि समुहको नाम	जम्मा लागत	कार्यालयले व्यहोरेको रकम रु.	कार्यक्रमको नाम	कैफियत
१	श्रमजिवि कृषक समुह , अ.न.पा–०३	५४६५००.००	३०००००.००	मकैबाली प्रवर्द्धन	मकैको बिउ र अन्य सामाग्री
२	जुकेखाडी मिश्रित कृषक समुह , अ.न.पा–०३	४९४०००.००	३०००००.००	मकैबाली प्रवर्द्धन	मकैको बिउ र अन्य सामाग्री
३	ज्योती कृषक समुह , अ.न.पा–१०	४६७२५०.००	३०००००.००	मकैबाली प्रवर्द्धन	मकैको बिउ र अन्य सामाग्री
४	सिर्जना कृषक समुह , अ.न.पा–०३	७९४०००.००	४५००००.००	धानबाली प्रवर्द्धन	धानको बिउ र अन्य सामाग्री
५	अर्जुनधारा नगर विकास बहुउद्धेश्यिय सहकारी संस्था लि. , अ.न.पा–०८	८९९०००.००	४५००००.००	धानबाली प्रवर्द्धन	धानको बिउ र अन्य सामाग्री
	जम्मा रु.	**३२००७५०.००**	**१८०००००.००**		

अनियमित भएको	१८,००,०००

१४१ **खाद्य बाली उत्पादन प्रवर्द्धन विस्तार कार्यक्रम(स्थानीय कार्यक्रम)**

प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्याविधि,२०८० को दफा २३(७) बमोजिम कार्यक्रम सञ्चालन विधि/क्रियाकलाप/न्यूनतम मापदण्ड/प्रासाङ्गिक विषय निम्म बमोजिम हुने उल्लेख गरेको छ:(क) धानबाली प्रवर्द्धन/मकैबाली प्रवर्द्धन कार्यक्रमका लागि सशर्त बजेट हस्तान्तरण भएका तोकिएका स्थानीय तहहरुले तोकिएका कार्यक्रमहरु उत्पादन ब्लकमा सञ्चालन गर्नुपर्नेछ । यसरी उत्पादन ब्लक छनौत गर्दा भवन,बाटो,वा कूलोले ओगटेको क्षेत्र बाहेक यथासम्भव भएसम्म एक आपसमा जोडिएका जग्गाका प्लटहरुबाट बनेको हुनुपर्नेछ । प्रत्येक ब्लकको साइज धानबालीको लागि तराईमा २० हेक्टर हुनुपर्ने, (ख)उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरुको सार्वजनिक सूचना आव्हान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राहीसंग सम्झौता गरेर सञ्चालन गर्नुपर्नेछ भने त्यस्तो क्रियाकलापको लागि आवश्यक सहयोगी क्रियाकलापहरु कृषि शाखाले नियमानुसार आफैले सञ्चालन गर्न सक्नेछ ।पालिकामा यस वर्ष धानबाली प्रवर्द्धन सञ्चालन गरेका निम्न कार्यक्रमको परीक्षण गर्दा लाभग्राहीको छनौट विधि, मापदण्ड, आधार, मूल्याङ्कन, उक्त कार्यक्रमको लागि तोकिए बमोजिमको लागत अनुमान र उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरुको सार्वजनिक सूचना आव्हान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राही छनौट नगरी विगत वर्षहरुमा प्रदान गरेको लाभग्रिलाई समेत यस वर्ष पनि उक्त कार्य अनुदान प्रदान गरेको देखिएकोले पालिकाले आवश्यक मापदण्ड तयार गरी उपयुक्त लाभग्राहिको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

क्रस	समुह/सहकारीको नाम ठेगाना	खाद्यबाली उत्पादन प्रवर्द्धन विस्तार कार्यक्रम (स्थानीय कार्यक्रम)			
		विवरण	परिमाण	दर	जम्मा
१	उपहार मिश्रित कृषक समुह वडा नं १०	बीउ खरिद	४०० केजि	रु१२०	रु ४८०००
		विषादि खरिद			रु २५०००
		फरुवा खरिद	२० थान	रु६००	रु १२०००
		धान कुटानी पिसानी मेसिन	९ थान	रु३७०००	रु३३३०००
					जम्मा- रु ४१८०००
२	नमुना मिश्रित कृषि समुह वडा नं १	धानको बीउ	४५०केजि	रु ९०	रु४०५००
		विषादी			रु ३७१००
		जिङ्क	३६०केजि	रु १५०	रु ५४०००
		स्प्रे ट्याङ्की	१० थान	रु४५००	रु ४५०००
		मेसिनारी मिल	५ थान	रु ३५०००	रु १७५०००
		धान गोड्ने मेसिन	५ थान	रु ३६००	रु १८०००
		कम्बाइन मिल	१ थान	रु ३००००	रु३००००
				जम्मा	रु ३९९६००
३	साधुटार सिचाइ मिश्रित कृषक समुह वडा नं१	धानको बिउ	४५० केजि	रु ९०	रु४०५००
		शुक्ष्म खाद्यतत्व	४९०केजि	रु१४०	रु६८६००
		विषादि			रु ४९५००
		विद्युतिय स्प्रे ट्याङ्कि	5 थान	रु ४५००	रु २२५००
		मिल मेसिन	२ थान	२९७५०	५९५००
		जोताई	१५ बिघा	११५६६	१७३५००
				जम्मा	रु ४१४१००
४	जुकेखाडि मिश्रित कृषक समुह वडा न ३	धान काट्ने मेसिन	१ थान	रु १९००००	रु १९००००
		स्प्रे ट्याङ्की	१०	रु ३०००	रु ३००००
		धानको बिउ(जिरा मसिनो)	५००केजि	रु १५०	रु ७५०००
		विषादीरि			रु १०६०००
		होडिङ बोर्ड	१	१०००	रु १०००
				जम्मा	४०२०००
५	जनकल्याण कृषक समुह वडा नं ११	धानको बिउ	३०० केजि	रु १००	३००००
		किटनासक बिषादि			रु ३००००
		मिनिटिलर	१ थान		रु ३४००००

				जम्मा	रु ४०००००

१४२ **वडा.न.१,२ र ३ मा धान बिउ वितरण**

१४२.१बढी भुक्तानी:१४६६,२०८१।०२।२९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ। पालिकाले वडा.न.१,२ र ३ मा धान बिउ वितरण(५० प्रतिशत साझेदारीमा) कार्यको लागि साना किसान कृषि सहकारी संस्था लि.(३०३२६१२८५) लाई रु.१२,८७,०००.०० भुक्तानी गरेकोमा उक्त सहकारीले महारानी झोडा बीउ उद्योग(३०१६५२३५५) बाट खरिद गरेको परिमाण भन्दा वितरण गरेको परिमाण न्यूनदेखिएकोले उक्त न्यूनवितरण गरेको धानको मूल्य रु.५५१४८०.०० मा किसानको ५० प्रतिशत अंश कट्टा गर्दा हुने रु.२,७५,७४०।०० वितरण नगरी रकम भुक्तानी भएको देखिएकोले उक्त रकम साना किसान कृषि सहकारी संस्था लि.बाट असूल गर्नुपर्ने रु.

सि.न.	**विवरण**	**खरिद परिमाण केजि**	**प्रति केजि दर रु.**	**वितरण भरपाई**			**जम्मा वितरण केजि**	**न्यूनवितरण परिमाण केजि**	**न्यूनवितरणको रकम रु.**
				वडा न.१	**वडा न.२**	**वडा न.३**			
१	रञ्जित मंसुली	१४०००	१००	३९५९	५७६१	७५४९	१७२६९	०	०
२	गरीमा उन्नत	२१५०	१४०	८४	१८	७२	१७४	१९७६	२७६६४०.००
३	हर्दिनाथ ६	१०००	१००	७०	२४	४४	१३८	८६२	८६२००.००
४	रामधान	१५००	१००	३७७	२३१	३१४	९२२	५७८	५७८००.००
५	कालो बासमति	५००	१४०	१४१	१९८	९०	४२९	७१	९९४०.००
६	बहुगुणि धान	१०००	१००	१५०	१९८	१४३	४९१	५०९	५०९००.००
७	साम्बा मंसुली	५००	१४०	०	०	०	०	५००	७००००.००
८	गरीमा(जीरा मसिना)	५५००	१४०	२४५५	१२००	१९६६	५६२१	०	०
	जम्मा रु.								**५५१४८०.००**

असुल गर्नुपर्ने	२,७५,७४०

१४२.२माथि उल्लिखित कार्यक्रमको लागि साना किसान कृषि सहकारी संस्था लि.(३०३२६१२८५) ले कोटेशन माग गरेकोमा उक्त कोटेशनको लागि श्री महारानी झोडा साना किसान कृषि सहकारी संस्था लिमिटेडद्धारा सञ्चालित महारानी झोडा बीउ उद्योग(३०१६५२३५५) ले मिति २०८१।०३।२३(च.न.९०) मा पेश गरेको दर रेट बमोजिम गरीमा धान प्रति केजि रु.१०० मा दिन सक्ने गरी कोटेशन पेश गरेकोमा प्रति केजि रु.१४० को दरले खरिद गरेको देखिएकोले कोटेशनमा उल्लेख गरेको दर भन्दा रु.४० प्रति केजि बढीको दरले खरिद गरेको २१५० केजि धानको मूल्य रु.८६०००.०० महारानी झोडा बीउ उद्योग(३०१६५२३५५) बाट असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	८६,०००

१४३ **मौरी प्रवर्द्धन कार्यक्रम**

१३७९,२०८१।०२।२२ प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्याविधि,२०८० को दफा ५(ङ) बमोजिम कृषि सामाग्रीको हकमा अनुदानको सिमा पचास प्रतिशत हुने उल्लेख छ। पालिकाले यस वर्ष

मौरी प्रवर्द्धन कार्यक्रमको लागि श्री सतासी महिला मौरी पालन सहकारी संस्था लि.लाई छनौट गरेको छ । सहकारीले विभिन्न ३० जना किसानको लागि घार स्ट्यान्ड,मैरी घार लगायतका विभिन्न साम्रागी रु.३,४८,०००.००।०० मा खरिद गरी विभिन्न ३० जना कृषकलाई वितरण गरेको भरपाई पेश गरेको छ। पालिकाले जम्मा लागतमा ५० प्रतिशतले हुने रु.१७४०००.०० मात्र अनुदान भुक्तानी गर्नुपर्नेमा शत प्रतिशत रकम अनुदान दिएको छ। यस सम्बन्धमा पालिकाले कुनै कार्याविधि नबनाएकोले प्रदेश तथा स्थानीयमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्याविधि,२०८० को दफा ५(ङ) बमोजिम श्री सतासी महिला मौरी पालन सहकारी संस्था लि.बाट उक्त रकम असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,७४,०००

१४४ **बिल भरपाई**

५०,२०८१।०३।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ ।नविकरणिय उर्जा प्रविधि जडान वायोग्यास/विद्युतिय चुलो जडानको लागि पालिकाले प्रति घरपरिवार प्रति चुलो रु.२५,०००.०० को दरले २० वटा घरमा विद्युतिय चुलो जडान वापत रु.५०००००.०० सुर्योदय बायोग्यास तथा उर्जा विकास कम्पनि लाई भुक्तानी गरेकोमा सोको विल तथा उक्त रकम वितरण गरेको भरपाई फाइलसाथ पेश गरेको छैन । साथै पालिकाले उक्त वायोग्यास जडान गर्ने लाभग्राहि छनौटको कुनै आधार समेत पेश गरेको छैन । तसर्थ उक्त भुक्तानी रकमको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

१४५ **पाठ्यपुष्तक वितरण**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.८.३ को उपक्रियाकलाप ३.१ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ। साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ। दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा नयाँ विद्यार्थी भर्नाको यकिन गरेको पाइएन साथै कुनै विद्यालयले पुर्ण रुपमा पाठ्यपुस्तक वितरण गरेको भरपाई समेत संलग्न गरेको पाइएन। अतः पाठ्यपुस्तक खरिद गरेको विललाई मात्र आधार मानी निःशुल्क पाठ्यपुस्तक अनुदान नदिइ निकासा गरेको रकमको पाठ्यपुस्तक खरिद गरी EMIS प्रणाली बमोजिम विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन समेत गरी नुपर्दछ।

१४६ **शिक्षक दरबन्दी र पदपुर्ति**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ताइ र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजुगरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरबन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ। विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ ।

क्र स	विद्यालयको नाम	बाल विकास दरबन्दी	स्थायी कार्यरत दरबन्दी	करार	राहात	pcf	अस्थायी लियन	जम्मा पदपूर्ती	रिक्त दरबन्दी	जम्मा दरबन्दी	विद्यालय कर्मचारी	विद्यार्थी सं.
१	श्री सिंहदेवी माध्यमिक विद्यालय अर्जुनधारा - १	२	१२	०	६	०	०	२२	०	०	२	६५६
२	श्री जनता माध्यमिक विद्यालय, अर्जुनधारा - ३	२	१८	३	१	०	०	२६	०	०	२	१३२७
३	श्री अर्जुनधारा माध्यमिक विद्यालय,अर्जुनधारा-४	२	८	१	१	०	०	१४	०	०	२	२४६
४	श्री भानु माध्यमिक विद्यालय, अर्जुनधारा - ५	१	१६	१२	१	०	०	३२	०	०	२	६५१
५	श्री लक्ष्मी माध्यमिक विद्यालय, अर्जुनधारा - ६	४	१४		३	०	०	२३	०	०	२	९५०
६	श्री अर्जुनधारा संस्कृत अदर्श माध्यमिक विद्यालय- अर्जुनधारा -७	१	४	३	१	०	०	११	०	०	२	४४
७	श्री शनिश्चरे माध्यमिक विद्यालय, अर्जुनधारा - ८	३	२४	०	२	०	०	३१	०	०	२	१०४१
८	श्री कालिस्थान माध्यमिक विद्यालय, अर्जुनधारा - ९	३	१६	०	१	०	०	२२	०	०	२	२३१
९	श्री महारानीगञ्ज माध्यमिक विद्यालय, अर्जुनधारा- ११	३	१०	०	३	०	०	१८	०	०	२	३७३
१०	श्री गणेश आधारभूत विद्यालय, अर्जुनधारा - १	३	९	१	२	०	०	१६	०	०	१	२४४
११	श्री भिमले आधारभूत विद्यालय, अर्जुनधारा - ०१	१	६	१	१	०	०	१०	०	०	१	१०५
१२	श्री भानु आधारभूत विद्यालय, अर्जुनधारा -०३	२	७	२	१	०	०	१३	०	०	१	२४७
१३	श्री नवदुर्गा आधारभूत विद्यालय, अर्जुनधारा -०४	३	११			०	०	१५	०	०	१	२९४
१४	श्री आधारभूत आधारभूत कञ्चनबारी, अर्जुनधारा -०५	२	९			०	०	१२	०	०	१	१७१
१५	श्री अरुणोदय आधारभूत विद्यालय, अर्जुनधारा -०७	२	६	१	१	०	०	११	०	०	१	१६४
१६	श्री सिंहेश्वरी आधारभूत विद्यालय, अर्जुनधारा - ०२	१	३			०	०	५	०	०	१	१०२
१७	श्री सरस्वती आधारभूत विद्यालय, अर्जुनधारा -०२	१	३			०	०	५	०	०	१	७७

१८	श्री नवज्योती आधारभूत विद्यालय, अर्जुनधारा - ०२	१	३			०	०	५	०	०	१	९०
१९	श्री चन्द्रोदय आधारभूत विद्यालय, अर्जुनधारा - ०८	१	२			०	०	४	०	०	१	७४
२०	श्री लक्ष्मी आधारभूत विद्यालय, अर्जुनधारा - ०४	१	२	१		०	०	५	०	०	१	३७
२१	श्री शिवनारायण आधारभूत विद्यालय, अर्जुनधारा -०४	१	३			०	०	५	०	०	१	६५
२२	श्री समाजसेवी आधारभूत विद्यालय, अर्जुनधारा -०५	१	३			०	०	५	०	०	१	६०
२३	श्री नवज्योती आधारभूत विद्यालय, अर्जुनधारा - ०५	२	४			०	०	७	०	०	१	१३५
२४	श्री बालकल्याण आधारभूत विद्यालय, अर्जुनधारा - ०६	२	५			०	०	८	०	०	१	२१६
२५	श्री बालज्योती आधारभूत विद्यालय, अर्जुनधारा - ०९	२	३			०	०	६	०	०	१	७०
२६	श्री आधारभूत विद्यालय, अर्जुनधारा -९	१	५			०	०	७	०	०	१	१२५
२७	श्री सिंहवाहिनी आधारभूत विद्यालय - अर्जुनधारा १०	१	४			०	०	६	०	०	१	१३०
२८	श्री जुनकिरी आधारभूत विद्यालय , अर्जुनधारा -११	२	४		१	०	०	८	०	०	१	९३
	जम्मा	५१	२१४	२५	२५	०	०	३५२	०	०	३७	८०१८

१४७ दिवा खाजा कार्यक्रम

कार्याक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को २.८.७ क्रियाकलापको बुँदा नं ङ मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थीका लागि दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं (घ) मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विद्यालग व्यवस्थापन समिति अध्यक्षबाट विधार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ। साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरी एको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था भएकोमा पालिकाले दिवा खाजा वापत यस वर्ष रु.९८४७९७५।०० विभिन्न २८ विद्यालयको नाममा निकासा गरेको छ । थप निकासा दिनुभन्दा अगाडि पहिलो त्रैमासिकमा निकासा गरी एको रकम सदुपयोग भयो भएन बारे कुनै प्रतिवेदन जारी नगरी निकासा गरेको कार्य विश्वसनीय नभएको हुँदा कार्यक्रम कार्यान्वियन पुस्तिकाले व्यवस्था गरेको कुराको कार्यान्वियन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।दिवा खाजा वापतको विवरण देहाय बमोजिम रहेको छ:

विद्यालयको नाम	पहिलो साउन, भदौ	दोस्रो असोज र कार्तिक,मंसिर	तेस्रो पुष	माघ,फागुन र चैत	बैशाख, जेठ र असार	जम्मा
सिंहदेवीमा.वि, अर्जुनधारा-१	५२६२०	१२८०८०	६३४४०	१२१९८०	१०२१०५	४६८२२५
जनतामा.वि,अर्जुनधारा-३	३२१८६०	३३५३२०	१७४२६०	३६०५००	२८४१६०	१४७६१००
अर्जुनधारामा.वि,अर्जुनधारा-४	२९१६०	६३९८०	३१६२०	६८०४०	६३१०५	२५५९०५
भानुमा.वि,अर्जुनधारा-५	३५६४०	८८५२०	४३६८०	९४१००	८३६४०	३४५५८०
लक्ष्मीमा.वि,अर्जुनधारा-६	१८८८००	१९३५२०	७९९६०	१६८७८०	०	६३१०६०
अर्जुनधारासंस्कृत आदर्श मा.वि,अर्जुनधारा-७	६९४०	६९२०	४०००	७७६०	७४४०	३३०६०
महारानिगञ्जमा.वि,अर्जुनधारा-११	७०५००	८४१६०	३१९६०	८८४००	५९४९०	३३४५१०
शनिश्चरेमा.वि,अर्जुनधारा-८	१०९६४०	१३५३००	०	१९०६४०	०	४३५५८०
कालिस्थानमा.वि,अर्जुनधारा-९	४४०२०	५०६२०	२७३६०	५३७४०	४४३७०	२२०११०
अरुणोदयआ.वि,अर्जुनधारा-७	३४३२०	३५७६०	१९९००	४१९६०	३२६१०	१६४५५०
आ.विकञ्चनबारी , अर्जुनधारा-५	४४८००	९२९२०	४४७६०	८७३८०	८३२५०	३५३११०
नवदुर्गाआ.वि , अर्जुनधारा-४	११८८००	१३६६२०	४०८६०	१२७०२०	१००८६०	५२४१६०
भानु आ.वि , अर्जुनधारा-३	१२९५४०	१३७५२०	७१२४०	१३४४६०	५८०३५	५३०७९५
गणेश आ.वि , अर्जुनधारा-१	७९२४०	९८४८०	५१२४०	९२७४०	११००८५	४३१७८५
भिमले आ.वि , अर्जुनधारा-१	०	६४१००	२९३६०	५१६४०	१५५०८५	३००१८५
श्री प्राथमिक विद्यालय , अर्जुनधारा-९	३७९४०	८४०६०	२९७००	९२४००	५५९८०	३०००८०
जुनकिरीसार्वजनिक प्राथमिक विद्यालय , अर्जुनधारा-११	५१३६०	४९४२०	२७५८०	५१८२०	३६७९५	२१६९७५
सिंहवाहिनी प्राथमिक विद्यालय , अर्जुनधारा-१०	७४१२०	९०७४०	४२१४०	९२७६०	५४९४५	३५४७०५
सरस्वती प्राथमिक विद्यालय , अर्जुनधारा-२	२०९००	५५०६०	२९१००	५७९४०	४०८३०	२०३८३०
वालकल्याण आधारभूत विद्यालय , अर्जुनधारा-६	११३०६०	१३२१६०	६८६२०	१४४७२०	५७४९५	५१६०५५
नवज्योती प्राथमिक विद्यालय , अर्जुनधारा-५	३२३२०	७६९६०	४००६०	८०४८०	२८५९०	२५८४१०
चन्द्रोदय प्राथमिक विद्यालय , अर्जुनधारा-८	२६६४०	५७७२०	२९६००	५७७२०	३६५१०	२०८१९०
बालज्योती प्राथमिक विद्यालय , अर्जुनधारा-९	४०२६०	४८६४०	१४७४०	४१५००	२४५१०	१६९६५०
सिंहेश्वरी प्राथमिक विद्यालय , अर्जुनधारा-२	६१४८०	६५४८०	३३८२०	६८०६०	३८४९०	२६७३३०
लक्ष्मीप्राथमिक विद्यालय, अर्जुनधारा-४	२४७८०	२३८८०	१२२६०	२२३४०	१७३४०	१००६००
नवज्योतीप्राथमिक विद्यालय, अर्जुनधारा-२	५४८४०	५६९४०	३००४०	५४६४०	३३८५५	२३०३१५
समाजसेवीप्राथमिक विद्यालय, अर्जुनधारा-५	४६२८०	२४२२०	२३३४०	५१९००	३२३५५	१७८०९५
शिवनारायण प्राथमिक विद्यालय,	४४९२०	४३६६०	२१०२०	३९१००	१०२२४०	२५०९४०

अर्जुनधारा-४						
श्रीसप्तऋषि गुरुकुल संस्कृत वेद विद्याश्रम, अर्जुनधारा-९	०	०	०	५५४६०	३२६२५	८८०८५
जम्मा						**१८४७९७५**

१४८ **शस्यानिटरी प्याड**

२५९,२०८१।०३।२३ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई तोकिए बमोजिम वार्षिक १० महिनाको प्रति महिना १६ पिसको दरले वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष नित्य श्री सप्लायर्सबाट २४०९७ प्रति थान रु.६२.४३ को दरले रु.१६,९९,९४४.५५(मु.अ.कर सहित) मा खरिद गरेको छ । पालिकाको गत वर्षको मौज्दात १९२० र यस वर्षको खरिद गरेको २४०९७ सहित २६०१७ मध्ये यस वर्ष २०६४० वितरण गरी ५३७७ प्याड बाँकी रहको विवरण पेश गरेको छ । पालिकाले २०६४० प्याड विद्यालयलाई उपलब्ध गराएको विवरण पेश गरेतापनि उक्त प्याड तोकिए बमोजिमका विद्यार्थिले समयमा पाए नपाएको सम्बन्धमा कुनै विवरण विद्यालयले पेश गरेको देखिएन तसर्थ उक्त प्याड विद्यार्थिले तोकिए बमोजिमको गुणस्तर र परिमाणमा समयमै पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गरी एकिन गर्नुपर्दछ ।.

१४९ **प्रमाण पेश नभएको**

२७,२०८०।०७।२७ आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अधि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ बमोजिम इन्टरनेट वापत विभिन्न २८ विद्यालयलाई निकासा गरेको रकम मध्ये २७ विद्यालयले इन्टरनेट वापतको विल पेश गरेको देखिएन। १९ विद्यालयमा इन्टरनेट जडान गरेको रकमको बेरुजु कायम गरेकोले बाकी ८ विद्यालयको एकिन गरी इन्टरनेट जडान तथा शुल्क भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	९६,०००

१५० **नमुना विद्यालय विकास कार्यक्रम(प्रदेश सरकार)**

१५०.१ खरिद प्रक्रिया: कार्याक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं.९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान रकम खर्च गर्दा विद्यालयले गुरुयोजना तयार गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश सरकारले नमुना विद्यालय विकासको लागि श्री शनिश्चरे माध्यमिक विद्यालय छनौट गरी प्रत्येक वर्ष रकम उपलब्ध गराउँदै आएकोमा यस वर्ष रु.२८,८८,५१०।०० भुक्तानी गरेको छ ।उक्त रकम खर्चको सम्बन्धमा विद्यालयले गुरु योजना तयार गर्ने र सो बमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त रकम विद्यालयले गुरु योजना तयार गरी खर्च गरेको सम्बन्धमा कुनै प्रमाण भौचरमा समावेश गरेको देखिएन । विद्यालयले यस वर्ष विभिन्न शिर्षकमा रकम खर्च गरेको जनाई रु.३५,२२,२८८.०० निकासाको लागि निवेदन दिएकोमा पालिकाले यस वर्ष रु.२८,८८,५१०।०० भुक्तानी गरेको छ । तर विद्यालयले विभिन्न विल विजक तथा भरपाई पेश गरी देहाय बमोजिमको खर्च भएको जनाएको देखिन्छ:

सि.न.	खर्च गरेको शिर्षक	खर्च रकम रु.	कैफियत/खरिद प्रक्रिया
१	सिसि क्यामेरा जडान	५७३२७४.९०	सोझै खरिद
२	बाल खेल सामाग्री	२१२४४०.००	सोझै खरिद
३	बाल कक्षा बसाई व्यवस्थापन	१०००१८.००	सोझै खरिद
४	पुस्तकालय खरिद	१६५२८८.००	सोझै खरिद
५	निजि शिक्षक तथा कर्मचारी तलब	९५८०००.००	तलब भत्ता
६	स्मार्ट बोर्ड जडान	११८८०००.००	सोझै खरिद
७	नमुना विद्यालय भ्रमण कार्यक्रम	२०५०००.००	सोझै खरिद
८	विद्यालय शौन्दर्यकरण	१११५०४१.००	सोझै खरिद
९	विद्यालय तथ्याङ्क व्यवस्थापन	१६१९००.००	तलब
	जम्मा	**४६७९३६१.००**	

नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका,२०७४ को दफा ८.६ बमोजिम शिक्षक संग कार्यसम्पादन करार गर्नुपर्ने र शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई प्रोत्साहनको आधार बनाईने व्यवस्था रहेकोमा शिक्षकसंग करार सम्बन्ध गरेको देखिएन । जसले गर्दा शिक्षकलाई भुक्तानी गरेको रकम कार्यसम्पादनमा आधारित भए नभएको सम्बन्धमा एकिन हुन सकिएन । विद्यालयले खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(ख) बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा (दश लाख) भन्दा बढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनि वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ। विद्यालयले विद्यायलाई आवश्यक पर्ने विविन्न सामाग्रि खरिद गरेकोमा उक्त खरिद कार्य नियमावली बमोजिम नभएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१)(ख) पालना गर्नुपर्दछ ।

१५०.२ लागत साझेदारी: २२,२०८१।०३।२३ कार्यपालिकाको मिति २०८०।०९।०९ (बैठक संख्या १४/२०८०/०८१) को निर्णय बमोजिम स्थानीय तहको तर्फबाट २५ प्रतिशत रकम साझेदारी गर्ने निर्णय भएकोमा नमुना विद्यालयको लागि पालिकाले यस वर्ष शनिश्चरे माविलाई भुक्तानी गरेको रु.२८८८५१०.०० मा २५ प्रतिशत रकम रु.७,२२,१२८.०० पालिकाको साझेदारी कोषबाट खर्च गर्नुपर्नेमा प्रदेश सरकारबाट हस्तान्तरित चालु शिर्षकबाट मात्र खर्च गरेकोले उक्त रकम प्रदेश संञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,२२,१२८

१५०.३ प्राविधिक विल र कार्य सम्पन्न: २२,२०८१।०३।२३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। माथि उल्लिखित तथ्याङ्क बमोजिम विद्यालयले गरेको कार्य र पालिकाले भुक्तानी गरेको रकमबीचमा भिन्नता देखिएको र पालिकाले कुन शिर्षकको लागि के कति रकम भुक्तानी गरेको हो सोको खुलासा समेत गरेको देखिएन । तसर्थ नमुना विद्यालयको लागि पालिकाले यस वर्ष भुक्तानी गरेको रु.२८८८५१०.०० कुन कार्यको लागि भुक्तानी गरेको हो उक्त सम्पुर्ण कार्यको लागत अनुमान, प्राविधिक मूल्याङ्कन सहितको कार्य सम्पन्न प्रतिवेदन र अनुगमन गरेको प्रमाण पेश गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	२८,८८,५१०

१५१ **विद्यालय अनुदान निकासाको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले अन्तरगतका आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरी क लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन गरेको प्रतिवेदन देखिएन। साथै लेखापरीक्षण अवधिसम्म विद्यालयहरुको लेखापरीक्षण भएको देखिएन। पालिकाले उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरी नुपर्दछ।

१५२ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरी ने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० को बाँकी ३३ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा ११० न्यानो झोला खरिद नगरेको पालिकाबाट उपलब्ध तथ्यांकबाट देखिन्छ । पालिका अन्तर्गत रहेका खुदुनावारी र शनिश्चरे अस्पतालमा प्रसूती भएका ९८ जना सुत्केरी आमाहरुलाई ९८ वटा वितरण गरी पालिकामा ४५ वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । पालिकाले ९८ जना सुत्केरी आमाहरुलाई ९८ वटा वितरण गरेको सम्बन्धमा स्पष्ट हुन सकिएन ।४५ बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१५३ **औषधि खरिद**

१५३.१ पालिकाले आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि संघीय सशर्त चालु बजेटबाट रु.२१,५२,५५७।- (मु.अ.क. सहित) को औषधि खरिद गरेको पाइयो । यस सम्बन्धी देखिएका थप व्यहोराहरु देहायबमोजिम रहेका छन्:

१५३.२ लागत अनुमान तयारीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो किसिमको प्रक्रिया अनुसरण नगरी तीन वटा सप्लायर्स/फर्मसँग बजार दररेट माग गर्ने र प्राप्त दररेटको औषत निकाली त्यसमा २० प्रतिशत कट्टा गरी बाँकी रहेको रकमलाई लागत अनुमानको आधार बनाएको देखियो । पालिकाले यस्तै प्रकृतिका सामान अन्य सार्वजनिक निकायले खरिद गरे नगरेको र आफैले पनि पहिले खरिद गरे नगरेको सम्बन्धमा लागत अनुमान सम्बन्धी निर्णयमा कुनै कुरा उल्लेख नगरेको र माग गरी एको बजारको दररेटमा पनि फरक फरक दररेट प्राप्त भएबाट लागत अनुमानको लागि लिएको आधार विश्वसनिय भएन । यसरी लागत अनुमान तयार गर्ने कार्यमा सुधार हुनु पर्दछ ।

१५३.३ पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख

रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले सम्झौता बमोजिम स्पेशिफिकेशन र WHO-GMP Certified Company अनुसारका औषधि आपूर्ति भए नभएको सम्बन्धमा प्राविधिकबाट परीक्षण गरेर मात्र भुक्तानी दिनुपर्नेमा गरेको पाइएन । यसबाट सम्झौता बमोजिमको औषधि तोकिएको गुणस्तरमा आपूर्ति भएको भनी विश्वस्त हुन सकिएन । आगामी दिनमा सुधार गरी पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिद र दाखिलालाई व्यवस्थित बनाउनुपर्दछ ।

१५४ आय ठेक्का पुर्व तयारी

द्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को वुँदा ४ मा गाउँपालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेकोमा सो मापदण्डमा भएका सवै व्यवस्थाको पालना नगरी वातावरणीय अध्ययन प्रतिवेदनको परिमाणका आधारमा लागत अनुमान गरी २ ठेक्का आव्हान गरेको देखियो । मापदण्डमा भएका सवै व्यवस्थाको पालना गरी ठेक्का वन्दोवस्त गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

१५५ गिट्टि ढुङ्गा वालुवा ठेक्का

उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयवाट जारी भएको ढुङ्गा गिटि वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ को वुँदा ४ मा पालिका वा नगरपालिकाले उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो बर्ष नगर कार्यपालिकाको मिति २०८०।५।१६ को निर्णय वमोजिम विस्तृत परियोजना प्रतिवेदन स्विकृत गरी विभिन्न ४ वटा खोलालाई २ वटा प्याकेज वनाई कुल ३०९६७५ घन मिटर गिटि ढुङ्गा वालुवा उत्खनन कार्यका लागि कुल रु ६,५४,७३,३४८ को लागत अनुमान तयारी गरी मिति २०८०।५।२०मा आय सङ्कलनका लागि ठेक्का आव्हान गरेको देखिन्छ । सो सुचना वमोजिम कुनै पनी वोलपत्र दाताले कवोल नगरेकाले दोस्रो पटक पुन सोही लागत र परिमाणका आधारमा मिति २०८०।६।२१ मा १५ दिने सुचना निकालेको देखिन्छ । सो अविधमा समेत वोलपत्र दाखिला नभएकाले पालिकाको आन्तरीक आय सम्वन्धि कार्यविधि वमोजिम मिति २०८०।७।१३ मा डाक वडावढको सूचना प्रकाशन गरेको देखिन्छ ।सो वडावढमा समेत वोलपत्र नपरेकोले मिति २०८०।८।३ मा ४ वटा प्याकेज वनाई वोलपत्र आव्हान गरेको देखिन्छ । सो पश्चात समेत आंशिक रुपमा मात्र वोलपत्र कवोल भएको देखिन्छ भने टाङ्गटिङ्ग नदी तर्फको ठेक्का नलागेकोले कार्यपालिकाको मिति २०८१।१।२ को निर्णयानुसार विभिन्न ९ वटा प्याकेजमा आव्हान गरेको देखिन्छ भने उक्त प्याकेज मध्ये पनी २ वटा मात्र ठेक्का कवोल भै राजस्व असुल भएको देखिन्छ । पालिकाले प्रत्येक आर्थिक वर्षको सुरुहुनु अगावै ठेक्का वन्दोवस्तका लागि आवश्यक प्रकृया पुरा गर्ने , ठेक्का व्यवस्थापनका लागि उचित प्याकेजिङ्ग वा स्लासिङ्ग गरी ठेक्का व्यवस्थापन गर्नुपर्नेमा सो नगरेका कारणवाट विस्तृत परियोजना प्रतिवेदन वमोजिम सवै स्थान परिमाण र मुल्यको ठेक्का व्यवस्थापन हुन सकेको देखिएन ।पालिकाले यसतर्फ ध्यान दिई आन्तरीक आयवृद्धि गर्न समयमै ठेक्का व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१५६ अमानतवाट राजस्व असुली तथा भत्ता वितरण

अर्जुनधारा नगरपालिका नगरकार्यपालिका को मिति २०८०।५।३१ को निर्णय नम्बर १ बाट मिति २०८०।६।१ गतेबाट नदीजन्य सामग्रीहरूको उत्खनन तथा संकलनका लागि निषेधित समय समाप्त हुने भएको र नगरपालिकाबाट ठेक्का बन्दवस्त नभएसम्मका लागि नदीजन्य पदार्थको कर संकलन गर्न कर्मचारीहरूलाई बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म खटाउने तथा कर्मचारी साथ तोकिएका स्वयंसेवकसमेत खटाउने गरी निर्णय भएको देखिन्छ। उक्त कार्यका लागि कर्मचारीलाई दैनिक १२००, बिदाको दिनमा १५०० तथा

स्वयंसेवकलाई प्रचलित अध्यक्ष कामदारको ज्याला तथा खाजा भत्ता रु.५०० का दरले उपलब्ध गराउने गरी निर्णय भएको छ। सो निर्णय बमोजिम पालिकाले यो वर्ष १८ वटा नाकामा १८ कर्मचारी तथा १८ जना स्वयंसेवक खटाएको देखिन्छ। पालिकाले कर्मचारीलाई खटाई मिति २०८०।९।५ सम्म रु. ५१,६१,६७८।२६ राजस्व संकलन गरेको छ। उक्त रकम असुली गर्दा भत्ता वापत देहायका भौचरवाट रु २५,०२,६१९।०० भुक्तानी भएको देखिन्छ ।कार्यपालिकाले पुन मिति २०८०।७।१५ को निर्णय वमोजिम साविकको भत्ताको दरमा परिमार्जन गरी कर्मचारीलाई दैनिक ६०० र ५ लिटर ईन्धन तथा स्यमसेवकलाई दैनिक प्रचलित ज्याला तथा खाना खाजा स्वरुप रु ४०० भुक्तानी गर्ने गरी दर पुनरावलोकन गरेको देखिन्छ । पालिकाले एकै वर्षमा एउटै कार्य गरे वापत फरक फरक दरले भत्ता भुक्तानी गर्नु मनासिव देखिदैन । साथै कर संङ्कलनका लागि संकलित राजस्व रकको ४८.४८ प्रतिशत भत्ता भुक्तानी गरेको देखिन्छ। राजस्व सङ्कलन गर्ने कर्मचारीले सङ्कलन गरेको राजस्व रकम भोलिपल्ट वैङ्क दाखिला नगरी पौष सम्म सङ्कलन गरेको राजस्व रकम२०८१ को वैशाख जेष्ठ सम्म दाखिला गरेको देखिन्छ । यसवाट असुली भएको राजस्व रकम समयमा दाखिला नहुदा समेत कर्मचारीलाई भत्ता भुक्तानी भएको देखिन्छ। अमानतवाट राजस्व असुली गर्दा मितव्ययी तवरवाट सङ्कलन गर्नुपर्ने साथै सङ्कलन गर्दाको अभिलेख समेत व्यवस्थित गरी राजस्व प्राप्तीलाई प्रभावकारी वनाउनुपर्ने देखिन्छ ।

गो भौ नं मिति	**भुक्तानी भएको खर्च शिर्षक**	**भुक्तानी गरेको कुल रकम**
२०१,२०८०।७।२	अन्य सेवा शुल्क(२२४११)	१२,१०,२९४
६३३ २०८०।१०।७	अन्य भत्ता(२११३९)	८,९३,३२५
९७५ २०८०।१२।१९	अन्य भत्ता(२११३९)	३,९९,०००
	जम्मा	**२५,०२,६१९**

१५७ राजश्व वाँडफाँड

स्थानीय तहले प्रदेश आर्थिक ऐन, २०८० को दफा ६ बमोजिम असुल गरी विभाज्य कोषमा जम्मा गरेको रकम सम्बन्धित प्रदेशलाई ४० प्रतिशत पठाउनु पर्नेमा यो वर्ष असुल भै विभाज्य कोषमा रु.४,०६,०७,६९८।१२ दाखिला भएको देखिन्छ। विभाज्य कोषमा दाखिला भएको उक्त रकम सम्बन्धित आर्थिक वर्षमा प्रदेश संचित कोष दाखिला गरेको नदेखिएको रु१६४७०८६४।०६ लेखापरीक्षणको क्रममा बेरुजु औल्याइए पश्चात मिति २०८१।९।१६ मा प्रदेश सञ्चित कोषमा जम्मा गरेको छ। पालिकाले विभाज्य कोषमा जम्मा भएको रकम तोकिएको समयमै प्रदेश संचित कोष दाखिला गर्नुपर्दछ।

१५८ न्यूनविक्री मूल्य

पालिकाले यो वर्ष नगरपालिका नगरकार्यपालिका को मिति २०८०।५।३१ को निर्णय नम्बर १ बाट मिति २०८०।६।१ गतेबाट नदीजन्य सामग्रीहरूको उत्खनन तथा संकलनका लागि कर्मचारीलाई खटाई गिटि ढुङ्गा वालुवाको विक्रीवाट राजस्व संङ्कलन गर्ने निर्णय गरेको देखिन्छ। पालिकले कर्मचारी खटाई राजस्व सङ्कलन गर्दा कोशी प्रदेश सरकारको आर्थिक ऐनमा भएको व्यवस्था वमोजिमको दर वमोजिम गिटि प्रतिघनफिट रु ७ वालुवा प्रतिघनफिट रु.६तथा पुरुवा प्रतिघनफिट रु४ दरले रकम असुली गरेको देखियो । उक्त विक्री मूल्य निर्धारण गर्दा सोमा थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत थप गरी राजस्व संङ्कलन गर्नुपर्ने सो गरेको देखिएन । यसले गर्दा यो वर्ष अमानतवाट मिति २०८०।९।५ सम्म रु. ५१,६१,६७८।२६ राजस्व संकलन गर्दा मूल्य अभिवृद्धि कर वापत रु६७१०१८ राजस्व न्यूनअसुल भएको देखिन्छ । यसरी असुल गर्नुपर्ने भन्दा न्यून दर कायम गरेको नियम सम्मत नदेखिएको रु...

अनियमित भएको	६,७१,०१८

१५९ सम्झौता वमोजिम भाडा असुली

अर्जुधारा नगरपालिका तथा विभिन्न व्याक्ति सँग मिति २०७५।०६।०७ मा भएको भाडा सम्झौताको वुँदा नं १४ प्रत्येक वर्षको श्रावण महिनामा १० प्रतिशतका दरले भाडा वृद्धि गरिने उल्लेख छ। पालिकाले वडा नं ८ मा भएको कुल २८ वटा सटरभाडा लगाएकोमा सोहि सम्झौताका आधारमा हाल सम्म उक्त सटरभाडाहरु संचालनमा आएकोमा सम्झौता वमोजिम तोकिएको भाडा रकमको वृद्धि भाडा रकम एकिन गरि असुल गर्नुपर्नेमा असुल गरेको छैन । पालिकाले उक्त भाडा वृद्धिका सम्वन्धमा एकिन गर्नुपर्दछ ।

१६० **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ५ करोड ७५ लाख प्राप्त हुने प्रक्षेपण गरेको देखिन्छ तथापी सुत्र प्रणालीमा विभिन्न २७ शिर्षकमा १० करोड ३२ लाख २१ हजार ७५० आय अनुमान हुने गरी प्रविष्ट गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा रू.५,९७,८१,४६४।८९ अर्थात सभाले गरेको अनुमानको १०३.९६ प्रतिशत आय प्राप्त गरेको छ भने सुत्र प्रणालीमा प्रविस्ट गरेको आय अनुमान अनुसार ५७.९२ प्रतिशत मात्र असुली भएको छ । पालिकाले प्रणालीमा र वास्तविक आयको अनुमान फरक राखेकोले आय अनुमान फरक पर्न गएको छ । आम्दानीका अन्य सम्भावित स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउने र राजस्व वृद्धि गर्नु पर्ने देखिन्छ ।

१६१ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च (अन्तर सरकारी अख्तियारी वाहेक)	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४१,७४,२०,८४५.८७	५,९७,८१,४६४।८९	१४.३२

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रूपमा पहिचान भएका राजस्वका सबै श्रोतहरू उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रूपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी	आम्दानी प्रतिशत
१	११३१३ - सम्पती कर	२३००००००।००	१९२२३८७।००	८३।५८
२	११३१४ - भुमिकर/मालपोत	२५०४९५००।००	१३९१००५०।५१	५५।५३
३	११३१७ - वहाल कर	७००००००।००	४४९७४४८।९२	६४।२५
४	११३१८ - वहाल विटौरी कर	२५५००००।००	१९५९५०५।००	७६।८४
५	११६११ - व्यवसायले भुक्तानी गर्ने	१०००००।००	७३०८९।००	७३।०९
६	११६९१ - अन्य कर	३५२००००।००	४१६१४९०।५९	११८।२२
७	१३४१२ - अन्य व्यक्तिगत आन्तरिक अनुदान	०।००	१६५१५००।००	१००।००
८	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	२५१७४५०।००	४७३९५०।००	१८।८३
९	१४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	५०००।००	१०५०।००	२१।००
१०	१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	५०००।००	१७५०।००	३५।००
११	१४२१६ - निजी धारा वापतको शुल्क	२०००।००	१५०।००	७।५०
१२	१४२१८ - विद्युत सेवा शुल्क	२००००।००	९००।००	४।५०
१३	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	६२३२८००।००	१३९९६१२।९९	२२।४६
१४	१४२२१ - न्यायिक दस्तूर	२८९०००।००	१०४५००।००	३६।१६
१५	१४२२४ - परीक्षा शुल्क	७५०००।००	३२८००।००	४३।७३
१६	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	९०००००।००	६०४०००।००	६७।११
१७	१४२४२ - नक्सापास दस्तुर	१४००००००।००	६६८३७७१।१४	४७।७४
१८	१४२४३ - सिफारिश दस्तुर	१६२५१०००।००	१२२९१४९९।५०	७५।६४
१९	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	१३००००००।००	९२२९००।००	७०।९९
२०	१४२४५ - नाता प्रमाणित दस्तुर	१५८०००००।००	११५२१००।००	७२।९२
२१	१४२४९ - अन्य दस्तुर	२७००००००।००	२२२६६५३।५०	८२।४७
२२	१४२६२ - विद्युत सम्बन्धी दस्तुर	१०००।००	५००।००	५०।००
२३	१४२६५ - अन्य क्षेत्रको आय	३०००००।००	३६७३२१।००	१२२।४४
२४	१४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत	९०००००।००	३३२५००।००	३६।९४
२५	१४५२९ - अन्य राजस्व	९७२४०००।००	२०५८५४९।८९	२११।१७
२६	१४६११ - व्यवसाय कर	५८००००००।००	२८८०९३५।८५	४९।६७
२७	१५१११ - बेरूजू	१०००००।००	७०५५०।००	७०।५५
जम्मा		**१०३२२१७५०।००**	**५९७८१४६४।८९**	**५७।९२**

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०/८१ मा रू.१०,३२,२१,७५०।०० असुली हुने अनुमान गरेकोमा रू.५,९७,८१,४६४।८९ असुली गरेको छ जुन असुली अनुमानको ५७.९२ प्रतिशत हो। पालिकाले वहाल कर, सम्पत्ति कर

लगायतका शिर्षकमा आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ भने कतिपय शिर्षकमा अनुमान शुन्य देखिन्छ। आय अनुमानलाई वैज्ञानिक बनाई आन्तरिक आयलाई व्यवस्थित गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

१६३ **राजस्वको अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ सुत्रमा राजस्व अभिलेख राख्न शुरु गरे तापनि सो अघिको राजस्व असुलीको दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । उल्लेखित प्रतिवेदन हरु प्रणालीमै रहने जनाएतापनी प्रमाणित गरि नराखिएकोले पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

१६४ **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा राजस्व दाखिला र राजस्वको लेखा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । वडाकार्यालयमा नगद रकम असुल गरी राजस्व व्यवस्थापन प्रणाली तथा सुत्र प्रणालीवाट राजस्व असुलि गरिएको भएतानपनि असुली गरेको भोलिपल्ट दाखिला गर्नुपर्ने राजस्व रकम १५ दिन/ १ महिना अवधि पश्चात मात्र एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

१६५ **घर जग्गा बहाल कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले आर्थिक ऐन २०८० को दफा ४ मा समेत यव वर्ष वहालमा लाग्ने संरचनाहरु १ महिना भन्दा वढि अवधिका लागि वहालमा लगाएमा १० प्रतिशत वहाल कर असुल गरिने उल्लेख छ। पालिकाले यो वर्ष वहाल कर वापत ३० लाख आय अनुमान गरेकोमा रु.४४,९७,४४८।९२ असुली गरेको विवरण पेश भएको छ । पालिकाले वहाल कर तिर्ने करदाताको अभिलेख तयार गरी सवै करदाताले वहाल कर तिरे नतिरेको एकिन गरेको छैन । पालिकाले वहाल कर तिर्न आएका वखत मात्र कर असुली गर्ने परिपाटि भएकाले पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरि तथ्याङ्क अद्यावधिक गरि करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ ।

१६६ **विगतको वक्यौता भाडा तथा राजस्व असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।पालिकाको आर्थिक ऐन, २०८० को दफा ११ बमोजिम नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको पूर्वाधार प्रयोग गरेबापत अनुसूची १० अनुसार भाडा दररेट लिने, तोकिएको महिनामा नै भाडा रकम बुझाएमा ५ प्रतिशत छुट हुने, अर्को महिनामा तोकिएको दरमा लिने, सोपछिको महिनामा १० प्रतिशत जरिवाना र त्यसपछिको महिनामा २५ प्रतिशत जरिवाना हुने उल्लेख छ । पालिकाले तयार गरेको विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ सम्म विभिन्न व्यक्तिले प्रयोग गरेको व्यवसायिक सटर लगायतको भाडा तथा अन्य आयको वक्यौता रकम रु १४६५८४६ रहेको देखिन्छ।उक्त वक्यौता रकम साविक गाउ विकास समिति देखिनै जिम्मेवारी सर्दै आएको जनाएतापनि हाल सम्म वक्यौता असुली भएको देखिन्छ । कुल वक्यौता मध्ये वक्यौता जनाएको वडा नं ७ का सचिव श्री सस्मिता लुईटेल केसीले आर्थिक वर्ष २०८०।८१ को जेष्ठ र असार महिनामा असुल गरी बुझाउन

वाँकी रहेको रु ५१२२२७।८० वुझाएको प्रमाण अन्तिम लेखापरीक्षण सम्म पेश नभएकाले सो मा लाग्ने १० प्रतिशत व्याज रु ५१२२२ समेत थप गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको रु...

सि नं	नामथर	प्रयजन	वक्यौता रकम
१	राधेश्याम गुप्ता	नखुलेको	६८७०
२	दिपक सेन भट्टराई	नखुलेको	६६३०
३	उमानाथ भट्टराई	हाटवजार	४७५१८
४	सुर्य कुमार वस्नेत	नखुलेको	६११०१
५	दिपक राई	नखुलेको	५५७५
६	अशोक विष्ट	नखुलेको	९६९१७
७	मिलन कुमार काफ्ले	नखुलेको	१६१००१
८	लक्ष्मी खतिवडा	नखुलेको	४००००
९	विमल कुमार काफ्ले		१५०६०२
१०	लक्ष्मी खतिवडा		२००००
११	विमल कुमार काफ्ले	सयुक्त हाटवजार	१५०६०२
१२	मिलन कुइकेल साविक वुधवारे	स्थानीय सेवा शुल्क	१३४८०
जम्मा			७६०२९६

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	७,६०,२९६

१६७ **कृषि वजार संरचनाको उपयोग**

पालिकाले आफ्नो स्वामित्वमा रहेको संरचनाको पुर्ण उपयोग गर्ने र राजस्व समेत वृद्धि गर्नुपर्दछ । पालिकाले आर्थिक बर्ष २०७८।७९ मा कोशी प्रदेश सरकारको सशर्त अनुदानको रकमवाट (लागत माग गरेकोमा उपलब्ध नगराएको) निर्माण गरेको नगरपालिकाको वडा नं ८ मा रहेको कृषि हाटवजारमा ९७ वटा सटर रहेको देखियो । सो वखतमा सो स्थानमा कृषि वजार लगाउने गरी स्थापना भएकोमा हालसम्म सो स्थानमा कृषि वजार संचालन आएको देखिएन ।पालिकाले सो स्थानमा हाट वजार संचालन नगर्दा आर्थिक ऐन, २०८० को दफा ११ मा उल्लेखित उक्त सटरहरुवाट प्राप्त हुने न्युनतम प्रतिसटरको भाडा रु. १५०० मासिकका दरले हुने रु.१७,४६,००० असुल हुन सकेको अवस्था छैन । पालिकाले निर्माण भएको संरचनाको उचित उपयोग गर्ने र असुल हुने आय वृद्धि गर्ने गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६८ **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाको स्वामित्वमा सामुदायिक भवन सनिश्चरे मा १४ वटा सटर, कृषि मण्डी मा ९७ सटर, व्यवसायिक सटर वडा ८ मा २८ वटा लगायतका भवन सटरहरु रहेको देखिन्छ ।पालिकाले उक्त सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा दिएको सम्पत्तिको वास्तविक अवस्था तथा आम्दानी एकिन गर्न सकिएन ।त्यसैगरी पालिकाले यो वर्ष सवारी साधन मेशिनरी औजार भाडा शिर्षक वाट रु ३,४०,२२९.०० खर्च भएको देखिन्छ । कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको तथा दिएको अभिलेख राख्नुपर्दछ।

१६९ सामुदायिक वनबाट आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत देहाय वमोजिम राजस्व दाखिला गर्नुपर्नेमा सो दाखिला गरेको नदेखिएको साथै विगत वर्षको वक्यौता समेत एकिन गरी उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु...

सिन	समूहको नाम	कुल विक्री आय २०८०।८१	वक्यौता रकम
१	दहिझोडा सामुदायिक वन उपभोक्ता समूह	५७११८६७	५७११८६
२	हलुवागढ सामुदायिक वन उपभोक्ता समूह	११४९७०५२	११४९७०५
३	जुकेखानी सामुदायिक वन उपभोक्ता समूह	४३६९८१०	४३६९८१
४	हचुमासा सामुदायिक वन उपभोक्ता समूह	७०५९९९५	७०५९९९
५	शान्ति सामूदायिक वन उपभोक्ता समूह	४७५४८४८	४७५४८४
६	नमुना सामूदायिक वन उपभोक्ता समूह	२२३१२५०	२२३१२५
जम्मा			**३५६२४८०**

असुल गर्नुपर्ने	३५,६२,४८०

१७० व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर वापत अनुमान नगरेको र यस आर्थिक वर्षमा रू. कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायिको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१७१ विज्ञापन कर

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र रहेको व्यवसायीक विज्ञापनहरूको करका दर निर्धारण र संकलन पालिकाले गर्ने व्यवस्था भए अनुसार पालिकाले यस आ.व. मा १,८९,०००.०० मात्र असुल गरी विभाज्य कोषमा दाखिला गरेको देखिन्छ । यसवाट नगरपालिका क्षेत्र भित्र रहेका सम्पुर्ण क्षेत्र विज्ञापन करको दायराभित्र आएको देखिदैन । तसर्थ पालिकाले आर्थिक ऐनमा रहेको विज्ञापनका दर अनुसार पालिका क्षेत्र भित्र रहेको व्यवसायीक विज्ञापनहरूलाई करको दायरा भित्र ल्याई कर असुल गर्नु पर्दछ ।

१७२ क्रसर उद्योगको सूचीकरण शुल्क

अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन २०८० को दफा ५ मा भएको व्यवस्था अनुसार सो सँग सम्बन्धित अनुसूचीमा क्रसर उद्योगको नविकरण दस्तुर रु ५०००० असुल गर्ने व्यवस्था रहेको छ । पालिका क्षेत्रमा रहेको कुल ७ वटा क्रसर उद्योग मध्ये ६ वटाले कानूनमा तोकिए वमोजिम बार्षिक शुल्क वुझाएको देखिन्छ भने शितला वालुवा प्रशोधन उद्योगले आर्थिक वर्ष २०८०।८१ को शुल्क वुझाएको देखिएन । कानुन वमोजिम वार्षिक शुल्क रु ५०००० तथा विलम्व शुल्क रु १२५०० समेत कुल रु ६२५०० सम्बन्धित उद्योगवाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	६२,५००

१७३ **वक्यौता व्यवसाय कर तथा सोको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। सुत्र प्रणालीमा भएको विवरण अनुसार यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर रु.२८,८०,९३५।८५मात्र कर सङ्कलन गरेको देखिन्छ।पालिकाले व्यवसाय लगायतका करहरु सङ्कलन तथा सोको अभिलेखका लागि नगरपालिकाको राजस्व सङ्कलन प्रणाली प्रयोग गरेको छ । सो प्रणालीमा व्यवसाय वक्यौताको अभिलेख परिक्षण गर्दा कुल १८८१ करदाताको कुल रु.३०,४८,५७५(लेखापरीक्षणको समयमा) वक्यौता रहेको देखिन्छ । तथापी कतिपय करदाताको व्यवसायकर ऋणात्मक देखिएको छ भने कतिपय करदाताको वक्यौताको मूल्याङ्कन भएको देखिएन । गत आर्थिक बर्षमा व्यवसाय कर असुल भएका कतिपय व्यवसायिले आर्थिक बर्ष २०८०।८१ मा दाखिला गर्नुपर्ने व्यवसाय कर दाखिला गरेको छैन। पालिकाले समेत प्रणालीमा सुचिकृत भएका व्यवसायिको कर वक्यौता एकिन गरेको देखिएन।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरु कर तिर्न आएका वखत मात्र सुचिकृत गर्ने गरेकोले वास्तविक व्यवसायि एकिन गरी अभिलेख अध्यावधिक नभएकाले पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ। पालिकाले व्यवसायकर वक्यौताको एकिन गर्ने अभिलेख लाई व्यवस्थित गरी सम्पूर्ण वक्यौता रकम प्रचलित कानून वमोजिम जरिवाना समेत लिई असुल गर्नुपर्दछ ।

१७४ **सटर भाडा**

पालिकाको आर्थिक ऐन, २०८० को दफा ११ बमोजिम नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको पूर्वाधार प्रयोग गरेबापत अनुसूची १० अनुसार भाडा दररेट लिने, तोकिएको महिनामा नै भाडा रकम बुझाएमा ५ प्रतिशत छुट हुने, अर्को महिनामा तोकिएको दरमा लिने, सोपछिको महिनामा १० प्रतिशत जरिवाना र त्यसपछिको महिनामा २५ प्रतिशत जरिवाना हुने उल्लेख छ । पालिकाअन्तर्गत शनिश्चरे बजारको नयाँ भवनमा २८ वटा, सामुदायिक भवन (शनिश्चरे बजार) मा १४ वटा, वडा नं. ३ कार्यालय परिसरमा ११ वटा र वडा नं. ८ नयाँ कृषि बजार क्षेत्रमा ८ वटा सटरहरू रहेका छन् । पालिकाले आर्थिक वर्ष २०७५।७६ मा विभिन्न व्यक्तिहरुसँग १ बर्षको लागि सम्झौता गरेकोमा सो पश्चात सम्झौता भएको विवरण पेश भएन । पालिकाले सम्झौता अनुसारको रकम आर्थिक ऐनमा सटर भाडा तोकेको आधार प्रयोग गर्ने व्याक्तीवाट भाडा असुल गर्ने गरेको देखियो । आम्दानीका लागि आर्थिक ऐन वमोजिमको भाडाको रकमलाई न्युनतम मानी प्रतिस्पर्धात्मक तवरवाट ठेक्का मार्फत भाड असुली गर्नुपर्नेमा निरन्तर एउटै दरमा भाडा असुली गरेको मनासिव देखिदैन ।उक्त सटरहरूबाट सम्झौताअनुसारको सटर प्रयोग गरेबापत यो वर्ष सम्म असुल गर्न वाँकी रु १४०९९१४ रहेको देखिन्छ सम्बन्धित व्यक्तिहरूबाट भाडा असुल गर्नुपर्दछ। साथै, आगामी दिनमा सटरहरुलाई प्रतिस्पर्धात्मक तवरवाट भाडामा लगाउने तथा सटर भाडा रकम नतिर्नेहरुलाई सम्झौता तोडी तिर्नुपर्ने भाडा रकम असुल गर्नुपर्ने देखिएको रु...

क्र स	व्यवसायीको नाम	रकम
सामुदायिक भवन तर्फ		
१	सन्तोष श्रेष्ठ	३८७४१४
२	अर्जुन बस्नेत	१२५०००
३	आशामाया लिम्बु	५०००
४	रविन ढकाल	१३१२५०
५	सपन दे	४५०००
६	गणेश भट्टराइ र सरला ढकाल	१०५०००
क्र स	शनिश्चरे बजार तर्फ	रकम
७	आशिश मण्डल	६८७५
८	पुष्पा गुरागाँइ	९६२५०
९	अम्बिका मैनालि	६१८७५
१०	पार्वता तामाङ्ग	८००००
११	सिता खनाल	१५५०००
१२	अन्जना दे	२११२५०
जम्मा		१४०९९१४

असुल गर्नुपर्ने	१४,०९,९१४

१७५ **अग्रिम आयकर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **५,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१७६ **संस्थागत विद्यालयको राजस्व**

अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लाग्ने व्यवस्था छ । सो सँग सम्बन्धित अनुसूची ४ मा निजी विद्यालयहरुको आवद्धता र अभिलेखीकरण तथा नविकरणका लागि वार्षिक संस्थागत कर लाग्ने उल्लेख छ । पालिकाको संस्थागत विद्यालयको अभिलेख परिक्षण गर्दा देहायका २९ विद्यालयहरु रहेकोमा आर्थिक ऐनमा भएको व्यवस्था वमोजिम कर असुल गरेको देखिएन। संस्थागत विद्यालयहरुवाट प्राप्त गर्नुपर्ने संस्थागत कर तथा विलम्व शुल्क समेत रु.३,९३,७५० असुल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु...

सिन	वार्ड नं	विद्यालयको विवरण	वार्षिक शुल्क	विलम्व शुल्क	जम्मा शुल्क
१	९	ऐम्स् एजुकेशनल एकेडेमी	१५०००	३७५०	१८७५०
२	२	ब्लू हेभन एजुकेशन फाउन्डेसन अंग्रेजी स्कूल	१००००	२५००	१२५००
३	५	उज्यालो अंग्रेजी विद्यालय	१००००	२५००	१२५००
४	६	व्रिलियन्ट पुपिल्स माध्यमिक विद्यालय	१५०००	३७५०	१८७५०
५	४	देवभूमि विद्यापिठ अंग्रेजी बोर्डिङ स्कूल	१००००	२५००	१२५००
६	६	देवी पाथिभरा अंग्रेजी आधारभूत विद्यालय	१००००	२५००	१२५००
७	८	एलिट एजुकेशन फाउन्डेसन	१००००	२५००	१२५००
८	५	एभरेष्ट अंग्रेजी एकेडेमी	१००००	२५००	१२५००
९	११	सदाबहार इङ्लिस बोर्डिङ स्कुल	१००००	२५००	१२५००
१०	४	घेराबारी गोल्डेन फ्युचर एकेडेमी	१००००	२५००	१२५००
११	६	गोर्खा इंग्लिश मिडियम स्कुल	१००००	२५००	१२५००
१२	६	हिमाली शिक्षा प्रतिष्ठान	१००००	२५००	१२५००
१३	११	होलिका इङ्लिस बोर्डिङ स्कुल	१००००	२५००	१२५००
१४	५	होली बेसिल अंग्रेजी स्कूल	१००००	२५००	१२५००
१५	१०	कालिका शिशु सदन इङ्लिस स्कूल	१००००	२५००	१२५००
१६	१	खुदुनाबारी कञ्चनजङ्घा इङ्लिस बोर्डिङ स्कुल	१००००	२५००	१२५००
१७	१	लोमस पब्लिक स्कूल	१००००	२५००	१२५००
१८	६	नवनीत एकेडेमी	१००००	२५००	१२५००
१९	३	न्यु होप अंग्रेजी बोर्डिङ माध्यमिक विद्यालय	१५०००	३७५०	१८७५०
२०	९	प्रगति माध्यमिक अंग्रेजी बोर्डिङ स्कूल	१००००	२५००	१२५००
२१	२	प्रतिभा नमुना माध्यमिक विद्यालय	१००००	२५००	१२५००
२२	३	रोजबड इङ्लिस स्कुल खुदुनाबारी	१००००	२५००	१२५००
२३	७	रुपरत्न मेमोरियल बोर्डिङ स्कूल	१५०००	३७५०	१८७५०
२४	१	सिस्ने शान्ति विद्या मन्दिर	१००००	२५००	१२५००
२५	९	सिर्जना शिशु सदन	१००००	२५००	१२५००
२६	६	सुभतारा शिक्षा प्रतिष्ठान	१००००	२५००	१२५००
२७	४	सूर्य ज्योति इङ्लिस बोर्डिङ स्कुल	१००००	२५००	१२५००
२८	८	स्वस्तिक शिशु सदन	१५०००	३७५०	१८७५०
२९	६	वर्ल्ड भिजन इंग्लिश स्कूल	१००००	२५००	१२५००
			३१५०००	७८७५०	३९३७५०

असुल गर्नुपर्ने	३,९३,७५०

१७७ **अग्रिम कर कट्टी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१५,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : अर्जुनधारा नगरपालिका, झापा , अर्जुनधारा नगरपालिका , झापा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१०,७४१,९५७	३३,८५३,५८०.७५	२०,४६४,९६३.८	०	०	३,९७३,५५८
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	६९,०३४,०५९.५५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	५,३१४,९२०.८२
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	६३,७१९,१३८.७३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१९९३८७१८९.२४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	७७६४७५६३८.६५	**चालु खर्च**	८२३६३९७०५.६१
प्रदेश सरकारबाट अनुदान	४७४३५६५९.५५	**पूँजीगत खर्च**	३२३६६६९४४.११
राजश्व बाँडफाँट	१९८१६२६८१.९९	**वित्तीय/अन्य व्यवस्था**	५७०२९७५६.५७
आन्तरिक आय	५९७८१४६४.८९		
अन्य आय	३११३७१५३.२३		
कुल आय	१११२९९२५९८.३१	**कुल खर्च**	१२०४३३६४०६.२९
बाँकी मौज्दात		१०८०४३३८१.२६	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण गरी कानुनमा तोकिएको समयावधिमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने भएकाले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पताल लगायत सम्पुर्ण अन्तरसरकारी वित्तीय हस्तानतरणबाट भएको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।